# त्रिभुवन विश्वविद्यालय मानविकी
# तथा
# सामाजशास्त्र संकाय
# अन्तरगत राजनीतिशास्त्र केन्द्रीय विभाग
# स्नातकोत्तर तह दोस्रो वर्षको दशौं प्रश्न पत्र
# प्रयोजनका
# लागि प्रस्तुत

# शोध प्रस्ताव

"बझाङ्ग जिल्लाको काँडा गा.वि.स. मा रोकाया जातिको राजनैतिक सहभागिता एक अध्ययन"


**शोध-निर्देशक**
डा. टेकराज पन्त
सह प्रध्यापक एवं विभाग प्रमुख,
राजनीतिशास्त्र विभाग
श्री सिद्धनाथ वहुमुखी क्याम्पस

**शोध- कर्ता**
कर्णबहादुर सिंह
रोल नं. २९६७
रजिष्टेशन नं. ९७४५-८८
स्नातकोत्तर तह द्रोस्रो बर्ष
श्री सिद्धनाथ वहुमुखी क्याम्पस

# सिफारिस - पत्र

प्रस्तुत शोधपत्र को शिर्षक “बभ्फाङ्ग जिल्लाको काँडा गा.वि.स. रोकाया जातिको राजनीतिक सहभागिता एक अध्यय शोध कर्ता कर्णवहादुर सिंह ले मेरो प्रत्यक्ष सम्पर्कमा रही मेरो सुभ्फाव सल्लाह अनुसार आफ्नै मौलिकतामा  सुदूर पशिचमको विकट बभ्फाङ्ग जिल्ला त्यसमा पनि काँडा गा.वि.स. जस्तो विकट क्षेत्रको जनजाति रोकाया जातिमा राजनीतिक सहभागितालाई उजगार गरी वर्तमान सहभागि लोकतन्त्रको मर्मलाई भ्फल्काउने उद्धेश्यलाई परिभाषाका साथ शोध खोजको पयास गर्नु भएको हो म उहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दै शोध मूल्याङ्कन समिति समक्ष सिफारिसका लागि अनुरोध गर्दछौं।

मितिः २०६५ / २ /

शोध-निर्देशक
डा. टेकराज पन्त
सह प्रध्यापक एवं विभाग प्रमुख,
राजनीतिशास्त्र विभाग
श्री सिद्धनाथ वहुमुखी क्याम्पस
महेन्द्रनगर कन्चनपुर

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा समाजशास्त्र संकाय राजनीतिशास्त्र
सिद्धनाथ बहुमुखी क्याम्पस
महेन्द्रनगर, कञ्चनपुर

# स्वीकृति - पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकाय राजनीतिशास्त्र सिद्धनाथ बहुमुखि क्याम्पस महेन्द्रनगर, बझाङ्ग अन्तरगत कर्णवहादुर सिंह द्वारा "बझाङ्ग जिल्ला काँडा गा.वि.स. का जनजाति रोकाया जाति सहभागिता" विषयक यस शोध पत्र राजनितिशास्त्र विषयको स्नातकोत्तर तहको उपाधिको लागि उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

शोध मूल्याङ्कन समिति

| | | |
|---|---|---|
| ............................... | ............................. | ...................... |
| बाह्य परीक्षक | शोध निर्देशक | विभागिय प्रमुख |

मितिः २०६५/ २ /

# कृतज्ञता ज्ञापन

कुनै पनि देशको राजनैतिक सहभागिता वारे अध्ययान गर्दा त्यस देशको शासन व्यवस्थाको अध्यायनले मात्र प्रयाप्त हुदैन । त्याँहाको वास्तविक व्यवहारिक पक्षको अध्यायन गर्नु पर्ने देखिन्छ । काँडा गा.वि.स.को अवस्था दुर्गम जिल्ला मध्यमा अति दुर्गम बझाङ्ग जिल्ला त्यस मध्यमा पनि बझाङ्ग जिल्लाको अति दुर्गम गा.वि.स. काँडा उरै हिमाल श्रृखलाको फेदिमा रोकाया जातिको संगमस्थल र राजनैतिक पहिचनको अध्यायन गर्ने अवसर प्राप्त गर्नुले मैले स्नातकोत्तर तहको दशौं पत्रको प्रयोजनको लागि यो शोधपत्र तैयार गरेको छु ।

वझाङ्ग जिल्लाको सर्न्दभ विकट स्थानको चिनारी राम्रो सथमा बुझने माध्यामको रुपमा यो भन्दा पूर्व कहिले भएको देखिदैन र हुन सक्ने पूर्वाधार नै छैनन । म २०३५ साल बैशाख ४ गते कांडा गा.वि.स.को रोकाया जातिको वस्तीमा जब पूगे त्यसै समयमा रोकाया जातिको बारेमा छोटो वंशावली तयार पार्न सके हुन्थ्यो भन्ने कौतुहल पैदा भैसकेको थियो । अर्को तर्फ यथार्थताको अनुसन्धान नगरेर कलम चलाउन उत्तम जस्तो पनि देखिदैन थियो । २०६४ सालको स्नातकोत्तर दोस्रो वर्ष को दशौं पत्रको प्रयोजनामा शोध पत्र तैयार गर्नु पर्ने बावुजुद रोकाया जातिको पहिचानलाई अनुसन्धानको मूल विषय ठानेर स्रोत जुटाउने प्रयत्न गरे कहि कतै त्यस्ता तामापत्र शिलालेख र वंशावली जस्ता विषयको खोजको क्रममा कठिन् मार्ग खेप्नु पर्ने अवस्था एकातर्फ सुर्जना भयो भने अर्को तर्फ राष्ट्रको अस्त व्यस्त अवस्थाका कारण शोधपत्रको सामग्रि जुटाउन ज्यादै असहज वातावरणमा दुःखै दुःखको सागरमा दिन विताउन विवश हुनु परयो । रोकाया जातिको अस्तीत्वको सवालमा पनि विवेकपूर्ण तवरले खोजको क्रम गहिरो नै पारेर तन्नेरी बुढा र देवताको साथमा घण्टौ सम्म बसेर रहस्य खोतल्ने गरेकोमा समयको निकै बरवादी नभएको होइनः भोक, थकाई पठयार लाग्दा विषय बनेको दृष्य एक तमासाको त देखिन्थ्यो नै अर्को तर्फ आदरणिय गुरु शोध-निर्देशक डा.टेकराज पन्त ज्यू डा. मुकुन्द कलौनी ज्यू, तथा समयअनुसार सुझाव सल्लाह दिई सहयोग गर्ने डा. भुपेन्द्र विष्ट ज्यूलाई सह हिर्दय धन्यावाद दिन चाहान्छु ।

अन्तमा पूज्यनिय वुवा विष्णु वहादुर सिंह मुमा चन्द्रादेवि सिंह प्रति समर्पित गर्दै दाई द्वोय डम्मवर वहादुर सिंह, मान वहादुर सिंह, श्रीमति विन्दा देवि सिंह, छोरा मणीकुमार सिंह र कैलाश कुमार सिंह को त्रिणी छु जसवाट मैले विश्वविद्यालय अन्तरगत स्नाकोत्तर सम्म अध्यय गर्ने अवसर र सामाग्रि जुटाउन सहयोग रहन गयो । अन्तमा यस शोधपत्रलाई कम्प्यूटरमा टाइपिङ्ग गर्ने यस NCCS CYBER धनगढी कैलाली का नरेन्द्र राज अवस्थी र तिलक राज ओझा ज्यूलाई धन्यावादका साथ आभार व्यक्त गर्दछु ।



**शोधकर्ता**

कर्णवहादुर सिंह

श्री सिद्धनाथ वहुमुखी क्याम्पस

महेन्द्रनगर कन्चनपुर

# विषय सुची


| क्र.सं. | विवरण | पृष्ठ नं. |
|---|---|---|
| | **परिच्छेद - एक** | |
| १ | शोध परिचय | १ |
| १.१ | शोध पत्रको सामान्य जानकारी | १ |
| १.२ | शोध पत्रको प्रयोजन | ६ |
| १.३ | शोध पत्रको उद्देश्य | ६ |
| १.४ | शोध पत्रको समस्या | ६ |
| १.५ | शोध पत्रको परिकल्पना | ७ |
| १.६ | शोध पत्रको महत्व | ७ |
| १.७ | शोध पत्रको सिमा | ८ |
| १.८ | शोध पत्रको विधी | ८ |
| १.९ | शोध पत्रको साहित्य समिक्षा | ८ |
| १.१० | शोध पत्रको वर्गिकरण | ८ |
| | **परिच्छेद - दुई** | |
| २ | राजनितिक सहभागिता | |
| २.१ | पृष्ठ भूमि | ९ |
| २.२ | राजनैतिक सहभागिताको अर्थ र परिभाषा | ११ |
| २.३ | राजनैतिक सहभागिताको अवधारणा र विकास | १२ |
| २.४ | राजनैतिक सहभागिताको प्रकृति र स्वरुप | १५ |
| २.५ | राजनैतिक सहभागिताको प्रकार | १६ |
| २.५.१ | राजनीतिक सहभागिताको क्रियाकलापको आधारमा सहभागिताको प्रकार | १६ |
| २.५.२ | उत्प्रेरक तत्वको आधारमा राजनैतिक सहभागिता | १७ |
| २.५.३ | संस्थाको आधारमा राजनैतिक सहभागिता | १७ |
| २.६ | राजनैतिक सहभागितामा असर पार्ने तत्वहरु | १९ |
| २.६.१ | सामाजिक आर्थिक स्थिति | १९ |
| २.६.२ | मनोबैज्ञानिक तत्व | १९ |
| २.६.३ | राजनीतिक स्वरुप | १९ |
| २.६.४ | वौद्धिक वर्गको प्रभाव | २० |
| २.७ | राजनीतिक सहभागिता र प्रजातन्त्र | २१ |
| २.८ | राजनीतिक सहभागिताको मतदान र निर्वाचन | २१ |
| | **परिच्छेद - तिन** | |
| ३ | रोकाया जातिको सामान्य परिचय | २३ |
| ३.१ | परिचय | २४ |
| ३.२ | रोकाया जातिको उदगमस्थल र विकास | २६ |

| | | |
|---|---|---|
| ३.३ | रोकाया जातिको उदगम स्थल पुर्खा र नामाङ्कन | २८ |
| ३.४ | विगतको राजनीतिक सहभागिता | ३० |
| ३.५ | वर्तमान राजनीतिक सहभागिता | ३० |
| ३.६ | दलगत रुपमा रोकाया जातिको राजनीतिक सहभागिता | ३१ |
| ३.७ | रोकाया जाति राजनीतिकमा कम सहभागि हुनाका कारणहरु | ३३ |
| ३.८ | रोकाया जातिमा सहभागिताका प्रकार | ३३ |
| ३.९ | अराजनीतिक सहभागिता | ३३ |
| ३.१० | सक्रिय राजनीतिक सहभागिताको आधारमा रोकायाको राजनीतीक अवस्था | ३४ |
| ३.११ | दर्शकको रुपमा राजनैतिक सहभागिता | ३४ |
| ३.१२ | शैक्षिक अवस्था | ३५ |
| ३.१३ | आर्थिक अवस्था | ३५ |
| ३.१४ | मनोवैज्ञानिक तत्व | ३५ |
| ३.१५ | संस्थागत संगठन अभाव | ३६ |
| ३.१६ | प्रवुद्ध वर्गको दवाव | ३६ |
| ३.१७ | परम्परागत धारणा | ३६ |
| ३.१८ | स्वार्थी राजनीतिक प्रवृति | ३७ |

## परिच्छेद - चार

| | | |
|---|---|---|
| ४ | काँडा गा.वि.स. को सामान्य परिचय (भौगोलिक) | ३९ |
| ४.१ | सामाजिक अवस्था | ४० |
| ४.२ | शिक्षा | ४० |
| ४.३ | आर्थिक | ४१ |
| ४.४ | प्राकृतिक स्वरुप | ४१ |
| ४.५ | राजनितिक अवस्था | ४२ |
| ४.६ | राजनीतिक सम्वाद | ४३ |

## परिच्छेद - पाँच

| | | |
|---|---|---|
| ५. | निष्कर्ष र सुझाव | |
| ५.१ | निषकर्ष | ४८ |
| ५.२ | सुझावहरु | ५० |
| | सर्न्दभ ग्रन्थ सुचि | ५२ |
| | परिशिष्ट (क) प्रश्नावली | ५४ |
| | परिशिष्ट (ख) तालिका | ५६ |
| | परिशिष्ट (ग) काँडा गा.वि.स. अन्तरगत २०४९ को स्थानिय निर्वाचित पदाधिारीको नावली | ६० |
| | परिशिष्ट (घ) २०५४ को स्थानिय निर्वाचनको परिणाम | ६१ |

# बझाङ्ग जिल्लाको नक्सा



Map of Bajhang District

# परिच्छेद- एक

## १.शोध परिचय

### १.१ शोध पत्रको सामान्य जानकारी

नेपाल एक बहु जाति, वहु साँस्कृतिक, बहु धार्मिक र बहु भाषिक एक सानो भूपरिवेष्ठित स्वतन्त्र प्रजातान्त्रिक देश हो । जुन २६ २२ देखि ३० ३७ उत्तरी अक्षास र ८० ४ देखि ८८ १२ पुर्वी देशान्तर सम्म फैलिएको छ। साथै यसको कुल क्षेत्रफल १४, ७१,८१ बर्ग कि.मी फैलीएको छ । यो पृथ्वीको कुल क्षेत्रफलको ०.०३ र एशिया महादेशको ०.३ प्रतिशत पर्दछ। २०४८ सालको जनगणना अनुसार नेपालको जनसंख्या १,८४,९१,०९७ थियो भने जब २०५७ सालको जनगणना अनुसार २,३९,१४,६८१ जनसंख्या रहेको पाईन्छ । नेपालको भौगोलिक रुपमा होस वा राजनितिक रुपमा विभाजित होस् यहाँ विभिन्न जाति, धार्मिक, भाषिक र साँस्कृतिक वनावटमा विभिन्न विविधिता पाईन्छ । जुन विविधतामा मगरजाति पनि पर्दछन । जुन नेपालको जातिय विश्लेषणमा उल्लेखनिय रुपमा भेटिएका पनि छन् । विभिन्न जनजाति मध्य मगर जाति पनि जनजाति भित्र पर्ने प्रमुख जाति हो । नेपालको कुल जनसंख्याको आधारमा लगभग ८.५ सम्म मगर जातिको पहिचानलाई स्पष्ट देखाएको पाईन्छ ।

नेपाल एक बहु भाषिक वहु जातिय दृष्टिकोणले श्री ५ वहामहाराजाधिराज पृथ्वीनारायण शाहले चार जात छत्तिस् वर्णको फूलवारीको रुपमा स्वीकार युक्तिवाट प्रष्ट पार्न सकिन्छ। जुन नेपाल अधिराज्यको संविधान २०४७ को भण एक धारा ४ मा स्पष्ट पारिएको छ । मगर जातिको इतिहासलाई हेर्ने हो भने किरात काल देखि नै सुरुवात भएको मानिन्छ । प्राचिन नेपालका जन जातिय वेलि विस्तारमा पनि मगर जातिको बाहुल्यतालाई प्रवल शक्तिको रुपमा स्वीकारको पाउन सकिन्छ । विक्रम संबत १६१६ भन्दा अगाडी गोरखामा मगरजातिको राज्य थियो । केही वर्ष पछि मात्र शाहवंशिय राज्य प्रणालीमा रुपान्त्रण भएको नेपालको राजनैतिक ऐतिहासिक पृष्टभूमिवाट बुझ्एको नै छ । ऐतिहासिक वृतान्त मानविय नालीवेली एकै सिक्काका दुईटा पाटा हुन जसको वर्णनात्मक परिवर्तन बुभन असज नै देखिन्छ । सर्न्दभगत भावनामा आफ्नो राष्टको नालीवेली र राष्टियताको चिनारीलाई बुझ्न सकेन भने जन्म नै मृत्यु समान परिणत हुन पुग्छ । समाजको निरुपण रुपरेखाको अकंमाल गरेर राष्टको राष्टियतालाई झल्काउन खोज्ने हाम्रो प्रयत्न सधै आत्मा भित्र नै खादिएको हुन पर्छ । वर्तमान समाजमा जातिएता प्रति अछिप लगाउनेको श्रेणिवद्ध तवरले मलम लगाउनु नै पर्छ कुनै पनि जातको जातियताको स्वरुप कुलिन संस्कार भित्र गरेका तिता मिठा संरचना

सक्षमता र असक्षताका प्रतिकको रुपमा लिन सकिन्छ । तमाम नेपाली समाज भित्र घटेका विवरणको संगालोको रुप नै सिगों राज्यको प्रतिक मान्नु पर्छ भन्ने असहयम मात्र हो । शोध पत्रको प्रयोजनमो देखाउने खोजेको प्रसंगहे पनि नयाँ रौनक छायको छ कारण काँडा गा. वि. स. का रोकाया जातिको वास्तवमा पहिचान मगर जातिवाट नै रुपान्त्रण भएको पाउन सकिने मुख्य विषय वस्तुको श्रृजना भएको छ । नेपालको पूर्व मेचि देखि पश्चिम महाकाली सम्म विभिन्न त्यस्ता जन जाति छन् जसको जनस्तर नै छैन तर राष्टको लगानी छ अनि पतन पनि छन् । बझाङका रोकाया जातिको जनस्तर बुझदा के बझाङका काँडा गा. वि. ६ र ७ वडामा वस्ने रोकाया जातिको हुन ? वास्तविक विकास क्रम कसरी बताउन सकिन्छ भने प्रसगं बढो रोचकपूर्ण छ ।

बझाङका रोकाया जातिको वारेमा बुझन फरक फरक परिवेशमा मात्र बुझन सकिन्छ भने रोकाया जातिको सेराफेरो उपाध्याय, ब्रहमण थापा रकालको रुपले चिनिन्छन जसको आफ्नो आफ्नो किसिमको जातिय स्थिरता पाउन सकिन्छ । व्यक्ति राजनैतिक आस्थाको कारणले राजनितिक सहभागितामा प्रवेश जात जातिको आधारमा सहभागिता हुने गरेको देखिन्छ । वाहुल्यता पनि त्यतिकै बढि रहेको पाउन सकिन्छ । कहिले कतै राजनितीक सहभागिताको कारण राजनेता जुन रुपमा भाषण गर्दछन् । अनि हजारौ मानिसको जमघट हुन्छ । समाजलाई रुपान्त्रण गर्न चर्को नारा लगाउनु पर्ने हुन्छ जब जनमानस खचाखच भरिन थाल्छ । अर्को तर्फ ठालुको दमन नीति आफ्नो स्वार्थपुर्तिका लागि :बकक :ययष्शिबतष्यल मात्र मान्न सकिन्छ । अरुको बहकाउमा लागेर मास परिवर्तत गर्न अनि सच्चा चरित्र नागों पार्नु वास्तविक पहिचान होईन । परन्तु जब कसैले पनि आफ्नो अधिकार र कर्तब्यको सक्रिय स्पमा प्रयोग गर्नु नै वास्तविक रुपले राजनितिक सहभागिता मान्न सकिन्छ । वर्तमान अवस्थाको नेपालको नेपालको शासन प्रणाली मा सम्पुर्ण जातिभातिको अधिकारलाई राज्यले मान्यता दिदै जानुपर्ने देखिन्छ । अधिकारबाट वञ्चित गराएको खण्डमा समान अवसरको प्राप्ति रुपमा लिन सकिदैन । समानुपातिक प्रणाली अपनाएर सवैले अवसर पाउनु पर्छ भन्ने हो । सरकारमा प्रतिनिधित्व सवल त्यस समयमा हुन्छ जब राज्यले समानताको राज्यको दर्पण स्पष्ट पार्दछ । यस्ता प्रक्रिया अवलम्वन गर्दा चुनाव वा वैकल्पिक प्रविधी अपनाएर गर्न सकिन्छ । जुन लोकतान्त्रिक गण राज्यको वास्तविक नारा वन्न सक्छ ।

नेपाल अन्य प्रजातान्त्रिक मुलुक भन्दा राजनैतिक क्षेत्रमा निकै पछि परेको देखिन्छ । प्रजातन्त्रिक मुलुकको सर्वमान्य मान्यता यो रहेको कि राजनितिक सहभागिता विना राज्यको कुनै पनि अगं सवल सक्षम र प्रभावकारी हुन सक्दैन । देशको निती निर्माणको स्वरुप कागजमा उल्लेख भएको दस्तावेजको रुपमा रहन सक्छ । यस अर्थमा राजनितिक स्तिथि सहज र पूर्णता प्राप्त गरेको छ । भन्ने कुरालाई विर्सन सकिन्न ।

वर्तमान विश्व जुन अवस्थामा गतिमान छ र आफूलाई प्रजातन्त्रिब कहलाउन जनसहभागिताको आधारमा लिएका हुन्छन चाहे त्यो निर्वाचन प्रणाली होस वा अन्य प्रक्रियाद्धारा होस् । आफूलाई प्रजातान्त्रिक सरकार स्वीकारेर निरंकुस शासन व्यवस्थाको

शासन गरे पनि प्रष्ट कुरा के हो भने त्यो सरकार कहिले पनि सफल हुने सम्भावना नै देखिदैन । शासन प्रणालीको प्रमुख दायित्व वनाउनु हो । जनतामा त्यस्तो किसिमको आधार शक्ति छ न थाक्छ नकि रित्व हुन्छ । मौलिक मूल्य र मान्यता एक पछि अर्को स्थापित हुन सक्छन । बेलाएत राजनितिक परिवेश पनि विश्वको निम्ति चुनौति पूर्ण छ उत्कृष्ट पनि विश्वको घटना क्रमलाई पनि आधार मानेर सम्प्रेषण गर्न सकिने सञ्जाल भेटाउन सकिन्छ । पकिस्तानको नवाव सरीफको दुई तिहाई प्राप्त गरेको सरकार अपदस्त गरिएको अर्को तर्फ सप्राम हुसेनको पतन नेपालको दश वर्षको जन युद्धको परिणति के कम चुनौती पूर्ण छैनन् । त्यसैले राजनैतिक विश्लेषणहरुको मत के रहेको छ भने वर्तमान अवस्थमा सक्रमण राजनितिक प्रणाली  कि त जनताको राजनैतिक सहभागिताको मागवाट उत्पन्न गतिरोधले पिडित भएका छन् । यस्ता तथ्यहरुले राजनैतिक सहभागितालाई प्रस्ट्याउने गरेको छ । चाहे ती स्थानिय घटना क्रमका कुरा हुन या राष्टिय अन्तराष्टिय स्तरमा देखा परेका हुन । नेपालको संविधान सभाको २०६४-१२-२८ गतेको निवार्चनको परिणामबाट पनि राष्टका ठुल-ठुला सत्ता सेन दलको हस्ती पतन भएको छ भने क्रान्तिकारी वाटोवाट माआवादी ठूलो शक्तिको रुपमा उदयमान छ सँविधान निर्माणमा नागां चरित्र संविधान सभाका विधायक वनेका छन् । कल्पना मुलक तप्कावाट जगंल नै जीवन ठान्ने राष्टका अनुयायीका प्रतिक बनेका छन् ।

राजनितिक प्रणालीको सफलता तथा असफलता भनेको नै राजनैतिक क्षेत्रमा सहभागिता भर पर्ने कुरा हुन । कुनै पनि मुलुकको राजनैतिक प्रणाली आफुलाई प्रजातन्त्रिक प्रणालीको माध्यमबाट संचालित भएको सत्य सावित गर्न सकिन्छ चाहे त्यो निरंकुश शासन होस, चाहे त्यो प्रजातान्त्रिक मूल्य र मान्यताको आधारमा निर्वाचित सरकार होस । यदि ती सरकारका शाषकले गरेका काम गरेको काम जनताको हित विपरित छन भने त्यस सरकारले आफ्नो पक्षमा जनसहभागिता जुटाउन भगिरथ प्रयत्न गरे पनि आखिर त्यो एक-एक पटक विफल भएर छोड्छ । विरोध पूर्ण ढंगले अगाडी बढाउन खोज एक न एक दिन सफलता प्राप्त गर्न सकिन्छ । त्यसैले कुनै पनि समय जनताको सहभागिता त्यस सरकारको  लागि जति उपयुक्तता अपनाइन्छ त्यो भन्दा बढी फलदाय केही हुन सक्दैनन् । जनताको सरकार जनताको सरकार जनताको अधिकारको लागि कुनै पनि सरकारलाई घच घच्चाई राखौर फलत फलदायी पनि हुन सकोस ।

नेपालको राजनैतिक प्रणालीको वाटो त्यति लामो छैन् । अध्ययनका क्रममा हामीले १०४ वर्षको जहानीया राणाशासनको अवस्थालाई सम्झना गर्नु पर्ने हुन्छ त्यस बखत राजनैतिक अवस्था केवल राणामा मात्र सिमित थियो । आफूलाई देशको प्रहरेदारको रुपमा सोचेर राजनैतिक हाली मुहाली चलेको थियो । जनजहभागिताको नामले जनतको हक हित अधिकारलाई आफूले स्वविवेक अपलाई प्रयोग गरेको पाईन्थ्यो भने इच्छा विपरित कार्य गरेको नेपालको राजनैतिक पृष्ठका पानामा गरेको स्पष्ट

देखिन्छ । जुन समय जनताका समग्र अधिकार अरुमा प्रद्धत थिए । राम्रो रहन सहन धन दौलतमा अत्यन्त न्युन थियो । यो अवस्था देख्दा देशको परिवर्तनशिलताको मार्ग जनसहभागितावाटै खोज्नु पर्ने चुनौति देखिन्थ्यो । त्यस्ताको समयलाई मध्य नजर गर्ने हो भने त्यो काल रात्रीको युग भन्दा हुन्छ । जनताबाट प्रद्धत अधिकार प्राप्त गरी जब प्रचायति व्यवस्थामा पनि यो देशमा कुनै परिवर्तन नआई अच्छुतो रहन सकेन , दल विहीन राजनैतिक प्रणाली प्रयोग गरी एक दलिय निर्दलिय पंचायति व्यवस्थालाई जनसहभागिताको प्रयोग गर्ने नाममा राजनैतिक शासन प्रणाली चलाइएको थियो । यथार्तताको यसको विवेचनात्मक तवरले पहिल्याउले हो भने प्रत्यक्ष राजनिति प्रणाली विना राज्य र सत्ता सञ्चालन गर्न कठिन हुन्छ । समग्रमा भन्नु पर्दा राष्टका प्रमुख रुपमा देखा परेका शासन प्रणाली जहानियामा शव शासन र पञ्चयति शासन अन्त हुने कारण पनि यिनै थिय । देश संचालनको माध्यमद्धारा कस्तो किसिमको प्रवृति अवलम्वन हुनुपर्छ जसको सहजतालाई पृष्ट पोषकको रुपमा राज्यका क्रमवद्धताको रुपमा स्वीकार गर्नु पर्ने हुन्छ । देशमा जव जव जनसहभागिताको अभाव श्रृजना हुन्छ अनि जनसहभागिताको बल्लबाट नै सत्ता परिवर्तन हुन्छ भन्ने कुरालाई राज्यले आफ्नो लक्ष्य कति समय प्राप्त गर्छ र गर्नु पर्ने हो भन्ने विषय वस्तुको प्रयोजनमा प्रश्नको जवाफ खोज्ने साहस राजनितीक सहभागिताको अध्यापन गर्न जरुरत छ ।

राजनैतिक सहभागिताको अर्थ त्यो होइन कि राजनैतिक दलहरुको भेलामा सहभागि हुनु । सहभागिताको त्यस वेला यथार्तरुपमा परिणत हुन्छ जब नागरिकहरुले राजनितीक रुपमा कति प्रभाव पार्न सक्छन् । तिनीहरुको राजनैतिक सेरोफेरो कति रुचीको विषय वनेको हुन्छ । कति महत्यपूर्ण स्थान प्राप्त गरेको छ । यस्तो हुदा हुदै पनि नेपालको राजनैतिक पन कति दुषित बनेको छ । यस्तो हुँदा हुदै पनि नेपालको राजनैतिक धरातल कति दुषित बनेको छ । कुलमण्डल शाहको प्रारम्भ देखि ज्ञानेन्द्र विर विक्रम शाहको २०६४।२।१५ गतेको नेपालको संघिय लोकतान्त्रिक गण राज्यबाटको उदय र पतन पनि पक्कै आउने दिनमा फोहरी खेल बन्ने छ कारण हतार हतारमा २६ जनाको मनोनय गर्न वाँकी राखेर आफ्नो योगदान जीवन मरणको संज्ञामा आफै सेलाउदै छन् । अनि अशिक्षा, भोकमरी, वेराजगारी जस्ता समस्या ज्यूहरुका कम्जोरी क्षेत्रका अंकित छन् । नेपाली बन्धु वान्धवले वलिदानबाट आर्जेको नेपाल टुक्रिदै छ स्रोत साधनको उत्खलन गर्न नै सकेको छैन । जसको फल स्वरुप हाम्रो आफ्नो देशको राजनैतिक सहभागिता असर परेको विषय एकदमै टडकारो रहेको छ । हामीमा आफ्नो पन भन्ने कुरा छदै छैन । जसको नाली वेली हामी आफैले आल्टाई पल्टाई राख्नु पर्ने परिस्थिती नै छैन भन्न अतियुक्ति नहोला ।

विगतका राजनैतिक पाटालाई केलाउदै उक्त कारक तत्वका आधारमा रुपमा छर्लगं असर परेको देखिन्छ । राजनैतिक सहभागिता नीति निर्माणमा जनतालाई

सहभागिता नगराएको कारण २०४६ साल फाल्गुन ७ गते जनआन्दोलन हुनु नेपाली जनताको आफ्नो हक पद्धत गरेको दिनको रुपमा पनि लिन सकिन्छ जब कि नेपाल अधिराज्यको संविधान २०४६ प्राप्त भयो । उक्त संविधान नेपाली जनता सार्वभौमसत्ता सम्पन्न छन। भन्ने कुरा वाक्यांश द्धारा पृष्टी गर्छ जसमा बहुदलीय प्रजातन्त्र, संसदिय राजनितिक व्यवस्था वालिका मताधिकार मुलभुत विशेषता भएको राजनैतिक प्रणालीको हिस्सेदार, पहरेदार, नेपाली जनता हुन चाहे हिमाल, पहाड, तराई सजक हुन सक्छन् ।जात जाति ,धर्म लिगं सम्प्रदायक वन्न सक्छन् । यदि राजनैतिक प्रणालीमा तिनलाई सजक गराइदैन भने त्सको अन्तीम साँचो नेपालको नागरिक र जनता हुन सक्छन । जुन कुरा २०४६ सालको संविधानमा आधारित छ ।

वस्तु नेपालको पृष्टभूमिमा हामी कसरी चिनिएका छौ । हाम्रो देश नेपालको सम्प्रदाय नै विभिन्न जात जाति भाषा भाषी, रहन- सहन चाल-चलन, रिती-रिवाज, भेष-भुषा, धर्म, लिगं, छ द्धारा चिनीने राज्य भएको नेपाल अधिराज्यको संविधान २०४६ को धारा ११ को उपधारा १ र ३ मा कसैलाई पनि भेद भाव नगरी समान व्यवहार गरिने छ र सवैमा समान अधिकार छ भन्ने वाक्यले पनि राजनैतिक सहभागितामा समान अधिकार रहेको छ ।

अन्तमा नेपाल परिवर्तनको वाहकको रुपमा रहेको राजतन्त्रात्मक हिन्दुराज्य जहाँका मानिस ८३ प्रतिशत हिन्दु धर्मावलम्वी र वाँकी अन्य धर्ममा आस्थाका सूचक वनेका छन भने १० वर्षको माओवादी जनयुद्धबाट र सात दलिय संयुक्त शासन प्रणाली द्धारा अन्तरिम शासन विधानमा धर्म निरपेक्ष राज्य स्थापना भएको छ भने नेपालका अधिकांश दलमा आफ्नो राजनितीक चरित्रको घोषणा पत्रमा संघिय लोकतान्त्रिक गण राज्यको स्थापना निम्ति एक ढिका भएका छन् । २४० वर्ष सम्मके शाहवंशिय राज्य प्रणालीको अन्तको निम्ति आँतुर देखिएका छन् भने २०६४।१२।२८ गतेको संविधान सभाको चुनावको परिणाम अनुसार संविधान सभाको पहिलो वैठक २०६४।२।१५ गते विद्यायकको संघियलोकतान्त्रिक गण राज्यमा ४ मात्र फरक मत देखा परेको प्रष्ट पारिएको छ भने नेपालको राजतन्त्रको अन्त भएर राष्टपतिय शासन प्रणाली द्धारा एक कदम अगाडी बढेको छ ।

तसर्थ विभिन्न विषय वस्तुको रचनाको क्षेत्रवाट काँडा गा. वि. स.रोकाय जातिको राजनैतिक चिन्तन कस्तो रहेको छ । सहभागिताको क्रियाशिलता रहेको छ छैन भन्ने कुरा बुझ्न जरुर आवश्यकीय विषय बन्न गएको छ । सुदुर पश्चिम नै विकट क्षेत्र हो । जस मध्ये सेती अञ्चलको वझाङ जिल्लाको अवस्था विकट मात्र हैन विभिन्न विषय वस्तुको आधारमा टडकारो नै देखिन्छ । काँडा गा.वि.स. को बझाङ जिल्लाको सदरमुकाम देखी मानवीय वस्ती भएको ठाउँ सम्म पुग्न ३२ कोष टाढा रहेको छ । चीनको ताग्लाकोट १५ कोष भन्दा पनि नजिक रहेको अनुमान छ । चीनको ताग्लाकोट

जान उतै भन्ज्याङ हुदै पार गर्नु पर्छ । उकाली ओराली वावजुद जीवन निर्वाहाका लागी खारीएका रित्ता वस्तीको वेदना शोधपत्रको माध्यमद्धारा दर्शाउन अवसर मेरो लागी शौभाग्य नै ठानेको छ। िहमालको काखमा न्यानो पाएर रमाएका जातिको परिवेशलाई निम्त्याउने जुन जमर्को गरे । यो दृश्य देख्दा साँचो अर्थमा आदिम युगका मानिसको दिनार्चाय देखिन फरक ठान्न सकिन्न । अनुसन्धानको क्रममा देखेका, सुनेका, जानेका कुरा सवै हु वहु न घुल्न भनेर लेख्ने प्रयास गरेको त छु तैपनि कतिपय लठ्ठी देखा पर्न सक्छन । मेरो रोकाया जातिको राजनितिकमा सहभागिता एक अध्यापन शिर्षकमा अनुसन्धान गर्ने सदा सफल वनोस रोकाया जातिको वास्तविक पहिचानवारे वुभ्mन २०६४।१२।२८ गतेको संविधान सभाको निर्वाचनको मतदाता नामावली अनुरुप नै स्पष्ट पार्ने काम भएको छ । पारिवारिक संख्याको आधारमा ६१ महिला ४२ पुरुष रहेका छन । जम्मा १०३ जना मतदाता भएको रोकाया जातिको राजनैतिक सहभागिता वारे वर्णन र शोध पत्रको रुपमा रुपान्तर गर्नु पनि कुनै नौलो न ठानेर जसले राष्टको लागी जीवन उत्सर्ग गर्‍यो । पुर्खा दमनको चपेटामा फसे त्यस निरही समाजको वेली विस्तार वर्तमान युगको आवश्यक विषय हो भन्ने ठानेर समाजको वेली विस्तार वर्तमान युगको आवश्यक विषय हो भन्ने ठानेर यो शोध पत्रको प्रयोजनको रुपमा परिणत गर्ने ठूलो अभिप्रायका साथ जुटेको हु ।

## १.२ शोध पत्रको प्रयोजन

प्रस्तुत शोध पत्र त्रि. वि. वि. अर्न्तगत राजनितिक शास्त्र केन्द्रीय विभाग कीर्तिपुरवाट एम. ए. दोस्रो वर्षको दशौ पत्रको पुरक परीक्षा पुर्ति गर्नको लागी यो शोधको प्रयोग गरिएको छ ।

## १.३ शोध पत्रको समस्या

यस शोध पत्रको समस्या कथनमा निम्न लिखित समस्याहरुको समाधान गरिएको छ ।

१. यस काँडा गा.वि.स. मा रोकाया जातिको सहभागिता कहिले देखियो ?

२. यस काँडा गा. वि. स. मा रोकाया जातिको राजनैतिक सहभागितामा देखिएका कमी-कमजोरी के के हुन ?

३. रोकाया जातिको राजनैतिक सहभागितालाई विकास गर्ने के कति प्रयासहरु गरिएका छन्?

४. यस गा. वि. स. मा रोकाया जातिको निर्वाचनका कस्तो सहभागिता देखिन्छ ।

५. सरकारले गर्ने कार्यको प्रशंसा वा आलोचना गर्छन वा गर्दैनन् ।

६. राजनितिक सहभागितामा सवल पक्ष के के हुन ? रोकाया जातिलाई बढी जिम्मेवारी वनाउन के के गर्नु पर्ला?

## १.४ शोध पत्रको उद्देश्य

यस शोध पत्रका निम्न उद्देश्य रहेका छन् ।

१. नेपालको राजनितिमा बझाङ जिल्ला काँडा गा. वि. स. का रोकाया जातिको राजनैतिक स्थिती र सहभागितालाई तहगत पहिचान गर्नु ।
२. यस गा. वि. स. मा रहेका रोकाया जातिहरुको राजनितिक सहभागिताको रुपमा देखिएका कमि कमजारी र अवरोधलाई हटाई प्रजातान्त्रिक संरचनालाई सृदृढ गर्न ।
३. यस गाउँ विकास समितिमा बस्ने रोकाया जातिको सहभागितालाइ गाउँ जिल्ला क्षेत्रिय र राष्ट स्तरमा मूल प्रभावमा समाहित गरी राष्ट निर्माणको प्रक्रियालाई सुझाव पार्न आवश्यक सुझाव दिनु ।

यस गा. वि. स मा भएको २०४९ र २०५४ को निर्वाचनमा रोकाया जातिको राजनितिक सहभागिता कस्तो रह्यो भनेर तुलना गर्न ।

## १.५ शोध पत्रको परिकल्पना

१. नेपाल अधिराज्य भर छरिएर रहेका रोकाया जातिको बसोवास गरेको भएता पनि राजनितिक सहभागिता न्यून रहेको पाउन सकिन्छ ।
२. राष्ट निर्माणमा योगादान दिने रोकाया जातिहरु देशको मूल प्रभावमा आउन नसक्नुको कारण आर्थिक, सामाजिक शैक्षिक साँस्कृतिक हुन सक्छन् । नेपाल जस्तो भौगोलिक विकटताले समिटिएको नेपालको तस्वीर कहाली लाग्दो हुन त्यसमा पनि विकट वस्तीको कारण यस काँडा गा. वि. स. का रोकाया जातिको वास्तविकत बुझन नसक्नु त्यसमा पनि मानव जाति मानवको लागि नै महत्वपूर्ण र प्रयाप्त हुन सक्छ भने ठम्याउन नै सकिदैन् ।

## १.६ शोध पत्रको महत्वः

नेपाल विभिन्न जात जाति र विभिन्न धर्मावली वसोवास गर्ने भएता पनि समान रुपले देशको मूल प्रभावमा आउन नसक्नु आफैमा दुःखलाग्दो हुनु स्वभाविकै जस्तो लाग्छ भने अव रोकाया जातिको यस अध्ययनको मूल प्रभावद्वारा सजिवता आउने छ भने आसवादी क्दै राकाया जातिको राजनैतिक सहभागितामा केहि थप सहयोग हुन अभिलास निम्न प्रकारले महत्व पूर्ण मान्न सकिन्छ ।

१. यस शोध पत्रको निति निर्माताको सहयोग पुरयाउन सक्ने छ ।
२) भावी सन्ततीहरुले यसलाई आधार वनाएर अरुवृस्तृत रुपमा अध्ययन अनुसनधान गर्न पद्धत पुरयाउने छ ।
३) यस शोधले यस विषय संग संम्वन्धित विषय वस्तुको अध्ययन गर्ने लाई पाठ्यक्रम समाग्रिको रुपमा उपलब्ध गराउन मद्धत पुऱ्याउने छ ।
४) नेपालको राजनैतिकमा बझाङ्ग जिल्ला काँडा गा.वि.स.का रोकायहअरुको सहभागितालार्य विकास गर्न के कस्ता प्रकारका प्रयासहरु भएका छन् भन्ने वारेमा जानकारी हुने छ ।

५) राजनैतिक सहभागिताको क्रममा देखिएका कमी कम्जोरीलाई औंल्याउन सक्ने छ ।

**१.७ शोध पत्रको विधिः**

यस शोध पत्रमा नेपाल अधिराज्यका रोकाया जातिको राजनैतिक सहभागितालाई अध्ययन गर्न सम्भव नभएको हुदा वझाङ्ग जिल्ला अन्तरगत पर्ने काँडा गा.वि.स.का रोकाया जातिको राजनैतिक सहभागिताको पक्षलाई मात्र अध्यायन गरिएको छ ।

१.८ शोध पत्रको विधि

प्रस्तुत शोध पन तैयार पार्न मुख्य प्राथमिक श्रोत र द्धितिय स्रोत दुवैलाई प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तरगत संम्वन्धीत ठाँउमा गएर तथ्याङ्क संकलन गर्ने निर्वाचन परिणाम लिन ठाउँमा संम्वन्धीत कार्यहरुवाट छनौट गरी प्रश्नावली संकलन गर्ने अन्तरवार्ता जस्ता विधि प्रयोग गरी संकलन गरिने छ भने द्धितिय स्रोत अन्तरगत विभिन्न मानिसका अभिव्यक्ति तथा निर्वाचन आयोगवाट प्राप्त तथ्याङ्कका साथै यस शोधपत्र संग मिल्दा जुल्दा शोधपत्रको अध्ययन गरिएको छ ।

**१.९ शोध पत्रको साहित्य समिक्षा**

क) नेपाल अधिराज्यको संविधान २०४७

ख) संघिय लोकतान्त्रीक गणराज्यको अवधारण २०६४

**१.१० शोधपत्रको वर्गिकरण**

प्रस्तुत शोधलाई ५ भागमा विभाजन गरिएको छ ।

१. पहिलो परिच्छेद अनुसार शोध पत्रको परिचय

२. दोस्रो परिच्छेद अनुसार राजनिति सहभागिता अर्न्तगत विभिन्न उप शिर्षक परिभाषा अर्थ परिकारमा पर्ने विषय वस्तुको जानकारी गरिएको छ ।

३. तेस्रो परिच्छेद अनुसार परिचय खण्ड रोकाया जातिको ऐतिहासिक पृष्टभूमि र विकास, काँडा गा.वि.स. अन्तरगत रोकाया जातिको राजनैतिक सहभागिता

४. चौथो परिच्छेद अन्तरगत वझाङ्ग जिल्ला अन्तरगत काँडा गा.वि.स.को परिचय गरिएको छ ।

५. पाँचौ परिच्छेद अनुसार निष्कर्ष र सुझाव

# परिच्छेद- २

## २.१ पृष्टभूमी राजनैतिक सहभागिता

मानिस समाजिक प्राणी हो भन्ने कुरा सर्व सिद्ध भैसकेको छ । तर प्रश्न उठ्छ मानिस राजनैतिक प्राणी हो या होइन् ? यो त प्रष्टछ कि मानिसका आवश्यकताहरु आदान प्रदान तथा प्रवृतिले उसलाई समाजमा रहन वाध्य गराउन्छ । मानिस समाजिक प्राणी भएर पनि जुन अर्थमा हामी उसलाई राजनितिक प्राणी सम्भन्छौ तसर्थमा पाउदैनौं । मानिस समाजमा रहेपनि समाजवाटै राजनितिमा विमुख रहन सक्छ समाजमा थोरै व्याक्तिले मात्र राजनैतिकमा भाग लिएका हुन्छन भन्नु पनि सर्वधा गलत छ । किन कि मानिस समाजिक प्राणी हो । त्यसैले उसको राजनैतिक पद्धति सामाजिक पक्षको एक उपपद्धतिको रुपमा रहेको हुन्छ । यस अर्थमा अर्कातिर मानिसलाई सामाजिक प्राणीको अतिरिक्त राजनैतिक प्राणी पनि भन्नु पर्ने हुन्छ मानिस आफ्नो मूल्य, मान्यता, विश्वास, धारणा एवम दृष्ट्रिकोणलाई अलग राखेर राजनीतिक पद्धतिको क्षेत्राधिकार वाहिर रहन सक्दैन् र यसको अर्थ यो होइनकि मानिसको आफ्नो मुल प्रवृति या आदतवाट वाध्य भएर राजनैतिक प्राणी वन्दछ [1] । यो पनि भन्न लगल हुनेछ कि मानिस राजनैतिक क्रियाकलापवाट अलग रहन्छ । त्यसैले मानिसलाई सामाजिक प्राणीका साथ साथै राजनैतिक प्राणी भन्नु कुनै अतियुक्ति नहोला

आधुनिक राजनीतिक अवस्था चरणवद्ध रुपले फरक पनि हुन सक्छन् प्रत्यक्ष, अप्रत्यक्ष निर्देक्षित र सुसुप्त अवस्थामा समाजको राजनैतिक संस्कार परोपकारको अंश बण्डा पुग्न पनि सक्छ तर वास्तविकताको खोजमा जुट्नु सकेन भने ठूलो विडम्वना भोग्नु पर्छ । जन प्रतिनिधीद्वारा नै देशका शासन कानुन पद्धती तथा सार्वजनिक नियम वनाउने गरेको हुन्छ । प्रत्येक शासन व्यवस्था जनवादी भएको दावी गरेका हुन्छन । तर त्यस्ता जनप्रतिनिधीको छनैट जनताले कस्ता व्याक्तिलाई गरेका हुन्छन् सार्वजनिक नीतिका विषयमा जनाताको सहभागिता कति सम्म रहेको छ भनेर जनाउने हो [2] सहभागिताको आधारमा नै सरकार तथा शासन व्यवस्थाको मापन गर्न सकिन्छ । जसको स्वरुप तानाशाह, निरकुश, अल्पतान्त्रीक वा प्रजातान्त्रीक होस् । जनताको सहभागिताको नाममा निरंकुश अप्रजातान्त्रीक व्यवस्था लादन चाहान्छन भने त्यसको अन्तको लागी जनता जीवन अपर्ण गर्न तत्पर रहन्छन । कुन सरकार प्रजातान्त्रीक छ र छैन भन्ने कुरा पनि अहिलेको युगमा जनाता वुझेर अप्रजातानत्रीक शासन प्राणाली च्यूत गर्नै तैनाथ रहन्छ । आधुनिक राजनैतिक विशलेषणलाई मूल्याङ्कन गर्ने माध्यमको रुपमा जनताको सहभागिता हो ।

---

[1] हरिद्वारा राय र भोला प्रसादा सिंह आधुनिक राजनैतिक विशलेषण पटना भरति भवन १९४७ पृष्ट २२१-२३२

[2] सुर्यकान्त पौडयाल आधुनिक राजनितिक विश्लेषण काठमाण्डौं पव्लिकेसन १९८० पृष्ठ २२१

सामान्य रुपमा विचरण गर्ने हो भने प्रत्येक मानिसमा राजनैतिक चेतनाको तरङ्ग फैलिएको छ सतह विनाको राजनैतिक परिकल्पना नाउ विनाको ढुङ्गा जस्तै हुन्छ । कर असुल गर्ने, न्यायदिने सैनिक सेवा गर्ने सामाजिक आर्थिक शैक्षिक र सास्कृकि पक्षको समायोजन गर्ने कार्य नै कर्मचारीको अधिनमा हुन्छ ।[3] विभिन्न विश्वका मूलकको नुमनालाई आफ्नो राष्ट्रको आधार मानेर शासन व्यवस्था संचालन गरिनुले नै जनताको माझमा नै जनसहभागिताको मूल आधार छ भनेर ठान्न सक्नु पर्छ । हाम्रो समाजमा पनि विभिन्न विचारधारा वोकेको मानिसको जमघटको स्थल हो अनेकतामा एकताको सागर बनेर नेपाल राष्ट्रको स्थापना भएको छ । कुनै व्याक्तित्व राजनैतिक पक्षमा उदासिन वनेको देखिन्छ भने कसैले जीवन मृत्यु र मुक्ति गर्ने राजनैतिक नै हो भन्ने धारणाले राजनैतिक सहभागितामा जुटेका छन् । हाम्रो देशमा राजनीतिक सहभागिता देखाउनेको संख्या लगभग कम जस्तो देखिन्छ । जुन नेपालको ऐतिहासिक काल खण्ड वुझ्दा प्रष्ट पनि हुन सक्छ ।

नेपालको ऐतिहास धेरै लामो छैन १०४ वर्ष सम्मको जहानीया शासन, ३० वर्षे निर्दलिय पञ्चायती व्यवस्था विच विचमा प्रजातन्त्री प्राप्तीको लागि भएको लडाई राजनीतिक सहभागिताको लागि भएको मानिन्छ तर राजनैतिक सहभागिताको मापन गर्नु सार्न्दभिक जस्तो देखिदैन । २०४६ सालको जन आन्दोलनमा सम्पूर्ण नेपालीले जनसहभागिता जुटाउन सफल देखिएका छन् । राजनैतिक प्रतिकर्यामा आफ्नो जीतहार निर्वाचन प्रक्रियालाई राजनैतिक सहभागिताको रुपमा एकदमै कम देखाएका छन् । अन्तिम फसेला गर्ने भनेका जनता नै हुन । २०४७ सालको संविधानमा “नेपाली जनता सार्वभौमसत्ता सम्पन्न छन् ...................... भने नेपाली जनता राजनैतिक अधिकारवाट सुरक्षित रहेको देखाइएको छ । पटक पटकको देशको शासन पद्धतीलाई संचालनका मार्ग उतार चढाव पार गर्दै हत्या, हिसा, आतङ्क दरवार हत्याकाण्ड माओवादी आतङ्क श्री ५ ज्ञानेन्द्र विर विक्रम शाहको शासन पद्धतिले नेपाली जनतामा ल्याएको आधी नेपाली समाजका प्रजानन्त्रका सेनानीको रुपले राजनैतिक परिवर्तनको आमुल परिवर्तन प्रधानमन्त्रि गिरीजाप्रशाद कोइरालाको अदम्य साहसका वावजुद भूमिगत माओवादी प्रजातन्त्रीक प्रक्रियाको लडाईमा २०६४/१२/२८ को संविधानको सभाको चुनावमा ठूलो दलको रुपले प्रस्तुत भएका छन भने २४० वर्षको शाहवंशिय राज्य प्रणाली २०६५/०२/१५ संविधान सभाको पहिलो बैठक वाट अन्त संगै नेपालमा संधिय लोकतान्त्रीक गणराज्यको स्थापना भएको छ । अन्तमा जनताद्वारा राजनैतिक सहभागितामा दर्शाइएको महत्वपूर्ण पक्ष नै हो ।

काँडा गा.वि.स.का रोकाया जातिको राजनैतिक सहभागितामा आफ्नो पहुच के कस्तो रहेका छ भन्नु भन्दा पूर्व काँडा गा.वि.स. को भौगोलिक विकट शैक्षिक अभाव, यातायातको कठिनाई प्राचिनतालाई नै वढि आधार भानेर पटक पटकको राजनैतिक सहभागितामा समय अनुकुल नै अनुसरण गरेको भेटाउन सकिन्छ ।

---

[3] Richard A Watson Promise and performance of American Democracy New York 1978 p159

## २.२ राजनैतिक सहभागिताको अर्थ र परिभाषा

राजनैतिक सहभागिताको वारेमा विभिन्न विद्वानहरुको आफ्नो आफ्नै किसमको अर्थ र परिभाष दिइएको भए पनि अन्तः सवैको राजनीतिक सहभागिताको अर्थ र परिभाषाको दृष्ट्रिकोण एउटै किसमको रहेको छ । राजनैतिक सहभागिता देशको आर्थिक राजनैतिक सामाजिक, शैक्षिक, भौगोलिक तथा सामाजिक सांस्कृतिक विविधाताले फरक आउनु कुनै भिन्न अर्थ हुन सक्दैन तैपनि विद्वानको राजनैतिक सहभागिताको आफ्नो आफ्नो धारणाको वारेमा समय अनुरुप विशलेषण र खण्डन गर्ने पूर्वाधार तैयार गर्न सकेन भने राजनैतिक सहभागितामा ठूलो अन्तर द्वन्द आउन पनि सक्छ ।

नेपाली वृहत शब्दकोषमा सहभागिताको अर्थ कुनै काम कुरामा अरुका साथमा भाग लिने वा सहभागि भएरु काम गर्ने प्रक्रिया वा अवस्था भन्ने जनाउन्छ [4] राजनैतिक सहभागिता भनेको क्रियाकलाप भन्ने वुझ्नु पर्छ । कारण समाज राज्यको संरचना आधार क्षेत्र एउटै सिक्काका दुर्य पाटा भए जस्तै देशको राजनैतिक अवस्थालाई प्रभावित पार्ने ढङ्गले जनताद्वारा व्याक्तिगत रुपमा गरिएका क्रियाकलापलाई आधुनिक युगमा राजनैतिक सहभागिता भनेर राजनैतिक शारकाका विभिन्न विद्धानहरुले प्रष्टायाउने गरेका छन् । "राज्य" राजनैतिक प्रणाली राजनैतिक प्रक्रिया राजनीतक मूल्य यी तमामको सफलता यीनीहरुको अवधारण एव क्षेमता माथि मात्र निर्भर गर्दै यीनीहरुको उद्धेश्य परिपूर्तिमा जनताले देखाएको सहयोग एंवम महसुस गरेको भावना माथि निर्भर गर्दछ । तसर्थ अनुभूतिको नाम राजनितिक सहभागिता हो राजनैतिक प्रणालीमा जनताले देखएको अभिरुची एवम समर्थनको नाम राजनैतिक सहभागिता हो [5] ।

- "आल्मण्ड एण्ड पावेलका अनुसारः राजनैतिक सहभागिताको निर्णय निर्माण प्रक्रियामा समाजका सदस्यको संलग्नता पनि राजनैतिक सहभागिता हो" [6]
- "हवर्त मेकलोस्कीका अनुसार" राजनैतिक सहभागिताको ती ऐच्छीक कार्यलाई जनाउन्छ जसवाट समाजका सदस्यहरुले शाषकको छनौट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भए पनि नीति निमार्ण गर्दा भाग लिन्छौ [7]।

यस्तै राजनैतिक सहभागिताको परिभाषा गर्ने कममा अर्का विद्धान मापर वेनर भन्दछन "राजनैतिक नेताहरुको छनौट र नीति निमार्ण र कार्यान्वयनमा प्रभाव पार्ने जनताले गर्ने सामुहिक प्रयासको नाम नै वस्तुतः जनसहभागिता हो" । राजनैतिक सहभागिताको अर्थ निर्णय निमार्ण वितृष्णा हो ।

---

[4] नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान नेपाल वृहत शव्द कोष कमलादी काठमाण्डौं २०४० पृ.१३२४
[5] ताराकान्त झा आधुनिक राजनैतिक विवेचना जलेश्वर जनकपुर अञ्चल शिक्षा सामिती २०६३ पृ.४१
[6] Gorial Alomonal and G.B. Pawal. Comparatives politics A development approach New Delhi oxford and I.B.H publication company 1996 P. 314
[7] Lucian pai of political development new Delhi Amorist Publication 1972 P. 39

जुलसमा मानिसलाई जम्मा गराउनु मानिस जम्मा गर्नु लुटपाट गर्नु हुलदङ्गा मच्चाउनु हत्या हिसाँ आतङ्क गरेर जनता भएभित गराउनु राजनैतिक सहभागिता होइन आम निर्वाचनमा भाग लग्दैमा राजनैतिक सहभागिता मान्न सकिदैन सामाजिक मूलय मान्यता निति निर्देशन, ऐन कानुन, प्रति प्रतिवद्धता जनाउदै आफ्नो अधिकार र कर्तव्य प्रति सचेत भएर क्रियाकलापमा संलग्न हुनु राजनैतिक सहभागिता हो राजनैतिक सहभागितामा प्रभावशाली वनाउदै उच्च र आर्दशदायि समाजको रुपमा जसले नयाँ राष्ट्रको राजनैतिक क्रियाकलाप नै राजनैतिक कायलाई सजिवता दिन्छ त्यो नै राजनैतिक सहभागिता हो । राजनैतिक परिवर्तन भनेको विश्वासमा भर पर्ने कुरा हो समाजमा त्यस्ता अनुनय विनय गर्ने युवा क्रमी छन् राज्यले नयाँ अवधारण विश्वका कुनै पनि मुलुको सक्प्रदायको साथमा अग्रसर हुन चाहान्छन् । राजनैतिक क्रिया कलापमा जन सम्म सवैले आफ्नो अनुगमनमा प्रत्यक्ष भाग लादैन तव सम्म राजनैतिक सहभागितामा केहि लचिलो पन देखिन्छ ।

स्जानिय निर्वाचनमा अधिकाँश प्रतिनिधी वढी भन्दा वढीले भाग लगेका हुन्छन् त्यस समयमा राजनैतिक सहभागिता पनि बढी नै भएको देखिन्छ । स्थानिय निर्वाचनमा राजनैतिक सहभागिता पनि बढी नै भएको देखिन्छ । स्थानिय निर्वाचनमा राजनैतिक सहभागिताको एउटा क्षेत्र, गा.वि.स. र नगरपालिकाको राजनैतिक सहभागिता ज्यादै गहनतम महत्वपूर्ण विषय वन्न पुगेको छ तर समाजका सम्पूर्ण मानिसले राजनैतिक भाग लग्दैन र राजनैतिक र गैर राजनीतिक भनेर छुट्याउन पनि सकिन्छ । समाजको परिकल्पना भन्दा वाहिर रहेको मानिस पनि जुन अराजनैतिक व्यक्ति पनि कुशल राजनैतिक वनेको हुन्छ साथै सकिय असहभागिता पनि त्यसैले वैज्ञानिकहरुले यसको होस परिभाषा र परिणाम विशलेषण गर्न निर्वाचन प्रक्रिया र अन्य राजनैतिक क्रियाकलापको आधारमा पनि लिइएका छन् ।

नेपालको सन्दर्भमा राजनैतिक विशलेषकको २०६४/१२/२८ को संविधान सभाको निर्वाचनका के प्रत्यक्ष राजनैतिक सहकमी सहभागि भएका छन् होइन हत्या, हिसाँ , डर त्रास र धम्कीको प्रलोपमा देखापरेर नेपाली जनताको त्रासपूर्ण स्थीतिमा शान्तीमात्र मिलोस भन्ने सोच अनुरुप अराजनैतिक व्यक्तिहरुको संविधान सभामा हाली मुहाली हुनु यस्तो किसमको प्रक्रियालाई राजनैतिक सहभागिता भन्न मिल्दैन पनि ।

## २.३ राजनैतिक सहभागिताका अवधारणा र विकास

कुनै पनि राष्ट्रमा जव सम्म जनतामा वफादारिता वा संलग्नताको स्तरको वृद्धि विना राजनैतिक विकास हुन सम्भव छैन । सहभागिता र राजनैतिक विकासको अन्यानोश्रित सम्वन्ध रहन्छ । सहभागिता विना राजनैतिक गतिशिलता र सुद्धता आउन सक्दैन र राजनैतिक नभै सक्रिय सहभागिता विस्तार हुन असम्भव छ । त्यसकारण विभिन्न देशहरुमा राजनैतिक सहभागिता विस्तार गर्न आ-आफ्नो प्रकारका उपायहरु अवलम्वन गरिएका हुन्छन् । पश्चिमी मुलुकमा राजनैतिक प्रक्रिया नयाँ व्यक्तिको भर्ती संग सम्वन्धीत छ तर विकासन्मुख मुलुकको विशेषता: नयाँ देशमा भने राजनैतिक

सहभागिताका समस्यालाई निर्वाचन प्रक्रिया संग जोडदैनन् । निर्वाचन दायर खुला र व्यापक वनाएर राजनैतिक सहभागिता जुटाउनको बदला यी देशहरुमा प्रबुद्ध वर्गको प्रति जनताको सचेष्टा र श्रद्धा जुटाउने प्रक्रियालाई जनताको सहभागिताको रुपमा परिभाषा गरिएको छ [8] ।

विकास र राजनैतिकको गहिरो सम्वन्ध रहेको छ रहनु पनि पर्छ जव सम्म कुनै पनि राज्यको विकासको क्षेत्रमा परिवर्तन गर्न चाहादा चाहादै पनि पुरा गर्न सकिदैन राजनीतिक प्रक्रियावाट नै जनताको आवश्यकतालाई वुझ्न सकिन्छ ? विकासन्मुख मुलुकको चिन्ता विकास र जनसहभागिता कसरी जुटाउने कति सम्म जुटाउने प्रमुख लक्ष्य नै त्यही वनको हुन्छ नयाँ स्वार्थ विवाद, तनाव, वढन थाल्छ । राजनैतिक अस्थीरता वेग्लै पाटोमा अगाडी वढदै गै राखेको हुन्छ ? तर जनसहभागिताको दृष्ट्रिकोणमा स्वीजरल्याण्ड आर्दश मानिन्छ । महत्वपूर्ण कुरामा जनमत सग्रह गरिन्छ सरकारी स्तरमा रहने राजनैतिक नेताहरुको छनौट जनताले गरेका हुन्छन् जहाँ सम्म कि न्याधिशहरुको नियूक्ति पनि जनतावाट नै गरिएको हुन्छ [9]

राष्ट्र निमार्णमा प्रत्यक्ष सरोकारभनेको जनताको हुन्छ जन सम्म जनता एक मत हुदैन तव सम्म जनसहभागिता भएको मान्न सकिदैन । अव यहाँ प्रश्न उठनु पर्ने पनि स्वभाविक नै छ राजनितिक सहभागिताको इतिहास, विकास र अवधारणा कहिले देखि भयो त्यो जान्नु अत्यन्त आवश्यक देखिन्छ । ऐतिहासिक मुलकलाई छोटोमा चर्चा गरौ । खुला प्रजातान्त्रीक शासन प्रणाली इतिहासकार अधि सार्दछन तर तत्कालिन विश्वमा नगन्य रुपमा थिए तीनलाई त खाली वर्तमान परिस्थितिको अत्यन्त शुक्ष्म विजको रुपमा लिन सकिन्छ । प्राचिन ग्रिकमा जनता एक ठाउँमा भेला भएर कानुन वनाउने विशुद्ध प्रजातान्त्रीक प्रणाली भएको मानिन्छ । जुन प्रजातात्रिक प्रणालीमा सवैको सहभागिता रहन्थ्यो तर दास वर्ग र नारी वर्गलाई समावेस गरिएको थिएन । त्यस्तै प्राचिन ग्रिसमा जनताद्वारा निर्मित कानुनलाई उच्चकानुन (Souls Popular Supreme a liex I.e. Low by people is supreme) को संज्ञा दिइएको थियो भनि भरतराज उप्रेती र कलक विक्रम थापाले लेखका छन् [10] वास्तवमा जनता भनेको पनि त्यही नागरीक हो भन्ने वुझिन्छ ।

माध्य कालमा राजनैतिक सहभागिताको दृष्ट्रिकोण अन्धकारपूर्ण नै मान्न सकिन्छ तैपनि मानवजाति चेतनशिल प्राणी भएकोले यस्तो परीस्थितीको अन्त्यको लागि यसको प्रयास अगाडि वढदै गएको मान्न सकिन्छ तेस्रो सताब्दीको पूर्वाब्द तिर ब्रेक्टन शाषकहरु

---

[8] पूर्ववत पृ. ३९

[9] S.E. Piner comparative Golarrnment (Penguine Books 1970 P.41

[10] भरत राज उप्रेती कनक विक्रम थापा नेपाल सैवधानिक कानुन अनुसन्धान तथा विकास फोरम फिडिल काठमाण्डौं रामहाह पथ वि.स. २०४९ पृष्ठ ३१

कानुन अन्तरगत रहनुपर्ने धारणालाई प्रकट गर्न पुगे [11] यस्ता धारणालाई शाषकको निरंकुशतामा प्रश्न गर्ने र सोच्ने कार्यमा थालनी हुन पुग्यो ।

राजनीतिक सहभागिताको इतिशासलाई हेर्ने हो भने राजा जोनको शासनकाल अति महत्वपूर्ण मानिन्छ । उनको शासन काल सन १२१५ को म्यागनाकार्टाको घोषणा भएको पाइन्छ । यस घोषणामा दुईटा भौतिक सिद्धान्त छन् जुन सिद्धान्तले विइवमा नै सम्मान गर्न वाध्य भए जुन निम्न छन् ।

(क) राज्यको कानुनको जनता अथावा समुदाय संग सम्वन्धित अधिकार को समुह हुन्छ जसलाई सम्मान गर्न राज्य वाध्य हुन्छ ।

(ख) राज्यले अधिकारलाई सम्मान नगरेर वल र विप्लपद्वारा उस्लाई त्यसो नगर्न वाध्य पारिने छ । [12]

यसरी यस घटनाले केवल सैद्धान्तीक रुपमा मात्र नभै व्यवहारिक रुपमा समेत जनताले राजनैतिक सहभागितालाई मान्यता दिएको पाइन्छ । यस अधिकारले जन अधिारको विरुद्ध जने राजाको विरोध गर्न पाउने अधिकार प्रद्धान गरेको छ । वेलायतको १६६८ को गौरवमा काराती जसले वेलापतका राजालाई नै परिवर्तन गरिदियो वेलायतका राजा जेम्स भागेर वेलापत भए, जनताको सम्मझदारिमा नै विलयम र मेटीलाई त्यहाँको राजगद्धि मा राखियो । करान्तीले संसदलाई शक्तिशाली पार्ने काम र राजाको अधिावाार सिमित पार्ने मात्र काम गरेन कि देविक अधिकारको सिद्धान्तलाई नै नष्ट पारिदियो । त्यसैले डा. मोदनी शर्माले भनेका छन जनताको विरुद्ध राजा कहिले जान सक्दैन । जनताले कुनै पनि शाषकलाई राख्न चाहेन भने कुनै शाषकले शासन गर्न सक्दैन ञघ१३ विस्तारै राजनीतिक नजताको सहभागितामा हस्तान्तरण हुन जान्छ । सम्राराज्यवादी सरकारको विरुद्धको हतियार उठाउने कार्य सन १७७३ लाई पनि चुनौति पूर्ण नै मान्न सकिन्छ । वेलायती र अमेरीकी विच सन १७८३ मा युद्ध नै चल्यो यसलाई अमेरिकी स्वतन्त्रा सग्रामले फ्रान्समा राज्य क्रान्ती फलस्वरुप सन १७९१ मा त्याहाँको संविधान सभाले १७ धारा भएको एउटा घोषणा जारी गदै हर मानिसका लागि हर समयका लागि हर देशका लागि विश्वलाई नै एउटा दृष्यन्त्रको रुपमा भन्यो कि प्रत्येक मानिस समानरुपले जन्मिछ प्रत्येक संग समान अधिार हुन्छ । यसरी क्रान्तिले राजा देखि जनता सम्म प्रत्येक मानिसलाई एउटै खाले समान अधिकार रहन्छ । भनि संसदलाई निर्देर्शित गरेको देखिन्छ ।

प्रथम विश्वयुद्ध र र द्रोस्रो विश्वयुद्ध वाट विश्वमा आएको राजनैतिक चम्तकार जताततै फैलिएर रहनु पुग्यो सम्राज्यवादको अन्त तव स्वीधन राष्ट्रको उदय प्रजातन्त्रको लहर फैलियर रहेको छ जसको परिमाण पनि नेपालमा देखा नपरेको होइन जहानिय

---

[11] ECS Wade and AW Brody Constitutional Vow London 1965 P.60

[12] G.B Adoms Constitutional History of England London 1835 P. 137-139

[13] मोदनी प्रसाद नेपाली (शर्मा) आधुनिक विश्वको ऐतिहासिक द्रोस्रो संस्करण जानुका पुस्तक भण्डार विराटनगर नेपाल वि.स. २०४७ पृ. ५४

राणासासनको अन्त, प्रजातन्त्रको स्थापना निर्दलिय व्यवस्थ पञ्चायती व्यवस्था, वहुदलिय व्यवस्था दरवार हत्याकाण्ड जस्ता आरोध्यदरोहो पार गर्दै २०६५ सालमा संघिय लोकतान्त्रीक गणतन्त्रको घोषणा र २४० वर्षको राजतन्त्रको अन्त के परिवर्तन होइन ?

ऐतिहासिक घटना कम अनुरुप विभिन्न काल खण्ड राज्यले गुर्जानु पर्ने चुनौती एका तफ देखा परेको छ भने अर्को तर्फ घटना कम नै आधार वनेकाहरु राजनैतिक सहभागिताको स्वरुपले जुन परिवर्तनको शुत्रपात गरिदिएको छ संसार भरीका मानिसहरुको राजनैतिक रुपमा सहभागिता कुनै न कुनै रुपमा देखिएको छ चाहे त्यो निधामान प्रणालीको समर्थनमा होस या विरोधमा राजनिति सहभागिताको प्रकृति स्वरुपः

## २.४ राजनैतिक सहभागिताको प्रकृति र स्वरुप

संसारको कुनै पनि प्रजातान्त्रीक पद्धति भएको देशमा पनि सम्पूर्ण नागरिक को राजनीतीक सहभागिताको परिकल्पना गर्न सकिन्छ । जनताले एक नास रुपमा राजनीतीक रुपले भाग लिएका हुदैनन् । राजनैतिक सहभागिताको स्वरुप प्रकृतिलाई जान्नु पूर्व राजनीतिक संसारलाई हेर्नु जरुरत हुन्छ ।

राजनैतिक विशलेषणवाट कुनै पनि राज्यका नागरिकलाई चार भागमा वाँडन सकिन्छ ।
१) शक्ति सम्पन्न २) शक्ति लोलुप ३) राजनीतिक तह ४) राजनीतिप्रति उदासिनता [14]
राजनीतिप्रति उदासिन वर्ग धेरै हुन्छन् । अर्को तर्फ राजनीतिमा भाग लिने वृद्धी व्यक्ति सिमित मात्रमा हुन्छन् । राजनीतिमा भागलिने व्यक्ति भनेका शक्ति सम्पन्न र शक्ति लोलुप नै हुन्छन् । राजनैतिक स्तरका मानिस बैज्ञानिक रुपवाट आफुलाई नै सर्वश्रेष्ठ राजनीतिज्ञ ठान्छन् । सरकारी निर्णयमा पनि आफ्नो हाली मुहाली सम्भन्छन् ।

सहभागिताका निम्न कारण प्रमुख हुन सक्छन् ।

१. राजनीतिक घटना कति हित सम्म छ जान्न प्रयत्नशिल रहन्छन्
२. राजनैतिक निर्णयलाई महत्यपूण सम्झेर त्यसमा अभिरुची लिन्छन् ।
३. कस कस्ले राजनीतिक रुपमा सक्रिय रुपले भाग लिन चाहान्छन्
४. परिणामलाई वहुलन सक्छौं भन्ने लाग्यो भने
५. प्रस्तुत प्रइनवारे आफु संग वढि ज्ञान छ भन्ने लागेमा
६. वन्दन कम छन् भन्ने लाग्यो भने
७. हित एवम संरक्षण वढी छ र सक्रिय रुपमा राजनैतिक हुन्छ भने सोचेमा

यसका साथै शक्ति सम्पन्न शक्ति लोलुप या नेताद्वारा राजनैतिक शक्ति प्राप्त गर्ने तीनवटा कारण छन् ।

१) राजनीतिक प्रभावशालीको भावनातिर प्रत्यक्ष सम्वन्ध भएर सार्वजनिक कल्याणमा सम्भव भएमा ब्याक्तीको नागरिक हितको सहयोग गर्न चाहन्छन् ।
२) आत्माहित सम्भव वनाउनु हो ।
३) व्यक्तिको अचेतना (Unconcious Motive) [15]

---

[14] Robert A Dahal Modern Political Anamneses New Delhi 1978 P. 101

मानिस विवेकशिला प्राणी हो । मानव जीवनमा कस्ले केहिन केहि कामको थालनी गर्ने सोच प्रत्यक्ष र अप्रत्यक्ष तवरले स्मरण गर्ने गरेकै हुन्छ त्यसमा पनि राजनीतिक सहभागिता भए पनि केहि उदासिनता आवश्यक समावेश हुन्छ जस्तै

क) व्यक्तिले हरुको भन्दा काम गर्दा कम मुल्यको तुलनात्मक कार्यको प्रतिफल प्राप्त हुन्छ भन्ने लागेमा

ख) राजनितिकमा भाग लिएर त्यसको परिणाम प्रभावित गर्न सक्दैन भन्ने सोचेमा

ग) राजनीतिमा आफुलागेर ज्ञानको कमि छ भन्ने लाग्यो भने

घ) आफु सरिक नभएपनि परिणाम सन्तोस जन लाग्यो भने

ङ) राजनीतिमा धेरै वारेमा वाधाहरु छ भने सोचेमा [16]

राजनितिक सहभागिताको आफ्नो पाटो छ जसमा विभिन्न वाधा विरोध अडच्न सर्धष तितो मिठो र अमिलो दमन को सिकायत हुन्छ भन्ने ठानेमा पनि राजनैतिक सहभागितामा उदासिता प्राप्त हुन्छ ।

समुदायिक दवाव आत्मासभवानमा ठेस लाग्यो भने मानिस राजनैतिक रुपमा संलग्न हुन चाहादैन । प्राचिन समय देखि वर्तमानको समय सम्ममा मानिसमा राजनैतिक सहभागितामा उदासिनता प्रत्यक्ष रअप्रत्यक्ष रुपले देखा परेपनि मानिसका निम्न विषय वस्तुको परिवेशमा आधार वन्न नसक्नु नै हो मानिसका प्रवृति आकाँक्षा अभिलासा, फरक परेका भावहुन सहभागिता समर्थन भएर हो वा नभएर अन्तमा आजको आधुनिक प्रजानान्त्रीक युगमा राजनीतिक सहभागितालाई शहभागी वर्ग र उदासिन समुहलाई आधार वनाई यसको स्वरुप र प्रकृतीलाई हेर्ने प्रचलन पाईन्छ । [17]

### २.५ राजनीतिक सहभागिताको प्रकारः

विश्वमा दिनानु दिन नयाँ विहानी उदायमान भएको छ । विभिन्न विचारको विजरोपण भएको छ । विश्वका तमान राष्ट्रमा नयाँ संस्कारको थालनी भएको छ । राजनीतिक संस्कार र पद्धति विभिन्न विद्धानका राजनैतिक शास्तका प्रकाण्ड विद्धानका विचार अभिनय भएको विश्व समुदायिमा राजनीतिक सहभागिताले पनि परिवर्तकारी वन्नु स्वभाविक जस्तो छ । जुन प्रकारलाई समग्र रुपमा निम्न अनुसार अनुरसरण गर्न पनि सकिन्छ । राजनीतिक सहभागिताको क्रिया फलापको आधारमा सहागिताको प्रकार, उत्प्रेरक तत्वको रुपमा, संस्थाको रुपमा राजनीतिक सहभागिता समायोजन भएको पाउन सकिन्छ । हुन यस्ता अन्य वैकल्पीक उपायहरु पनि प्रजननको दौडानमा प्रस्तुत पनि हुन सक्छन् ।

#### २.५.१ राजनीतिक सहभागिताको क्रियाकलापको आधारमा सहभागिता को प्रकार

---

[15] हरिद्वारा राए एव भोलाप्रसाद सिंह आधुनिक राजनीतिक विश्लेषण घटना भारती भवन १९४७ पृ. २४९-२५०

[16] Robert A Dahal Modrn Potilical Analivsis New Delhi 1972 P. 79

[17] Aristotle on the constitutional of Althorns Appendix Worker the potical of theoretical oxford University 1948 P.378-383

राजनितिमा संलग्न व्यक्तित्वहरु सवैको एउटै कार्य अवश्य पनि हुदैन फरक फरक विचार र उद्धेश्य नभए पनि कार्य विभाजनका आफ्ना आफ्नै क्षेत्र हुन सक्छन् जस्तै मानैं कसैले मतदान गर्छ कसैले भाषण गर्छ । कसैले प्रचार प्रचार गर्छ, कसैले आम सभामा दर्शकको रुपमा काम गर्छ कसले लेख्ने वा छपाउने काम गर्छ त्यस उस्ले राजनैतिक सहभागिता मा प्रवेश गर्ने पनि दुई थरीका हुन्छन्

i) Active Participation

ii) Passive Participation [18]

राजतैतिक कार्यक्षेत्र कसैको समान्य र विशिष्ट हुदैन किन भने प्रत्येकको आफ्नो आफ्नो क्षेत्रमा दायित्व र जिम्मेवारी समान रुपले वहन गर्नु पर्ने हुन्छ सक्रिय राजनीतिक गर्ने भनेको लडाकु हुन भने राजनैतिक बैठकमा भाग लिनेको जिम्मेवारी सार्वजनीक पद दायित्व राजनीति उमेदारी, प्रचार प्रसारका काम समेत पर्दछन् तर निर्वाचनमा मतदान गर्ने  राजनीतिक सहभागिता भनेको प्रारम्भीक तहको राजनीतिक कार्य पर्दछन अर्को अर्थमा विर्मश गर्दा दर्शक संक्रामक गतिविधि पर्दछन् ।

**२.५.२ उत्पेरक तत्वको आधारमा राजनितिक सहभागिता :**

शिक्षा मानिसको जीवनमा निरन्तर चल्ने प्रक्रिया हो विवेकशिल मानिसको स्वभाव जन्म पश्चात केहि व्यहारीक ज्ञानका कुरा प्रत्यक्ष अप्रत्यक्ष तवरले प्राप्त गर्छ । ज्ञानको सागरमा खारीदै आर्दश नागरीक वन्न पुग्छ त्यस्तै मानिस सामाजिक राजनैतिक प्राणी भए पनि उसलाई वातावर परिवार समाज शिक्षा, सरकार, आदिको गति विधिमा लाग्न उत्प्रेरीत गरेको हुन्छ । सरकारवाट परिचालित गर्नु पर्ने सरकार द्वारा अन्य जनशक्तिद्वारा प्ररिचालित अन्य समुदायवाट नै जनचेतना अभिवृद्धि गरी राजनैतिक सहभागिताको पक्षमा अग्रसरता लिएको हुन्छ । माइनर कीनले राजनितिक सहभागिताको वर्गिकरण दुई किसमले गरेका छन् ।

क) स्वायत सहभागिता ख) परिचालित सहभागिता

स्वायत सहभागिता भनेको त्यो हो जुन सरकार वाह्यक अन्य समुदायवाट प्रभावित हुन्छ । परिचालित सहभागिता भनेको राज्य प्रणालीद्वारा स्वयत सहभागिता गाउँ समाज, साथी शिक्षा अन्य क्षेत्रवाट प्रभावित हुन्छ भने परिचालीत सहभागिता सभा सम्मेलन, सिमिनार आर्दशात्मक द्वारा ज्ञान प्रदान गर्दछ ।

**२.५.३ संस्थाको आधारमा राजनीतिक सहभागिता**

राजनैतिक वर्गिकरण को सम्वन्धमा विभिन्न विद्वानहरुले विभिन्न प्रकारले आफ्नो विचार प्रस्तुत गरेका छन् । जुन ठाँउको सामाजिक आर्थिक र शैक्षिक आधारमानै राजनीतिकमा संस्थाको आधारमा राजनीतिक सहभागिता हुन्छ । विभिन्न राष्ट्रमा आफ्नो आफ्नै राज्यको भौगोलिक स्वारुप अनुसार राजनैतिक सहभागिता हुने गरेको पाइन्छ । संख्याको आधारमा राजनैतिक सहभागितालाई तिन भागमा विभाजन गरिएको छ ।

---

[18] सि.पि. गेना तुलनात्मक राजनिति एक दिल्ली विकास पव्लिकेसन हावस प्रा.लि. १९९३ पृष्ठ ४२१

**१. आम सहभागिताः**

जुन ठाउँको राजनैतिक समाजिक र शैक्षिक रुपले सम्पन्न हुन्छ सम्भवतः त्याहाँको जनजीवन शिक्षित हुन्छ । समाजिक वातवारणवाट पनि सर्भसुलभ देखिन्छ । आफ्नो अधिकार र कर्तव्य प्रति सचित देखिन्छ । राजनैतिक प्रक्रियाको आयत निर्यात वस्तुको अध्ययन गर्छन सम्पूर्ण जनता राजनीतिमा सहभागिता हुन्छ राजनैतिक स्वतन्त्रावाट मुक्त हुन्छन् । जनचेतना अभिवृद्धि गरेका हुन्छन । प्रेस, संघ, संगठन खोल्ने इजाजत प्राप्त गरि सकेका हुन्छन् सम्पूर्ण नागरिकका वैचारिक दृष्ट्रिकोण रहेको हुन्छ । आ-आफ्नो दलगत स्वार्थमा वढि जिम्मेवारी वहन गरेको देखिन्छ । राजनैतिक पदमा प्रतिद्वन्दिता गर्छन । यसकै आधारमा पश्चिमी मूलुकको आफ्नो देशमा आम सक्रिय सहभागिताको दावि गर्दछन् । नेपालमा २०४६ सालको जनआन्दोदलन पश्चात प्राप्त भएको नेपाल अधिराज्यको संविधान २०४७ पनि वेलाइती मोडलको भएको र यसै आधारमा राजनैतिक प्रक्रियामा सहभागिता छन् भने अव २०६५ को नेपालको संविधान निर्माण संघियलोकतान्त्रीक गणतन्त्रको मोडल तर्जुमा गर्न भरखरै संविधान सभाको चुनाव सम्पन्न भएको छ त्यहि अनुरुप नेपाली जनता राजनैतिक सहभागिता हुने विश्वास गर्न थालिएको छ ।

**२. सीमित सहभागिता :**

आम सहभागिताको विचार राजनैतिक क्षेत्रमा देखा परेका तमान त्यस्ता भ्रुटको खेतिको भएमा राज्य संचालन र आफु सत्तामा लामो समय सम्म रहि रहन जिर्किर गर्नुको कारणले नै आमजनताको चाहना राजनैतिकमा सिमित रुपले हुने गरेको पाईन्छ । बैज्ञानिकहरुको भनाई अनुसार “राजनीतिक पद्धति जुनसुकै प्रजातान्त्रीक भए पनि राजनितीक प्रक्रिया प्रभावकार्रा र सक्रिय भूमिका खेल्ने मानिसको संख्या ज्यादै न्युन देखिन्छ । त्यसो भएको हुनाले प्रजातान्त्रीक व्यवस्थालाई प्रजाको प्रजाद्वारा प्रजाको लागि भनेर परिभाषा गर्नु वाधक वनको छ । प्रजातान्त्रीक व्यवस्था भित्र रहेका संसद राजनीतिक दल संगठन सवैमा अल्पतानत्रीक स्वभाव वसेको हुन्छ [19] जति ठूलो दल हुन्छ त्यति नै अल्पतान्त्रीक देखिन्छन वास्तविक रुपमा हेर्ने हो भने सम्पूर्ण समाज शासक र शासित वर्ग माथिको शक्तिलाई एकलौटि वनाउन सक्षम हुन्छन् । [20]

आधुनिक राजनितिक विशलेषणको व्यवहारीक पक्षलाई केलाउने हो भने प्रत्येक समाजमाच चाहे त्यो आर्थिक होस धार्मिक वा राजनितिक समान्य जनताहरु भन्दा प्रवुद्ध वर्गहरुको राजनितिक वा अन्य क्षेत्रमा विशेष हात रहेको हुन्छ । यी प्रवद्धवर्गहरु अल्पसंख्याक हरुमा नैं रहन्छन् यसरी सम्पूर्ण जनताको सहभागितानरहेर सिमित प्रवुद्ध व्यक्तिको सहभागिता रहेको हुन्छ भने त्यसलाई सिमति सहभागिता भनिन्छ ।

---

[19] Doglas VV An Analvsis of political system London Rutldge and cagein poul 1951 P.10

[20] टि.वि. वटोमोरे इलाइट एण्ड सोसाइटी पोलिफन वुक पृ.९

जे होस हामी समग्र रुपमा विश्वमा शक्ति सम्पन्न राष्ट्रहरु जस्तै एशिया, अफ्रिका, ल्याटिन अमेरिका देशमा पनि अल्पविकसित तेस्रो संसारका देशहरुमा रहेको सहभागिता सिमित सहभागिता भन्नु पर्दछ ।

**३. असहभागिताः**

जुन समाजका मानिस समाजिक आर्थिक र शैक्षिक पक्षमा पछि परेका हुन्छन् । तिनीहरुलाई राजनैतिक चिन्ता नै हुदैन आफ्नो कष्टकर जीवन विताउन सधैं आतुर अवस्थामा देखिन्छन् । यस्ता व्यक्तिहरुले दलको सदस्यता लगेका पनि हुदैन केवल समय सापेक्ष मतदान प्रक्रियामा परिवर्तन हुन खोज्ने ,कम सख्यामा उपस्थित हुने देखिन्छन् । संचारका माध्यम संग उनीहरुको कुनै सम्पर्क रहदैन । हेरास लासवेलले यस्तो किसिमको व्यक्तिलाई अराजनितिक भनेका छन । [21]

## २.६ राजनितिक सहभागितामा असर पार्ने तत्वहरु

राजनितिक सहभागितामा भाग लिनु वा न लिनु जस्ता कुराको आधारमा विवेचना गर्न विभिन्न विद्धानको भनाई सुनिन पुगे पनि तर राजनितिक सहभागितामा असर पार्ने तत्व निम्न छन् ।

### २.६.१. सामाजिक आर्थिक स्थितीः

मानिस विवेकशिल प्राणी र समाजका मुल्य र मान्यतालाई एक अर्का संगको तुलनात्मम विचरमै उसको आर्दश वनेको हुन्छ । जुन मानिसमा समाजमा राम्रो पहुच छ आर्थिक स्थिती दरिलो छ तिनीहरु राजनैतिक अवस्थामा चेतना अभिवृद्धि गर्छन र निरन्तरता दिन्छन तर जुन व्यक्तिको सामाजिक आर्थिक स्थिती कम्जोर छ त्यो व्यक्ति जहिले पनि कुञ्जको रुपमा परिणत हुन्छ । राजनितिक रुपमा सहभागितामा असर पर्न जान्छ तर शहरिया तथा नव युवकमा त्यस्ता सोच प्रष्टित हुदै परिवर्तन हुन्छ जाति, धर्म लिङ्ग, र उमेर समाजका स्वभाविका आधार भुत तत्व हुन ।

### २.६.२ मनोवैज्ञानिक तत्व

समाजमा मानिस आफ्ना विचार लक्ष्य प्रगतिको मार्ग दर्शक वनको हुन्छ समाज भित्र नै वसेर राजनितिक सहभागितावाट आफु सम्मानित वन्न चाहान्छ । आफ्ना झिना मुसिना सोच अवश्य हुन्छ त्यसैले मानिस राजनितिकमा अग्रता लिन चाहान्छ संख्यात्मक तवरले अघि वढ्न तर त्यसको मनोवैज्ञानिक तत्व के हो वुझ्न सकिदैन । शिक्ति लाभ, इजजत सम्मान मान्यताको लागि अधिवढछ । पाए वढछ नपाए घटछ [22]

### २.६.३ राजनिति स्वरुप

दलिय व्यवस्था चुनाव अभियानको स्वरुप विवाद र विचारधारा जस्ता राजनीतिक वातावरण राजनितिक वातावरण राजनीतिक स्वरुप हो [23]

---

[21] सूर्यकान्त पौडेल आधुनिक राजनितिक विशलेषण काठमाण्डौं पव्लिकेसन १९८० पृ.१२६

[22] सूर्यकान्त पौडेल पूर्ववत १२६-१२७

[23] हर्वट मेकवलोस्की पोटिटिक्स पार्टी सिपेन्ट इन्टसेशनल इरनसाईक्लोपोडिया अप सोसल साइन्स म्याफमिलन १९६८ पृ. २५३-२६४

क) दलिय व्यवस्थाः कुण्ड कुण्ड पानी मुण्ड मुण्ड विचारधारा वोकेका हिजो आजका अनुयायीको निम्ति एउटै विचारमा अटाउन सक्ने अवधारण नै छैन प्रत्येक दलगत स्वार्थमा जुटेका सहभागिले आफ्नो आफ्नो पक्षमा जनमतको वृद्धि गराउन विभिन्न किसमका प्रलोभन देखाएर जुटेको देखिन्छन् । दालिय शासन पद्धति भएको मूलुकमा त्यहाँ का नागरिकलाई आफ्नो आफ्नो कार्य क्षेमता अनुसार नयाँ मार्ग उन्मुख गरेको देखिन्छन् । एक दलिय व्यवस्था घटन जान्छ भने दलिय व्यवस्थामा थपिन पुग्छ । यसरी राजनीतिक स्वरुपले पनि राजनीतिक सहभागिता घटन जान्छ ।

ख) चुनाव अभियानः राजनितिक सहभागिताको प्रमुख कारण चुनाव अभियान पनि हो जव राजनीतिक दलमा तिब्र प्रतिद्वन्तिदा वढ्छ अनि दलको छनौटमा गम्भीर समस्या देखा पर्छ निष्क्रिय रहेका जनसहभागिता पनि निर्वाचन अभियानमा जुटछन् कतिपय पुरानै अवस्थामा फिर्ता हुन्छन । राजनीतिक सभामा उपस्थित हुने संख्या वढछ पनि राजनैतिक जागरणमा चेतना जागृत गराउने काममा महत्वपूर्ण स्थान ओगटेको हुन्छ [24]

ग) राजनीतिक विवाद र विचारधारा हटः राजनितिक सहभागिता वनेको क्षेत्रको जानकारी सम्वन्धी छ व्यक्ति आफ्नो विचारधारा अनुसार व्यवहार गर्नु नै राजनैतिक चेतना हो । मानिसका वैचारिक सम्वन्धको समन्वय द्वारा नै राजनितिक क्षेत्रमा आफ्नो व्याहारिकलाई नै यथार्थता तर्फ ढाल्ने प्रयत्न गर्दछन् । अन्तमा राजनैतिक चिन्तक भन्नु नै त्यसको मुख्य विषय वस्तु हो भन्ने ठान्नु पर्छ ।

राजनैतिक पार्टीको घोषणा पत्रमा उल्लेखित गरी देशको सम सामुहिक अवस्थाको सामाजिक आर्थिक विश्लेषणको तर्फपूर्ण शैलीको क्रममा नै दृष्ट्रिगत रुपमा रुपान्तरको सजग माध्यम वन्दछ । राजनीतिक क्षेत्रका नागरिक फितलो पनि हुन जान्छ । यसरी असचेत व्यक्ति पनि आफ्नो हितको निम्ति केहि असहज परिपिस्थतमा पनि काम गरी राखेका हुन्छन । त्यस्तै राजनीतिक विवादका प्रश्नले पनि व्यक्तिलाई राजनितिक सहभागिता वन्न प्रेरणा दिएको हुन्छ । जातिय , आर्थिक , सामाजिक जस्ता सार्वजनिक जिवनका विषयमा उब्जिएका विवादहरुले राजनितिक सनसनी पैदा गराउदन्छ र निर्वाचनमा अत्यधिक मतदाता जुटछन् ।[25]

## २.६.४ बौद्धिक वर्गको प्रभाव

शिक्षक,विद्धान ,पधानाध्यापक, वकिल ,साहित्यकार ,लेखक, पत्रकार,डाक्टर आदि समाजका वौद्धिक वर्ग भित्र पर्दछन् । समाजमा यिनको स्थान उच्च रहेको हुन्छ । आम मानिसको विश्वास रहेको हुन्छ ।अर्को तर्फ विचार र कार्यवाट प्रभावित वनेका हुनछन् । देशमा घटेका घटनाको विवरण पनि यथास्थितीमा राखिएको र वुझ्ने रहेका हुन्छ । कुनै पनि स्तरमा वोद्धिकतालाई ओझेलमा पारेर वस्न चाहदेनन पनि सरल सहज निति

[24] सूर्यकान्त पौडेल आधुनिक राजनितिक विश्लेषण काठमाण्डौं पव्लिकेशन १९८० पृ. १२७-१२८
[25] सूर्यकान्त पौडेल ऐ.ऐ.

अवलम्वन गरेर एक आपसमा वस्न चाहन्छन् देश काल समय परिस्थिती विचमा , प्रतिस्प्रधा गरेर अगाडी वढने् सोचमा अभिप्रेरित वन्नुले नै राज्यले कुनै पनि समयमा नयाँ दिशावोद्य गर्न सजिलो पर्छ  अनि जनसहभागिताको आसा र भरोसा भन्नु नै वास्तविक वौद्धिक वर्ग नै हुन । नेपालको जहानिया तानाशाहको निरंकुश सन्ना देखि लिएर २०४६ सालको  जन आन्दोलनमा , पनि बौद्धिक वर्गको महत्व त्यति नै बढि महत्व बढेको छ । वर्तमान नेपालको परिस्थिती अनुरुप पनि बौद्धिक वर्गले आफ्नो क्षेत्रको औपचारिकताको  प्रत्यक्ष मार्ग अवलम्वन गरेको छ यदि वुद्धिजीवी छैन भने त्यो समाज अन्धकारपूर्ण हुन्छ त्यहाँ सधै अध्यारो हुन्छ । अन्धकार  अविश्वास , विसंगती ,विकृति जस्ता कुराको अग्रसरता हुन्छ । विकास वन्द हुन्छ । सबै बाटो अवरोध पुग्छ किन भने वुद्धिजीवी वर्ग भनेका राष्ट्र र जनताका माझमा पुलेका रुपमा काम गरेका हुन्छन । तसर्थ राजनिती सहभागितामा वुद्धिजीवी वर्गको ठुलो दायित्व हुन्छ समाजले गतिशिलता प्रदान गर्छ ।

## २.७ राजनितिक सहभागिता र प्रजातन्त्र

राजनिति सहभागिता प्रजातन्त्रको आधार स्तम्भ हो । राजनितिक व्यवस्थाको प्रजातन्त्रको मापन गर्ने माध्यमले  राजनीतिक सहभागिता द्धारा गरिन्छ । प्रजातन्त्रको सफलता र असफलताको अन्तिम हतियार राजनितिक सहभागिता हो राजनितिक व्यवस्थामा जतिको राजनितिक सहभाति देखिन्छ त्यति नै प्रजातन्त्रको पक्षमा सुधार भएको मानिन्छ , यसरी प्रजातन्त्र भन्नु नै जनता हो  जनता द्धारा जनताको लागि सरकार यथार्थ रुपमा , त्यो वेला  स्थापित हुन्छ जव जनता अधिक भन्दा अधिक सहभागि हुन्छन् । प्रजातन्त्रमा मतदान द्धारा जनताको भावना बुझ्ने गरिएको हुन्छ । मानिसहरु मतदानमा सहभागिता हुनु हो । आफ्ना मौलिक हक, वाक स्वतन्त्रता नागरिक हक, संवैधानिक प्रक्रिया , स्वतन्त्रता प्राप्त गर्न चाहुनु  नै प्रजातन्त्रको पुर्ण सफलता हो तर प्रजान्त्रमा उदासिनता देखाउनु खतरनाक अवस्था सृजना गर्नु हो उदासिनतामा आगत निर्गत विषय वस्तुले नै नराम्रो असर देखा पारेको हुन्छ । प्रजातन्त्रको लागि हामी सबैले सहभागिता हुनु अत्यन्त जरुरी हुन्छ । राजनैतिक प्रक्रियामा तमाम त्यस्था अकुशल अवधारणाको पहिचान गर्न सकेन भने देशमा कहाली पुर्ण अवस्था सृजना हुन सक्छ । तन, मन , वचनले राजनीतिक सहभागितामा गरेर प्रजातन्त्रको अनुयायी वन्न अनिवार्य पर्छ , जिवन त्यसमा पनि राज्यको आफ्नो व्यवधान विभिन्न सिमाका बाँधिने प्रक्रिया त छदैछन् , जन्म नै जन्म पछिको वन्दक वनेको हुन हेर्ने मानिसले सामुदायक भावनाको कदर गर्दे राजनैतिक सहभागिता र प्रजातन्त्र प्रति आवद्ध हुनु पर्छ भने कुरा चरितार्थ गर्न खोजिएको छ ।

## २.८ राजनैतिक सहभागिता, मतदान र निर्वाचन

प्रजातन्त्रमा मानिसलाई भोट दिने , निर्वाचन लड्ने , नेता चयन गर्ने व्यवस्था रोज्ने अधिकार पाएका हुन्छन् । वास्तममा राजनैतिक सहभागिताको मुलमन्त्र नै भोट

दिने अधिकार हो । यो अधिकारको प्रयोग गरेर केवल राजनितिक रुपमा सहभागि नभएर यसको अतिरिक्त अन्य राजनितिक गतिवधिमा समेत सामेल भएको हुन्छ । व्यक्तिहरुको राजनेतिक जानकारी राख्ने नयाँ राजनीतिक मामिलाको जानकारी प्राप्त गर्न राजनीतिक दलको गतिविधिमा भाग लिनु चुनाव अभियानमा आफुलाई सम्मिति गराउनु , आफ्नो पार्टीका उम्मेदवारको लागि समर्थन जुटाउनु उसको लागि प्रसार प्रचार गर्नु त्यस्तै यस संग सम्वन्धित अनेक राजनितिक कार्य गर्दछ । मताधिकारको माध्यमवाट नै उक्त कार्य गर्ने पाउने अवस्था सृजना गर्ने ।

निरंकुश शासन व्यवस्थामा मताधिकारको अभावमा व्यक्तिको राजनीतिक सहभागितालाई वहुत कम गरि दिएको हुन्छ । यस्तो शासन व्यवस्थामा एउटा कुनै व्यक्तिको आदेश र निर्देशन मान्नु पर्ने वाध्यता जनतामा रहेको हुन्छ । यसवाट यो निष्कर्ष निकाल्न सकिन्छ कि मताधिकार राजनीतिक सहभागिताको महत्वपुर्ण त्तत्व हो यसै अधिकार वाट अन्तत् राजनीतिक सहभागिता सफल हुन सक्छ ।

लोकतान्त्रीक शासन व्यवस्थाको मुल मर्म वयस्क मताधिकारको आधारमा जनतालाई निर्णय निर्माण प्रकृयामा भागदारी वनाउनु हो मताधिकारको माध्यमवाट व्यक्ति यथार्थ रुपमा राजनितिक संग सम्वन्धित हुन्छ । व्यवस्थाको विरौध गरेर होस वा समर्थन गरेर उस्ले गरेका मतदान द्धारा राजनीतिक व्यवस्थामा समन्वायात्मक स्थिती ल्याउन मद्दत गर्छ । यसरी प्रजातान्त्रीक मान्यता यस्तो हुदा हुदै पनि यसको केहि सिमाहरु  निर्धारण गरिएको हुन्छ । जस्तो व्यस्कता , नागरिक निवास , क्षेत्रको वन्धन लगाइएको हुन्छ । मतदानको परिणाम जन समर्थनको परिचात्मक हो यसको लागि विभिन्न निर्वाचन प्रणाली वहुमत प्रणाली, पूर्ण वहुमत प्रणाली , अनुपातिक प्रतिनिधित्व प्रणाली अपनाईन्छ । यस वाट के प्रष्ट पार्दछ भने निर्वाचन प्रणाली द्धारा राजनीतिक सहभागितालाई अगाडी वढाउन मद्दत गर्छ ।

आधुनिक युगको सोचको दृष्टिकोणलाई जित्ने एउटा वलियो जनाधार शक्तिको रुपमा राजनीतिक सहभागिता निर्वाचन र मतदान प्रक्रिया स्थापित भएको मान्न सकिन्छ  किन भने यषे एउटा शासन व्यवस्था परिचालन गर्ने शुत्रधारको रुपमा वलियो आधारको रुपमा स्वीकार्न पनि सकिन्छ ।

# परिच्छेद - ३

## रोकाया जातिको सामान्य परिचय

नेपालका रोकाया जातिको अस्तीत्व र वर्णात्मक तवरले केलाउदै वंशवली क्रम अनुरुप अध्ययन गर्दा आदि वासीको रुपमा नै स्वीकार गर्न सकिन्छ । नेपालको हिमाल देखि तराई सम्म फैलिएर रहेको पाउन सकिन्छ । शैक्षिक राजनितिक, आर्थिक, समाजिक र साँस्कृतिक धरातलमा पनि कतै न कतै जुरमुराएको भेटाउन सकिन्छ । रोकाया जातिको फरक फरक स्थानमा फरक फरक किसमले परिचित भएको पाउन सकिन्छ । वेग्ला वेग्लै विकास क्रमको आधारलाई पाटो वनाएर शोध पत्रको प्रयोजनमा कठिनाई पनि झेल्नु पर्ने हुदा अव प्रश्न उठछ ? बझाङ्ग जिल्ला रोकाया जातिको विकासक्रम र पद्धतिवारे वुझन अति नै महत्वपूर्ण ठान्नु पर्छ भन्ने सवाललाई सजिवता दिदै रोकाया जातिको समान्य परिचय दुई खण्ड विभाजित गर्नु पर्ने महसुस गरी प्रसंग अगाडी सार्ने प्रयत्न गरेको छु ।

वझाङ्ग जिल्लाका रोकाया जातिको चिनारी चिमा र चिन्तु व्रह्मण प्रारम्भ भएको देखिन्छ [26] टुक्रियको नेपाल राज्य फेरी राज्यको संरचना पनि विभाजित भएको ऐतिहासिक पृष्टभूमिवाट नै वुझन सकिन्छ । वझाङ्ग जिल्ला को राज्य मानवतावादी राजा जय पृथ्वी वहादुर सिंहका पुर्खाको जिम्मा थियो । राज्य शासन व्यवस्था लोकप्रिय राम राज्यको स्थापना थियो । उनका सेवा टहल वस्ने चिमा र चिन्नु नाम गरेका दुईवा ब्रह्मण थिए । ज्योतिसी विद्यामा ज्यादै निपूर्ण थिए । एक दिन चिमा व्रह्मणलाई रातीमा सपना प्रकट हुदा बझाङ्ग राजाको दरवार नजिक रहेको देवीको मन्दीरमा व्रर्ज प्रहार भोलि विहान ११: ३० वजे हुने र धनजनको छेती हुने छ भने अवगत हुदा त्यस पछि चिमा व्रह्मण रात भर जागरम वसेर बर्जको प्रहारवात वच्न विभिन्न धार्मिक तन्त्रको धारण गरेर वस्ने निधो गर्दा भाई चिन्तुलाई पनि सोहि कुराको अवगत गराउदै भने छन् भाई कोटमा ठूलो घटना हुनेछ त्यसलाई हटाउन हामीले आफ्नो कर्मजमा जुट्नु पर्छ भन्दा चिन्तु घर भित्र लम्कदै ठूलो धारीलो तरवार नचाउन थालेछन् । त्यो कुरा चिमा व्रह्मण लाई सारै असहय वनेर एक्लै जप गर्न वसे छन् । जव ११:३० को समयमा सामान्य वर्ज वर्सन थाल्यो चीन्तुले त्यस वर्जलाई भूमीमा प्रवेश नै नपाउदै टुक्रा टुक्रा पारेर खसाली दिए तर त्यो कार्य बह्मण जातिवाट हुने नभै क्षेत्रीजातिको भएको हुदा चिमा ब्रह्मणले भाई चिन्तुलाई त्यसै दिन देखि क्षेत्री जातिमा परिवर्तन गरिएको स्वरुप वझाङ्ग जिल्लाका रोकाया जाति परम्परागत ऐतिहास वनेको हो [27]

विषय वस्तुको धुमारो पाटो पृथक दृष्ट्रिकोणले के लाउदा काँडा गा.वि.स. का रोकाया जातिको वास्तविकता के हो ? के वझाङ्गी रोकाय जाति बंशावली अनुसार ने

---

[26] डोर वहादुर विष्ट सर्वजातका फुलवारी

[27] मानवतावादी राजा जयपृथ्वी वहादुर सिंहको बझाङ्गको चिनारी

मिल्छ भन्ने प्रश्नमा मत मतान्त्रर फरक फरक भेटिने गरेको पाउन सकिन्छ जुन निम्न अनुसार वेली विस्तार गर्नु पर्ना अनिवार्यता ठानिन्छ । कसै कसैले भोटवाट आएका हुनाले भोटे नै हुन भन्ने सोचेका छन् भने कसैले वझाङ्ग जिल्लाको वासकाटियावाट वस्ती सरिगयको भन्ने जनगुनासो सुन्नामा पाइन्छ तर वास्तविक पहिचान वुझन सरल छ साँस्कृति गाथा संगै गासिएको मगर जातिवाट रोक र टोकवाट रोकाया जातिमा विभाजित भएको पाउन सकिन्छ । रोकाया जातिको जातिय जातिय पहिचान नेपालको २२/२४ राजा रजौटा नेपालको चीन संगको लडाई र समधुर सम्वन्ध संग जोडिए रहेको पाउन सकिन्छ । काँडा गा.वि.स. वार्ड नं. ६ र ७ मा वस्ने रोकाया जातिको हन ? कसरी यस स्थानमा वसोवास हुन गयो भन्ने सर्न्दभमा शोघको अनुसन्धानको को क्रममा आफुले प्राप्त गरेको जानकारी अनुरुप उत्पती र विकास क्रमको साह संक्षेप चिनारी अनुसार प्रस्तुत गर्नुले जो कोहिलाई अनौठो र असत्य पनि लाग्न सक्छ के नेपाल भित्र नै अझै यस्ता मानिस छन [२] वहादुर शाहको चीनको तिव्वत युद्धमा आफुले नेपालीको तर्फवाट केहि अमूल्य सम्पदा गुमाउनु परेयो भने शाँशिक रुपले केहि फाईदा जनक कार्य अमूल्य सम्पदा गुमाउनु परयो भने आँशिक रुपले केहि पाईदा जक कार्य पनि नभएका होइननहोल । समाज दिनानु दिनका निार्चाय एक पछि अर्को किसमको परिवर्तनकारी छलङ्ग मार्दैर्छन अन्त अनि उदय मान शक्तिको शासन पद्धति चल्दै छ । यस्तो अवस्थामा रोकाया जाति को हुन भनेर आफ्नो अनुसन्धानको दिएको सजिलै समथर फाँट वन्न सक्दैन तमाम समाजका समाज भित्र नै व्याप्त शाषकका जंजिरका साङ्गला छिचोल्न सजिलो पनि हुदो रहेन छ । जातियताको नरावाजीलाई सत्यता तर्फ प्रवेश गर्न खोज्दा त्यसै समाजमा असहज पनि वन्दो रहेछ समय सर्न्दभ अनुसार पक्कै जीवनको दौडमा थप सहयोग मिल्ने अवसर पनि भेट्ने विन्दु पनि बन्न सक्छ । तिब्वत युद्धमा सैनिक कमाण्डरको भूमिका निर्वाह गरी सैनिक कमाण्डर पहलमानसिह थापामगर तिव्वतको लडाईमा केहि वहादुरकि साथमा युद्धमा होमिए भने अर्को तर्फ तिव्वत मार्गको साथमाा धनको प्रलोभनमा परि नेपालको वीरतालाई गुमाउन आन्तरीक रुपले नयाँ पाईला चाल्दा सो कुराको जानकारी राजा वहादुर शाहको जुनाफमा पुग्दा सैनीक कमाण्डरवाट मुक्त गराई तिव्वतको ताग्लाकोटमा ने वस्ने नेपाल प्रवेश गर्नै रोक लगाईएको थियो । विक्रम सम्वत १७९२ को तिव्वत युद्धमानै विस्थापित हुन पुग्यो चीनमा जातिय सम्भानका कुनै आदर सत्कारका सिमा नै थिएन ताग्लाकोटमा रोक लगाएर राख्दा कथिथ कुरावाट एउटा राजा वाट प्रदान गरीने राहदानीवाट लिखित पत्र दिइएको थियो जसमा नेपालको सैनिक कमाण्डर पहलमानसिह थापामगर ताग्लाकोटमा वस्ने निधो गरेकाले तिव्वतीय राज्यको शासन प्रणाली अनुसार पहलमान सिहंथापामगर रोक गराएको छ भन्ने आदेश अनुसार त्यहाँ नै वसोवास गरेको नालीवेली पाउन सकिन्छ [28] लामो समय चीनको तिव्वत र नेपालको संन्धी सम्झौतामा जे जति गुमाउनु

---

[28] वि.के. रानामगर गोरखा मागरहरु विगत देखि वर्तमान सम्मको ऐतिहासिक पृष्ठमूमी एक विश्लेषक काठमाण्डौं ।

पर्ने परिस्थिती सृजर्ना भयो चिनिया प्रधानमन्त्री चाउयानको समयमा नेपालले लुटेका भेडा चौरी रअन्य सम्पती नेपालले फिर्ता गर्ने , नेपाली नागरीक फिर्ता गर्न सकिने अवस्था थिउन किन भने त्यस समय सम्म आफ्नो परिवेश गुमाई प्रवासी जीवन राष्ट्रियताको सवालमा कम्जोर वनी सकेको थियो होला । नेपालले आफ्नो सन्धीमा मानासरोवर गुमाउन सफल रहयो भर्ने अर्को तर्फ अरनीको राजमार्गमा पर्ने तातोपानी नेपालका लागि प्रमुख द्वारको रुपमा प्राप्त गरयो । प्रजातन्त्रका सेनानी अथाव जन निर्वाचित प्रधान मन्त्रि वि.पि. कोइरालाको चीनको भमर्णमा १९६०/११/२१ मा पुनः आफ्नो चाल चलन रिती रिवाज रहन सहन र साँस्कृतिक मत भेदका कारण पहलमानसिंह मगरका केहि सन्तान काँडा गा.व.स.को घुलीमा अस्थायी वसोावास पहीले देखि गर्दै आए पनि परिवार स्थायी रुपले काँडा गा.व.स. को वडा नं. ६ र ७ मा वसोवास गर्दै आएका छन् । लामो अवधि समम गुमाई सकेका र ताग्लाकोटमा नामको पडाडि रोक लेख्ने गरेकोले पछि  नेपालमा आएर रोकवाट रोकाया जातिमा परिणत भएको कुरा ९३ वर्षिय जंगवहादुर रोकायावाट बुझियो ।[29]

पुर्खावाट युद्धमा लडिएका ढाल, तरवार, तोप र सैनिक पोषाकहरु याथावत रुपमा पाउन सकिन्छ । रोकाया जातिले उद्धगम स्थिललाई अधार वनाई स्रोत प्रयोजनको रुपमा अनुसन्धानको विषय वनाई सहदय गुरुको उत्सुकता वढने छ । रोकाया जातिको वस्तीमा नौलो विहानी प्राप्त गर्ने ऐतिहासिक पहिचान दिन सकिने अभिलासा पनि प्रकट गर्न सकिन्छ ।

### ३.१. परिचयः

वझाङ्ग जिल्लाको प्राकृतिक सम्पदाले सु सुपन्न भूमि असंख्य जंगली जट्टी वुट्टी, मृग कस्तुरीको वास स्थान नदीलनाल र झरना अनि समथर र भिरालो जमिन घाँसले छायको साना साना छाप्रा घर लगभग ४ फिट सम्मका रोकाया जाति र  खाईलाग्दो जिउडालको सम्झना आउदा विछट्टै भुल्न नसकिने माया उरै हिमालको चिसो चुम्वन सुसेली खेलेको पाउदा धुली गाउँका रोकाया जातिको वस्तीलाई वुझ्न सकिन्छ । राष्ट्रले जस्तो सुकै अवस्थामा अगाडी बढेको महसुस गरे पनि रोकाया जातिको पहिरन देख्दा आदिम युगमा पनि यस्तै मानिस थिए कि जसको अनको ठूलो लामो बक्खु कम्मरमा वाँधने उनको पटुका टाउको लपटेर राखेको उनको गलबन्दी राता जुङ्गा रातो अनुहार, स्याउको दाना जस्तै गाला, लामा चाक्ला दाँत ठूला ठुला आँखा चरक परेको नाक आत्मा भित्र त्यस्तो किसमको अन्तरहुन्छ सृर्जना हुन्छ जसको वर्णन .................. कठीन जस्तो देखिन्छ ।

अर्को तर्फ मानविय समुदाय हातमा उन कतुवा पिठयुमा डोको उकाला उढदै ओरालो झर्दै सुस्त सुस्त मघुर ध्वनीमा गित गाएको झनै सुनमा सुगन्ध थप्ने काम गरेको पाउन सकिन्छ । संग विरंगका ज्वाला छन् वास्ना द्वारा फूलका थुङ्गा छन् जसको

[29] रोकाया जातिको वंशावली अनुसार

महत्व अत्यान्त अपार सम्पदाले छायको देखिन्छ । भेडा वाखा चराउदै, चौरी गाई डुलाउदै समथर हरियाली कान्लामा रमाएको दृष्य कस्तालाई राम्रो लाग्दैन काँधको शोभा वन्दुक भिर पाखामा मृग शावक भन्दा वढी उफ्रेको रोकाया जातिको परिवेश खेतीलाई निम्न कुटीर व्यवसायलाई मध्यम र जंगली जनावरको व्यवसाय उत्तम ठान्ने रोकाया जातिको अस्तीत्वलाई ओझेलोमा पार्न सक्छ आवश्यक परिवर्तन पनि त्यसको लागि हुन्छ जसले नयाँ जीवनको प्रारम्भ गर्न सक्छ । कहिले त्यस्ता निर्दयी दिन आउन सक्छन र आफै ओलिएर जान्छन् । जसलाई कसैले प्राप्त गर्न सक्दैनन पनि तर जात जाति रहन सहन वाध्यता र चुनैति रोकाया जातिको लागि खस खसको विषय वन्न पनि गएको छ । जसको सहज रुपले प्रतिउत्तर दिने सथान नै छैन रोकाया जातिको प्रचिनतालाई पाउन धौ धौ पर्ने छ किन भने वास्तविकताले वाटो मोडी सकेको छ । हुन त एउटै मुलुक नेपाल यसै मुलुक भित्र त्यस्ता भाषा आफ्नै छ रोकाया जातिको स्थानिय भाषामा अडको पडको तेलको धुप को छाया दर्शाएको पनि छ समाज दर्पणमा अगाडी बढ्न व्राह्मण, क्षेत्री, र कुलिन जातिमा जन्म हुन नै ठूलो होइन कोसे ढुङ्गा प्रमाणित हुनपर्छ जनवोली मा त्यस्तै परिचायात्मक अकार सफल छ यस काँडा गा.वि.स.का रोकाया जातिको परम्परा किन भने जाति नै पहिचानको खुराक वन्य छ । इतिहासका दानामा कोरियका वेदनाको एक मुस्लो चुस्त सुस्त दुरुस्त उतार्नु अन्तिम तैयारी पनि हुनु पर्छ त्यस भित्र नै सच्चा चरित्र निर्माणको संगम त्रिवीणि भन्ने छ । रोकाया जातिको जातिय संस्कार नेपालीमा उखान छ धेरै खाएमा चीनी तितो हुन्छ रे त्यस्तै रोकाया जातिको जातिय पहुचलाई आधार वनाई पूर्व मेचि देखि पश्चिम महाकालि सम्म फैलिएर रहेका नेपालीको लागि चासोको विषय वनौस र सत्यता प्राप्त गर्न सकौन यहि नै मेरो शोध को प्रयोजनको विषय भित्र अडान रोकाया जातिको उत्थानको स्वदेशि पर्यटक र विदेशी पर्यटकको चासोको विषय वनौस भन्ने प्रगतीको थुम्को अघि वढाउने प्रयास गरेको छु ।

तसअर्थः बझाङ्ग जिल्लाको अपार सम्पदाको ढुक ढुकी त्यही दिन उदायमान ज्वाला प्रज्ज्वलन हुनेछ जव रोकाया जातिको गास, वास, कपास शिक्षा जस्ता अभिन्न राज्य पक्षका मर्म विजुल्ली झै चम्किने छन् त्यो परिशिष्टमा आधारित हुने छ । रोकाया जातिको चिनारी ।

## ३.२ रोकाया जातिको उत्पती र विकास कमः

काँडा गा.वि.स. का रोकाया जातिको विकास कम मगर जातिवाट नै भएको हुनाले नेपालमा मगर जाति पाँच समुहमा प्रवेश गरेको देखिन्छ । पहिलो समूह पश्चिमी भेगवाट आएका मुनाङ्गका सन्तानहरु नै सर्वप्रथम १३०० इ.पू. तिर नेपाल प्रवेश गरेका थिए । दोस्रो मुहक आसमवाट तेस्रो समुह उत्तरी भेगवाट चौथो समुह सिक्किमवाट र पाँचौ समुह दक्षिण भेगवाट नेपालमा प्रवेश गरेका हुन भन्ने भनाई छ । [30] मगर जाति

[30] धर्मप्रसाद श्रीस मगरराती संस्कृतिक विराटनगर श्री मति दुर्गा देवी श्रीस २०३८ पृ ७

तिव्वतवाट काङपाचन उपत्यकावाट शेर्पावाट युद्धमा पराजित भए नेपाल यसैको दर्शाईएको छ । एक समूह पाल्पातिर र अर्को समुह चैन्पुर तर्फ लागे भने उत्तरी भेग स्थित देखा परेका थिए सिन मगर चिन्तु मगरको नेतृत्वमा मगरहरु उत्तर दक्षिण झरेर पछि यीनै वाट वाहम्रण जात सृर्जना भएको भन्ने उलेख छ ।

त्यसैले किराँत संस्कृतिका विशेषज्ञ इमान सिं चेमजोङका अनुसार मगर समुदायको उत्पती हाल चीनको सीन भन्ने स्थानवाट भएको हो भन्ने तर्फ प्रस्तुत गर्नु हुन्छ यिनीहरुको त्यस ठाँउवाट "सिङ" र "चिन्तु" भन्ने दुई मगरहरुको नेतृत्वमा सर्वप्रथम नेपालको दक्षिण भेगमा प्रवेश गरेका थिए । तिनीहरुलाई स्थानिय भाषामा स्थानिय व्यक्तिहरुले ताङसाङ थापा भन्ने गर्दथे त्यहाँको अर्थमा उत्तरवाट आएको भन्ने वुझिन्थ्यो तानस-आङ दुई शब्दको अर्थ "उत्तर" रमा हुन्छ [31] अर्का विद्धान :बवयच जचपि व्यक का अनुसार मग र पाल्पाका आदिवासी हुन र आज भन्दा ७०० वर्ष अगाडी देखि छरिए र वसेको भनाई छ । याङजाकोट कास्की को जगतमान गुरुले उपलब्ध गराउनु भएको बंशावली अनुसार मागरहर स्याङ्गजा वाट खेतको वडा पर्दा राजाले निसाफ नहिदा नदी तरी पारी पसेको भन्ने वुझिन्छ ।

भाषाको दृष्ट्रिकोणले हेर्ने हो भने सिक्किमको लेपच्या समुदाय र नेपालको समुदाय भगरको मिल्दो जुल्दो देखिन्छ । लेप्चा भाषामा आगोलाई म्या, वाटो लाई लाम १ अंकलाई काट २ लाई नेट ३ लाई सोम उनुलाई राप्के भनिन्छ । भने क्रमशः मगर भाषा पनि यीनै शब्द प्रयोग गरिन्छ ।

समाज शास्त्री डोर वहादुर विष्टको अनुसार पनि नेपालको एकिकरण हुन भन्दा पूर्व मगर जाति विभिन्न ठाउँमा छरिएर वसेका थिए पछि गउर वहु राज्यमा स्थापित भएको कुरा मगर वंशावलीमा पाइन्छ [32] यसरी मगर जातिको उत्पती र विकास क्रममा विभिन्न विद्धान वृद्धिजीवि तथा अन्वेषकहरु द्वारा जे जति विचार अभिव्यक्त गरिएका भए पनि एकिनका साथमा ठोकुवा गर्न सकियको छैन तापनि कर्णप्राली गण्डकि प्रदेशको दायित्व वा जिम्मेवारी मगर जातिको नै रहेको देखिन्छ ।

काँडा गा.वि.स. का रोकाया जातिका वंशज मगर नै हुन कि त भन्ने प्रश्नमा स्थानिय जनश्रोतको आधारमा २०३८ सालको जंगवहादुर रोकायको भनाई द्वारा प्रष्टपार्न सकिन्छ भने अर्को तर्फ तिव्वतको लाग्लाकोटमा म २०४५ सालको दौडानमा ताकछिदा मगरलाई सोधनी गर्दा उनी नेपाली भाषामा नै सकि नसकि भुत भुताउन तैयार हुनु झनै वलियो आधार मान्न सकिन्छ । वझाङ्ग जिल्लाको किमदन्ती अनुसार पनि रोकाया जातिलाई भोटे भन्ने प्रचलन छ वास्तविक रोकाया जातिको भाषिक संरचनाका आधारमा पनि नेपालको विभिन्न क्षेत्रसंग सम्वन्धीत वसोवास गर्ने मगरजाति संग मिल्दो जुल्दो हुनुले झनै सजिलो पनि भएको छ भने कतै कुनै भाषामा उत्तर हुन्छ

[31] इमानसिङ्ग चामजङ्गः History and cultare of kirat people 3rd part Kathmandu perspective Sagar 1967 P.70

[32] ऐै.ऐै. सवैजातको फूलवारी डोरवहादुर विष्ट

त देखिन्छ त्यो अपभ्रसको रुप पनि हुन सक्छ तर यहाँ मगर समुदाय संग मिल्दै भाषा मेरा अनुसन्धानको क्रममा निम्न अनुसार वुझ्ने प्रयास गरेको छु आगोलाई म्या वाटोलाई लाम १ अंकलाई काट २ लाई नेट र ३ लाई सोम क्रमश वोल्ने गरेको पाइन्छ [33] विभिन्न पुराना भगना वसीस अथवा पुरात्वतकि विषय वस्तुको रुपमा पनि रोकाया जातिको पहिचानलाई अग्रगतीमा उभ्याउने गरेको पाइन्छ । कालन्तरमा आय र लामो समय पछि काँडा गा.वि.स. का रोकाया जातिको विकास क्रम छुट्टैरु रुपले परिचान हुन पुगेको देखिन्छ

**३.३ रोकाया जातिहरुको पूर्खा नामाङ्कनः**

नेपालका मगर जातिहरुको छरियर रहेको रुपलाई वेशवली क्रम अनुसार किटान गर्न कठिन परेपनि वझाङ्ग जिल्ला काँडा गा.वि.स.का रोकाया जाति मगर जातिकै वंशज हुन भन्ने कुरा पहलमानथापामगर वाट नै प्रारम्भ गर्न त्यति कठिन नवनी विचमा एक कदा वसाई सराईको भिन्नताले फरक पर्नगए पनि तलको तालिका चार्ट वाट स्पष्ट पार्न सकिन्छ । तालिकामा रोकाया जातिको पुर्खाको विकास क्रममा कतै कति कम्जोरी पनि देखिन सकिने त्यस्ता अवस्था पनि होलान जुन अनुसन्धानको क्रममा व्यक्ति विशेष र केहि मात्र महत्वपूर्ण विषय छिपेर पनि रहेको हुन सक्छ तैपनि भगीरक्त प्रयाप्त गरेर आफ्नो प्रयासलाई सत्य सावित नै गर्ने प्रयत्नमा जुटेर तैयार पार्ने प्रत्येन गरेको छु ।

रोकाया जातिको पुर्खा र नामाङकन [34]

---

[33] B.H. Hodron Earrvs on Language Listerature and Religion at Nepal of Tibet 2nd Part li Banatra si inadia 1971 P. 146

[34] रोकाया जातिको आफ्नो जेष्ठ घरमा राखिएको तामापत्रमा लेखिएको पुर्खाको नामावली वाट

## काँडा गा.वि.स. मा रोकाया जातिहरुको राजनैतिक सहभागिता

### ३.४ विगतको राजनैतिक सहभागिता

नेपालको राजनैतिक इतिहासका आधारमा यस जातिका मानिसको राजनैतिक सहभागिता नेपालको एकिकरण पूर्व रहेको मान्न सकिन्छ । गोरखा राज्यवाट नै यस जातिका पूर्खााको मुल थलो भएको र युद्धका कारण विभिन्न क्षेत्रमा छरिए रहदा राजनैतिक सहभागिता त्यति सवल नदेखियता पनि वास्तविक राजनैतिक सहभागितामा यस जातिको निकै प्रवल देखिन्छ । इतिहासका प्रत्येक आधार क्षेत्रवाट गहिरीएर मुल्याङ्कन गर्ने अवसर लाई नामाङ्कन गरेर वेली विस्तार गर्ने हा भने यदि मानिसङ खड्कामगर र गंगाराम राना विच भएको मनमुटापका कारण नै गोरखा राज्यको उदय भयो । श्री ५ वडामहाराज धिराज पृथ्वीनारायण शाहले विशाल नेपालको एकिकरण अभियानमा जुट्ने अवसर प्राप्त गरे मगरको मगराती इतिहासमा कालो वादलको रुपमा स्थापित हुन पूग्यो [35]

भक्तिथापा मगर नेपालको वीरता त्यस्तै फौजीमा कमाण्डरको अगुवाई गर्ने पहलमान थापा मगरको महुच राजनैतिक रुपमा अत्यन्त प्रवल रहनुको कारणले नै चीनको तिव्वत क्षेत्र भित्र पर्ने ताग्लाकोटमा हाली मुहाली शासन प्रणाली गरेको देखिन्छ । अर्को तर्फ आफ्ना सन्तानलाई नेपालको भूमिमा नै राख्न पनि प्रयत्नशिल रहनुले काँडा गा.वि.स. का वडा नं. ६ र ७ मा वस्ने रोकाया जातीको आफ्नै संस्कार पद्धति स्थापित गर्न पुगेका छन् राज्यका महत्वपूर्ण क्षेत्रमा आफ्नो प्रवेश गराउन नसके पनि संख्यामा पनि थोरै रुपमा रहेका रोकाया जातिको छुट्टै चिनारी प्राप्त गर्न सकिन्छ । घर धन्दा कुटो कोदाली लाई मुख जीवन निर्वाहाको आधार माने पनि गाउँ विकास समितीका वडामा आफ्नो किसमको पहुच प्रचार प्रसार घुस पेठ दमन, डर, त्रास र अभ्रद व्यवहार गरेर न भै शान्तीपूर्ण तवरले २००७ साल देखि हाल सम्म आफ्नो अस्तीत्वमा अडिग छन् काँडा गा.वि.स.का रोकायाहरु पूर्खावाट प्राप्त गरेको अशभ्य साहस कुञ्जीउर रहेका रोकाया जाति निर्वाचनको क्षेत्रमा सलवलउदा जुनेली पूर्णिमाको साथमा दोहन गर्न तत्पर छन् ।

### ३.५ वर्तमान राजनैतिक सहभागिताः

बझाङ्ग जिल्लाको सवभन्दा कम मतदात संख्या र प्राकृतिक विशाल स्वरुप ओगटेको काँडा गा.वि.स. दुर्गम र विकट स्थान तमाम उकाली ओरालीको अंकमाल पठयार लाग्दो विषय नै वनेको देखिन्छ । मानवतावादी राजा जयपृथ्वी वहादुर सिंहले २००८ सालमा स्थापना गरेको श्री धुली प्रा.वि. वर्तमान समय मिति २०६४/१२/१५ गतेको समय सम्म कक्षा ३ तीन सम्म मात्र सिमित हुन पुगेको छ [36] भने त्याँहाको राजनैतिक सहभागिता कस्तो छ भने विषयमा मन भित्र नै चिसो पसेर पनि आउने वातावरण प्रारम्भ हुन सक्छ । काँडा गा.वि.स. वडा नं. १ देखि ९ सम्मको २०६४

---

[35] वि.के रानामगर विगत देखि वर्तमान सम्मको ऐतिहाँसीक पृष्ठभूमिमा एक विशलेषण २०५४ पृ.२०-७०

[36] जिल्ला शिक्षा कार्यालयको अभिलेख अनुसार

/१२/२८ को संविधान सभाको निर्वाचनमा मतदाता नामावलीमा जम्मा १०१३ मात्र रहेको छ भने वडा नं. ६ मा ७६ मतदाता नामावली रहेको पाइन्छ भने रोकाया जातिको जनसंख्या ४० रहेको छ जसमध्ये २१ महिला १९ पुरुष रहेका छन् । अर्को तर्फ वडा नं. ७ मा जम्मा २१९ रोकाया जातिको संख्या केवल ६४ मात्र रहेको छ जस मध्ये ४१ पुरुष र ४३ महिला रहेको पाइन्छ ।[37]

जनसंख्याको आधारमा थोरै रहे पनि वडा नं. ६ र ७ मा पंचायत काल देखि २०५५ को स्थानिय निर्वाचन सम्म गा.वि.स.को अध्यक्षमा थोरै मतमा पराजित सुनपाल रोकाया पटक पटकको निर्वाचनमा ने.का. पार्टिवाट क्रियाशिल देखिनु हुन्छ भने वडा नं. ६ र ७ मा अन्य दलको प्रवेश गर्न झनै कठिन जस्तो देखिन्छ । २०६४/१२/२८ को संविधान सभाको चुनावमा समेत माओवादी र एमाले समर्थकलाई प्रवेश गर्न दिएको देखिन समाजिक , शैक्षिक क्षेत्रमा आफ्नो पहुच कम देखिए पनि विचार मा परिपक्क रहदै आएका छन् रोकाया जातिका महिला पुरुष २००७ साल देखि वर्तमान समय सम्म आफ्ना पुर्खाले पटक पटक गरेको राजनैतिक क्रियाशिल सानो पदको लागि सर्घष गर्नु र असफलता प्राप्त गरिरहनुमा दिनाचार्य नै ठानेका छन् काँडा गा.वि.स.का रोकाया जातिहरुले मैले सोधनी गर्दा प्रतिउत्तर दिदै भनेका थिए २०४६ सालको वहुदलिय व्यवस्थाको स्थापना काल देखि गाँउ विकास सकितिले ६ र ७ वडालाई गाउँ विकास समितिको रकम ने.क.पा. एमाले समर्थ अध्यक्षको विजयवाट हामी ठगिएका थियौं आसा गरौ फेरी पनि त्यही अवस्थारहने छ त र हामीले झुक्न जानेका छैनौ र झुक्तैनौ पनि एक व्याक्ति एक गोली खान तैयार छु विचार परिवर्तन गर्न तैयार नरहेको प्रसंगले म भाव विहल वने वर्तमान अवस्थामा रोकाय जातिको निर्वाचन प्रति एकदमै सक्रियता वढेको छ । अन्य पक्षलाई पनि समेटदै जाने गरेको पाउनु प्रभुत्व ब्याक्तित्वले अपनायको प्रविधी भन्दा उपयुक्त नै ठान्न सकिन्छ ।

आसा गरौ पाँच कक्षा सम्म ज्ञान प्राप्त गर्न सकेका रोकाया जातिको परम्परको संस्कारलाई युग सुहाउदो राजनैतिक सहभागिता प्रति सजग रहनु गौरवको विषय नै छ ।

## ३.६ दलगत रुपमा रोकाया जातिको राजनैतिक सहभागिता

वर्तमान अवस्थाको नेपाल नेपालको नयाँ प्रारम्भको युग समाजको राजनैतिक चहल पहल क्रान्ती र शान्त्रीको संन्देश वोकेको नेपाल नेपाल भित्र वस्ने विभिन्न जनजातिको समुदाय फरक फरक विचार विवाद सर्घष र द्वन्द । वन्दुक वम, शस्त्र अस्त्रको होड बाजी हत्या हिंसा आतँङ्क जस्ता विषयमा रहेको जटिलता दलगत स्वार्थको रुपले नै उत्पन्न भएका हुन एकले अर्कोको अस्तीत्व नै पतन गराउदै छ वर्तमान नेपालको समाज यस परिप्रेक्षमा काँडा गा.वि.स.का रोकाया जातिको राजनैतिक सहभागिता दलगत रुपमा आन्तरीक तहवाट नै वुझने प्रयत्न गरे रोकाया जाति नेपाली काँग्रेस प्रति आस्थावान भेटाइयो २००७ साल देखि २०१७ साल अनि २०३६ , २०४६

---

[37] बझाङ्ग जिल्लाको निर्वाचन २०६४ को मतदातानामावली अनुसार

को जनमत सग्रहमा आफु निर्भिक रुपमा काँग्रेस नै रहेको आफुलाई वताउन्छ भने व्याक्ति स्वार्थ भन्दा राष्ट्रको हितको लागि वि.पि. को समाजवादमा को किन अटाउदैन नेपाली काँग्रेश पार्टी भनेको नै समुन्द्र हो । जसमा साँस्कृतिक परम्पराको आधार छ । स्वतन्त्र विचार भएका व्याक्तिको खुला ढोका भनेको नै प्रजातन्त्रको स्थापनाको लागि राष्ट्र राष्ट्रियता र समाजवादको त्रिवीणी सम्भना गर्छन काँडा गा.वि.स. का रोकाया जाति ।

रोकाया जातिको आफ्नै आर्दश छ जसमा प्रचार प्रचार वकालत गर्ने व्याक्तिको पनि कुनै भूमिका छैनन् आफ्ना पुर्खाको उपदेश सम्भना गराउन्छ कथन छ चीनको माओत्स्यातङ्गको शासनमा वनधनमा पिजराको सुगा भै जीवन यापन गर्न आफ्ना पुर्खाले खेपेको दःखलाई ताजा रुपले स्मरण गर्दैछन् जुन नेपालको ऐतिहासिक थलो भन्दा टाढा गएको ठानिदैन स्वच्छ हिमालको उर्पना वोकेको रोकाया जाति रमाउन चाहान्छ सुन्दर प्राकृति सजावटमा एकान्तमा खेल्न र रमाउन जो कोहिवाट वन्दनमा पर्न चाहादैन काग्रेस पार्टीलाई रोकाया जातिको पूर्खाले आजैको सम्पक्तिको नामले सम्भना गर्छन । नेपाली काँग्रेस यस राष्ट्रमा शासन व्यवस्था संचालन गर्न सक्दैन भने राजाको नै महत्वपूर्ण स्थान हुनु पर्छ भने कुरा वर्तमान सम्म ओकालत गदैछन् ।

कुन सक्छ समयको गति संगै रोकाया जातिमा शिक्षा समाजिक र आर्थिक सम्पन्ता आउने छ पछिका सन्ततीले नौलो भावना नयाँ सोच वोकेर अन्य दलमा पनि प्रवेश गर्ने छन् तर वर्तमान समयमा काँग्रेस नै भएको प्रष्ट देखिन्छ । २०४९ साल २०५४ सालको स्थानीय निर्वाचनको परिणाम ६ र ७ वडामा निरविरोध निर्वाचित वडा अध्यक्ष / सदस्य मनोनित गरेर सहकार्य का गरेर ने.का. वाट सुनपाल रोकायालाई उपाध्यक्ष पदमा उम्मेदवारी दिदा विजय उम्देवारले ११५ मत प्राप्त र सुनपाल रोकायाले ९५ मत प्राप्त गरी पराजित हुन भने २०५४ को निर्वाचनमा गा.वि.स. अध्यक्षमा सुनपाल रोकाया १३५ मत प्राप्त गरी पराजित भएका थिए भने विजय उम्देवारले १५५ मत प्राप्त गरेको पाइन्छ [38]

नेपाली समाज समाजको परिवर्तन संघियलकोकतान्त्रीक गणराज्यको स्थापना निम्ति गरेको संविधान सभाको चुनावमा रोकाया जातिले १०३ मत मध्ये मतदान गर्न पुगेका मतदात मध्ये ७५ ले ने.का. लाई नै दिइएको पाइन्थ्यो जसमा प्रत्यक्ष तवरले १ जनाले मात्र मत पत्रमा फरक नपरौस भन्ने हेतुले मतदान गरिएको थियो । काँडा गा.वि.स.का रोकाया जातिको वर्तमान अवस्थाको राजनैतिक सहभातिामा विचार अनुसार नै जुटेको पाइयो ।

[38] निर्वाचन आयोग कान्तीपथ काठमाण्डौं स्थानिय निकाय निर्वाचन २०४९ र २०५४ को काँडा गा.वि.स.को परिणाम

**३.७ रोकाया जाति राजनीतिमा सहभागि हुनकाकारणहरुः**

मानिसहरु राजनीतिवाट केहि गर्न सक्छ आफु संलग्न नभए केहि असर पर्छ कि भन्ने विचारमा आवद्ध भएका हुन्छन् वर्तमान परिस्थिति त्यही अनुरुप चलेको पाईन्छ । तर काँडा गा.वि.स का रोकाया जतिको आफ्नो सवै स्वार्थ छैन केवल जननिर्वाचित प्रधानमन्त्री वि.पि. कोइरालाको चीन भर्मण पछि पुनः आफ्नो मुलक फिर्ता हुन अवसरवाट प्रभावित देखिन्छन् भने दास्रो कारण रोकाया जाति सोझा सोझा इमान्दार कुटनैतिक भाषा संघ सम्वन्ध नराख्ने र विशुद्ध भावनाले समाज सेवामा जुट्ने गरेका हुन । राजनीतमा सहभागिता शक्ति कमाउने शिक्षा पैसा जस्ता कुरामा कहिले आसा गर्दैनन् समाजको अनेकतामा एकता यापन गर्न राख्छन आफु संख्यामा थोरै फेरिकुक्रियमा शत्रुको पक्षवाट पनि पराजित हुनु पर्ने भयवाट पनि समुहगत रुपमा आफु एक ढिक्का भएको वताउछन् रोकाया जाति रोकाय र जातिको राजनैतिक सहभागिताका प्रमुख मुद्धा नै यीनै हुन ।

**३.८ रोकाया जातिमा सहभागिताको प्रकार :**

कुनै पनि राजनैतिक व्यवस्थालाई त्याहाँका आर्थिक समाजिक शैक्षिक धार्मिक संस्कृतिको वतावरणले प्रभाव पारेको हुन्छ । राजनैतिक सहभागिता वनाउन ती तत्वहरुको महत्वपूर्ण भूमिका रहेर पनि आखिर त्यहाँका मानिसहरु राजनतिकि रुपमा संलग्न हुन्छ चाहे राजनितिक गतीविधि वुझेर होस वा नवुझेर ।

रोकाया जाति अन्य जाति भन्दा सोझा इमान्दार कर्तव्यनिष्ट शिक्षा जस्ता कुरामा वन्चीत छन् त्यसैले राजनैतिक सहभागिताको कारण भिन्न छ । शैक्षिक र समाजिक पक्षमा पनि अन्य जाति भन्दा कम नै छन् त्यसैले राजनितिक सहभागिता हुने फरक कारणहरु छन् । काँडा गा.वि.स. का रोकाया जातिको ६/७ वडामा गएर ४० जना जतिलाई प्रश्न सोधिएको थियो उक्त प्रश्नको प्रतिउत्तर निम्न अनुसार देखा परेको थियो ।

**३.९ अराजनीतिक सहभागिताः**

रोकाया जातिमा शैक्षिक चेतनाको अभाव आर्थिक पछौटेपन, समाजिक जागरणको अभाव, प्राप्त मात्रमा देख्न पाईन्छ जहाँ शिक्षित आर्थिक रुपले सम्पन्न ठाउँमा राजनैतिक सहभागिता वढी रहेको देख्न पाईन्छ यहि कुरालाई राजनैतिक सहभागिता मान्दछन् । पश्चिम राष्ट्रमा पनि वहि कुरालाई प्रमुखता रहेको पाउन सकिन्छ । काँडा गा.वि.स.का रोकाया जातिलाई मैले ४० जनालाई प्रश्न सोधेको थिए ३५ जनाले आफुले राजनैतिक के हो थाहा नै नपाएको वताए भने ५ जनाले केहि वुझे जस्तो र केहि दोधार मा परे जस्तो गरेर उत्तर दिएका थिए । प्रश्नावली तालिका १ देखि १५ सम्म प्रत्येकमा उदासिनता देखाएको पाउन सकिन्छ ? भोट हाल्न जान्छन् तर जित हारमा कुनै वासता नै गर्दैनन् उक्त कुराले पनि रोकाया जातिको जीवनमा असर पारेको देखिन्छ । यसो हुनुको पछाडि यीनको आर्थिक र शैक्षिक प्रतिफल नै हो १५ रोकाया

जाति आर्थिक स्थितिको कारणले अगाडी वढन खोजे पनि सक्दैन भने वाँकी राजनैतिक सहभागितामा रुचीनै राख्दैन यसरी नै राजनैतिक सहभागिताम असर परेको वुझ्न सकिन्छ ।

### ३.१० सक्रिय राजनीतिक सहभागिताको आधारमा रोकायको राजनीतिक अवस्था :

यस प्रकारको राजनीतिक सहभागितामा साधारण सहभागिता वढी क्रियाशिल र सक्रिय देखिन्छन् यस सम्वन्ध मा विशेष गरेर राजनैतिक रुपमा बैठक प्रदर्शन र व्याक्तिहरु सामेल हुनमा राजनीतिक नेतासंग सर्म्पक गर्दा रोकाया जाति कित राजनीतिमा सहभागी हुन्छ भनेर तालिका नं. १ मा केहि प्रतिउत्तर माग्ने जर्मको गरेको थिए जुन निम्न अनुसार रहेको छ । राजनीतिमा सभामा भाग लिने २० रहेको छ भने तालिका नं. २ मा धेरै जसो भाग लिन्छु भनेमा १८% रहेको पाइयो ३ मा सक्रिय प्रचार गर्ने को संख्या १० भेटाइयो । पनि त्यतिकै रेख देख र चासो राख्ने भएकोले ७ र ८ तालिकावाट वुझ्न खोज्दा खोज्दा ७ नं. तालिमा चुवनावमा धादली हुदा भन्दा २७% हुदैनमा १८% कहिलेकाहि २०% विभिन्न प्रतिउत्तरको सवालमा जे जस्तो प्रतिउत्तर पाउन सफलता लिने पनि रोकाया जातिको राजनैतिक सहभागिता अन्तरमा सिमित मात्र रहेको भेटाउन सकिन्छ ।

### ३.११ दर्शकको रुपमा राजनैतिक सहभागिता

यस प्रकारको राजनैतिक सहभागिता त हुदैन तर पनि नरमा झकाव पाउन सकिन्छ । प्रचार प्रचारमा संलग्न त हुदैन तर अवसर आएको समयमा रोकायाजातिको राजनैतिक सहभागिता रहेको पाउन सकिन्छ । मूल्याङ्कनको आधारमा धेरै भन्दा थोरै देखिन्छन तालिका नं. १३, १४, र १५ ले पछि अध्यायन गरेको छ । १३ नं. तालिकाले पार्टीले काम गर्न लगाए पछि १०% गर्दैनौ १५% फुर्सद भएको समयमा ४०% तालिका नं. १४ अनुसार तुलनात्मक किसमले जाहेर गर्दा पूर्ण सहभागिताको रुप २७% रहेको छ ।

उपयुक्त परिशिष्टमा प्रश्न र तालिकावाट पनि राजनैतिक सहभागिताको आधारमा वुझ्ने प्रयास गरिएको छ भने अर्को तर्फ प्रचार प्रसार आदिका विषयमा पनि आधार वनाई सोधनी गर्द निम्न परिस्थिती जनक अवसथाको प्रतिउत्तर पाइयो भने १४ नं. तालिकामा तपहिस गाउले मिलेर गाउँ विकासको लागि जानु हुन्छ भन्दा थाहा छैन भनेमा ३०% पाइयो यसरी छोटो रुपमा परिशिष्टमा सोधियका प्रश्नको सवालको जवाफमा रोकाया जातिको राजनैतिक सहभागितामा केहि महत्वपूर्ण विषय वस्तु वुझेर सहभागि भए जस्तो लाग्यो समग्रमा मूल्याङ्कन गर्दा १५ नम्वरको पंचायत कालको राजनितिमा र अहिलेको राजनितिमा के फरक छ भन्दा केहि फरक छैन ५०% अलिकति फरक छ २०% धेरै फरक छ १० थाहा छैन २०% यस प्रतिशतलाई तुलनात्मक किसमले व्याख्यागर्दा पूर्ण सहभागिता रोकाया जातिमा धेरै भन्दा थोरै देखिन्छ ।

**नोटः** परिशिष्ट तालिका नं १ देखि १५ सम्मको सयुक्त प्रतिफल यर्थाथ को पहिचान कम र अज्ञानताको कारण वढि रहेको पाउन सकिन्छ ।

## ३.१२ शैक्षिक अवस्था

काँडा गा.वि.स. का अन्य जाति भन्दा रोकाया जातिको शैक्षिक स्तर एकदमै शुन्यतामा छायको देखिन्छ । रोकाया जातिको कुनै पनि परिवारले ८ कक्षा सम्म पास गरेका छैन पाँच कक्षा पास गरेका ६ जना रहेका छन् भने आठ कक्षा सम्म अध्ययन गर्नेको संख्या १ रहेको छ । शैक्षिक ज्ञानको अभावले नै यस जातिमा ठूलो असहभागिताको वातावरण सृर्जना हुन गएको जव सम्म प्रत्येक परिवारमा शिक्षाको जनचेतना अधिवृद्धि हुदैन तव सम्म राजनैतिक सहभागितामा आफ्नो जिम्मेवारी को वोध हुन सक्दैन २००८ सालमा संचालन भएको विद्यालय २०३८ साल सम्म कक्षा १ देखि ७ सम्म पठन पाठन गराइन्थ्यो भने अहिले आएर कक्षा १-३ का कक्षा संचालन भएको पाउन सकिन्छ ।

नेपाल सरकारको राज्यमा गरिएको शैक्षिक परिवर्तनको आवस नै मान्नु पर्छ पश्न उठछ के नयाँ नेपालको संघिय लोकतान्त्रीक गणराज्यमा पनि विद्यालयनै खारेज गरिने त होइन ।

## ३.१३ आर्थिक अवस्था

प्राकृति सम्पदामा निपूर्ण गा.वि.स. जहाँको जंगली वनस्पती जगत स्वच्छ मैदानी हिमाली भागका चरन क्षेत्रको कारण हत्ताजडी, कटुकि, चिरचाइनो, यारचागुम्वा, सतुवा, गदान्लो जस्ता आर्थिक स्रोत संकलन गर्ने प्रमुख स्रोत हुन । कृषि व्यवसायले विहान वेलुका हातमुख जोंन पनि धौ धौको परिस्थिती सृजर्ना हुन्छ कैकल्पकी स्रोतको रुपमा डोका डाला, चरेस, जंगली जनावरको छाला, दात र कस्तुरीवाट पनि आर्थिक स्रोत जुटाउने गरेको पाइन्छ । केहि परिवारले पशुपालन व्यवसायवाट पनि आर्थिक आयस्रोत समान्य रुपमा जीविका पार्जन गर्ने जुटेको पाउन सकिन्छ । जव सम्म व्यापार उद्योग तर्फ निरन्तरता दिइदैन तव सम्म रोकाया जातिको दिनाचार्यमा प्रश्न चिन्ह अनोमल किसमले झुन्डीएर रहेको नै देखिने सम्भावना धेरै छन् ।

## ३.१४ मनोवैज्ञानिक तत्व

विभिन्न परिस्थितीका कारण आफ्नो समाज पछाडी परेको ठान्छन् रोकायाजातिले राजनीतिक रुपले पनि अत्म भूमिका निर्वाह गर्न सक्ने हाम्रो क्षेमता भन्दा वाहिरको कुरा हो भनेर ढाक्ने गरेका छन् । राजनीतिक, आर्थिक र शैक्षिक कारण जीवनका शत्रु भनेका छन् रोकायाजातिको आत्मा युगको परिवर्तन संगै आकासको फल आँखा तरी भर जस्तै देखिनुले निरही नै मान्न सकिन्छ । आफुलाई ज्ञान नभएको महसुस गर्छन भने आफु जान पनि चाहादैनन ।

### ३.१५ संस्थागत संगठनको अभाव

२१ औं शताब्दीको प्रारम्भमा प्रस्तुत युग ११ औ शताब्दीका मानिसलको साथमा तुलना गर्दा जातिकै असज वातावरण सृजना हुन्छ त्यो भन्दा पनि संघ संगठनको अवधारणा पनि थाहा छैन भने रोकाया जातिको कसरी अध्यान र प्रगतिको थुम्कोमा पुग्न सक्छन् । संगठनमा जव सम्म मानिसहरु सामेल हुन पाउदैन तव सम्म उसको सामाजिक राजनैतिक विकास हुन सक्दैन । रोकाया जातिको निम्ती नयाँ उपसंहार वनेको छ जसको विषय प्रति जानकारी नै छैन केवल दलगत रुपमा मात्र कांग्रेर / एमाले / राष्ट्रीय प्रजातन्त्र पाटी जस्ता दलको पात्र जानकारी पाउन आतुर देखिन्छन् । रोकाया जातिको जातिय पहिचान र तीनको वास्तविकतालाई समाजको रुप रेखामा अग्रसर गराउन यस समुदायमा संस्थागत संगठनको विकास गर्नु नितान्त जरुरी देखिन्छ ।

### ३.१६ प्रवुद्ध वर्ग दवाव

प्रजातन्तको स्थापना पछि आफुलाई प्रवुद्ध भनेर चिनाउने मान्छे सम्म रोकाया जातिमा नभेटीनु आफ्ना अधिार र कर्तव्यको पहिचान गर्न पनि विहल छन् रोकाया जाति, गा.वि.स. को सचिवलाई नै मन्त्रालयको सचिव सोचेर गा.वि.स. को सचिवलाई नै मन्त्रालयको सचिव सोचेर गा.वि.स. को १०००० रकम निकासामा ५००० निकासा गराई ५००० आफ्नो खर्च वुभ्mने गा.वि.स. सचिव छन् भने रोकाया जातिमा आफ्नो वर्गको प्रनुद्ध वर्ग पाउनु भनेको सपनामा खोले खानु जस्तै नै हुन गएको छ । त्यस उस्ले पनि रोकाया जाति आफ्नो प्रमुत्व कायम गर्न असलछन । यस्तो परिवर्तनशिल युगमा मानिस भित्र नै मानिसको शोषणको अन्त गरी निमुखा वर्गलाई सहजरुपले अगाडि वढाउन नव पहल कदमी चाल्न सकिने अवस्था सृजना भएन भने रोकाया जातिको सपना चोक्टा खान गएकी वुढी झोलमा डुवेर मरी त हुने होइन् ।

### ३.१७ परम्परागत धारणा

काँडा गा.वि.स. मा वस्ने रोकाया जातिको चाल, चलन रिति रिवाज वहन सहन, भेष, भुषा, धर्म र साँस्कृतिक परम्परामा नै आधारीत छ । यदि कसैले धर्म विरोधी कार्य गरेमा त्यसको घोर विराध गर्दछन् । जातिय भेद भावमा पनि विशेष चासोको रुपमा राख्ने गर्दछन् । । कुनै मानिस विरामी परेमा देवता लाई नै सोधनी गर्छन । चाहे त्यो मानिसको मृत्यु होस तर औषधी उपचार डाक्टरको सुझाव तर्फ सम्पर्क राख्न चाहादैन आफ्नै गाँउघरको बैधवाट औषधी उपचार गर्छन । अर्को तर्फ देवता र राजा भनेका नै विष्णुको रुप हुन भने भावलाई कदापी नयाँ दिसा तर्फ मोडन् सकेको पाइदैन । प्राचिन समय देखि आफ्नो सांस्कृतिकमा मनाउदै आएका चाँड पर्व जात आदिको लागि निरन्तर जुटने प्रयत्न गर्छन । देशमा पटक पटक भएका हत्या हिसा आतङ्क जस्ता विषयमा एकदमै टाढा रहेको पाउन सकिन्छ परम्परा देखि चल्दै आएको संस्कारलाई जस्तो सुकै अवस्थामा छोडन चाहादैन तर मृत्युको लागि जुटन साक्छन देशमा हजारौं जनताको वलिदानी छ , ऐतिहासिक पृष्टमा मृत्युवाट जीवित भएर पुनः दशलाख रुपियाँ

प्राप्त गरेका ज्यूउदा शहिदको नाम भरिभाउ भै सक्यो २४० वर्षको राजतन्त्रको अन्त संघिय लोकतान्त्रीक गणराज्यको स्थापना पछि पनि निर्वाचनको समयमा भोट दिन छन् जान्छन प्रतिक्रिया के भैरहेको छ त्यसप्रति चासो राखेको पाइदैन मैले केहि प्रश्न राख्ने कोशिस पनि गरेको थिए जुन सार संक्षेप निम्न अनुसार रहेको छ । [39]

क) नेपालमा राजा रहदैन भन्छन् यस वारे केहि भन्नु छ कि ?

उतरः राजा रैति होइन न कि शासन गर्ने मानिसः हाम्रा राजा विष्णु भगवानको रुप हो नहट्छ नहटाउन सक्छन्

ख) माओवादीका नेतालाई चिन्नु हुन्छ ?

उतरः के परिचय गर्नु छ मानिसले आफ्नो किसमले जीवन वचाउन नपाउनु, हजारौं हजार मानिसलाई मार्न जतातते रक्त पिपासु भएर देशको राष्ट्रियता र सांस्कृतिक स्थलमा राखेको सम्पती कुम्लो पार्नु त्यो भन्दा वावुराम र प्रचण्डले के वुझेका छन् र मलाई भन्दै थिए भनेर पछि तपाईलाई सम्झना होला ७, ८ वर्ष पर्खनुहोस तिनको अवस्था के हुन्छ । हाम्रा देवी देवता पनि ठीक पार्ने छैनन् मानिसले केहि गर्नु पर्दैन ।

ग) त्यसो भए तपाई प्रधानमन्त्री गिरीजाप्रसाद कोइराला मन पराउनु हुन्छ होइन ?

उतरःहाम्रो कसैले खेतको काम गरी दिदैन । भारी वोकी दिदैन भाग्यमा भए सवै राम्रो भाग्यमा छैन भने कतै पनि भलो हुदैन सवै उस्तै त हुन ।

संवादको आस्थावाट पनि रोकाया जातिले परम्परामा नै आफु रहन खोजेको र नयाँ परिवर्तन वेल पाकेर कागलाई हर्षे न विस्मत जस्तै देखिनु परम्परावादी स्पष्ट विचार रहेको पाइयो त्यसैले रोकाया जातिले पुर्ण रुपमा आफुलाई राजनैतिक सहभागिता गराउन सकेको देखिदैन ।

## ३.१८ स्वार्थी राजनितिक प्रकृति

यहाँका रोकाया जाति अत्यान्त सोझा छन् यसको फाईदा अन्य राजनीतिक कार्यकर्ता तथा पार्टीले लिएको छ । जिल्ला स्तरको राजनैतिक आफु गर्ने गाउँ स्तरमा मात्र रोकाया जातिलाई विउल्झाउने काम गर्नुले निरास जनक देखिएका छन् भने अर्को तर्फ जिल्ला र केन्द्रस्तर सम्म राजनैतिक गर्ने मानिसले समस्या लिएर जाँदा कामगर्नुत कता हो कता मुख सम्म देखन पाइदैन त्यसैले रोकाया जातिको राजनैतिक प्रति वित्रिष्णा पैदा भएको हो ।

राजनैतिक प्रक्रियालाई जिवित पार्ने भएको त्यहाँको समुदाय र राज्यले दिइएको शासन पद्धति हो यदि राज्यको शासन पद्धति ले पन्छयाउने गरेको छ भने त्यस प्रति जागरुप भए र अगाडी वढनु नै उपयुक्त हाइन भन्ने सोच रोकाया जातिमा छ । त्यसैले पनि रोकाया जातिको कन्जुस्याई हुन सक्छ । प्रजातन्त्र भनेको जनताद्वारा जनताले गर्ने शासनलाई प्रजातन्त्रीक प्रक्रियाको स्वरुपलाई संम्वोधन गर्ने गरिएको हुन्छ तर काम

---

[39] श्रीमति कन्थु रोकाया र अशभान रोकाया

कुरो एकातिर र कुम्लो बोकि ठीमि तिर भने जस्तै नेपालको स्वार्थी राजनितिक प्रवृती भएकोले रोकाया जातियको राजनैतिक सहभागिता हुन नसकेको हो । खुल्ला रुपमा देशको पूर्वाधार प्रति प्रतेक चेतन शिल नागरिक जुट्न पर्छ र देश विकासमा एकले होइन सबैले आफ्नो कर्तव्य पालना गर्नु पर्छ भन्ने तर्फ रोकाया जातिको विचार रहेको पाउन सकिन्छ ।

# परिच्छेद - ४

## ४. काँडा गा.वि.स.सामान्य परिचयः

सेती अञ्चल वझाङ्ग जिल्लाको दुर्गम गा.वि.स. मध्येको एक हो काँडा गा.वि.स. मानव अधिकार राजा जयपृथ्वीवहादुर सिंहको जन्मस्थल पनि वझाङ्ग जिल्ला हो । बझाङ्ग जिल्ला भित्र नै विकट स्थान छन् जसको वर्णन गर्न पनि त्यतिकै कठिनाई देखा पर्छ । जस मध्ये काँडा गा.वि.स.को प्राकृतिक धरातल मानव जिवनको वसोवास गर्न असहज वातावरण सृर्जान वनेको छ भने जंगली जीवजन्तु, अमूल्यको आर्थिक स्रोत परिचान गर्ने प्रमुख क्षेत्र नै काँडा गा.वि.स. अग्रसर रुपमा देखा पर्छ काँडा गा.वि.स.का जमिनका पराकिला फाँट लेक वेसी, समथर मैदानी भाग हिमाल ताल, झर्ना सेती नदी, गनैगाडा, धातगँगा रामखोला, काटाखोला, तपोवन, नौमुल साईपाल, उरै हिमाल, सेतीनदीको ठूलो झर्ना आदि महत्वपूर्ण स्थान छन् । कस्तुरी मृग वँदेल, घोरल, वाध, भालु डाँफे वनगाई, वनघोडा, हिमचितुवा वन मान्छे, विभिन्न जाति र प्रजातिका जन्तु भेटाउन सकिन्छ । प्राकृतिक सम्पदा भित्र नै मुल्यवान वोट विरुवा यारचागुम्वा, कटुकि, चिरयाइत्व, गदान्लो, हत्ताजडी, दालचीनी, टिम्वुर, घुच्चीच्याउ, सुतुवा आदि आकृतिक स्रोत साधन भेटाउन सकिन्छ । जमिन भित्र नै रहेका अमूल्य साधन मध्ये खरीढुङ्ग, चुनढुङ्गा सिगमरमर फलाम खानी, अभ्रख खानी, शालीग्राम ढुङ्गा उरै हिमालमा रहेका सुनखानी जस्तै महत्वपूर्ण सम्पदोका खानी वनेको छ । काँडा गा.वि.स विभिन्न जात जाति रिती रिवाज रहन सहन चाल चलन भेष भुषा भाषा भाषि, मठ मन्दीर देखि देवता साँस्कृतिक घरोहरको रुपमा रहेको वस्ती । धलौन, जिमा, लासी वाचचौका काटार ज्याती, सैनगाँउ, जगेरा धुली, वनौडी, लाफडी, माखु र न्युनाको वस्ती जहाँ धामी वोहरा, रोकाया, कामी, तामाङ्ग गुरुङ्ग र मगर जातिको वसोवास स्थल काँडा गा.वि.स.को सेरोफेरो अतुलनिय नै मान्न सकिन्छ ।

काडाँ गा.वि.स. को पूर्व हुम्ला, पश्चिम दार्चुला उत्तर चिनको ताव्लाकोट र दक्षिण मेल विसौना गा.वि.स. र धमेना गा.वि.स. पर्दछ । काँडा गा.वि.स. का मानिसहरुको वसोवास गरेको वस्ती पनि भिरालो भूमिमा रहेको छ । ब.न. १, २, ३ सम्मका घरहरु एउटै ठाउँमा वनाईएका छन् । जनसंख्याको आधारमा वडा विभाजन गरे पनि एउटै घर भित्र पनि फरक फरक वडाका मानिसको वसोवास पाईन्छ तर कामी जातिको वसाई भने वेग्लै ठाँउमा छ । ४, ५ वडाका घरको वनाउट तथा वसोवास एक घरवाट अर्को घरको दुरी कम्तीमा ५ किलोमिटर टाढा सम्म रहेको र समथर भुभागमा रहेको पाइन्छ । १, २, ३ वडावाट उकालो चढदै ओरालो झर्दै ४, ५ वडामा पुग्न एक दिन पैदल हिड्नु पर्छ । डरलाग्दा जंगली जनावर घरघोर जंगलको रस्यालेक हुदै जानु पर्छ । त्यस्तै वडा नं. ४ र ५ वाट वडा नं. ६, ७ र ८ मा पुग्न भिड्को डरलाग्दो वाटो उकालो ओरालीको थकाई पट्यार मार्न नसकिने अवस्थाको जस्तो देखि वडा नं. ८ वाट पुनः ९ वडामा पुग्न सेतीनदीको तीरै तिर अनि डरलाग्दो चट्टानको वाटो हुदै एक दिनमा

पुग्न सकिन्छ । वझाङ्ग जिल्लाको आधाभाग क्षेत्रफल आगटेको काँडा गा.वि.स.का मानिसको पृथक पृथक भाषा र साँस्कृतिक वोकेको छ । महिला पुरुषको समानता लोक दोहरी, सुदुर पश्चिमको डेउडामा पनि यस भेगका मानिस अति नै सिपालु प्रयोगमा ल्याउने गरेको देखिन्छ । वन पाखामा रमाउदै कस्तुरी, मृग, भालु, वाघको सिकार गरेर आफ्नो पारीवारीक आर्थिक स्रोत जुटाउने गरेको हुन्छन् । यारचागुम्वा कटुकि चित्याइत्व चरेस जस्ता साधन धन उपार्जन गर्ने प्रमुख स्रोत वनेका छन् । राडी, गलैचा, डोका, डाला, र मान्द्रा वनाएर पनि चीनको जाग्लाकोटमा वन्द व्यापार गर्ने प्रचलन चल्दै आएको छ । फापर, कोदो, वेथ्या, जौ, उआ र आलु खेती मात्र उब्जनी हुन्छ । कुखुरा, मौरिपालनमा पनि  चनाखो रुपले वसेको पाउन सकिन्छ । दशै तिहार, लोसार, सिउरो , हरयालो, चौदसि  जस्ता मुख्य रुपले मनाउने गरेको पाइन्छ । घोडा, चौरी, गाई पनि घर घर भेटाउन सकिन्छ । लोग्ने मानिस लवेदा सुरुवाल र महिलाले गुन्यो चोली र पटुकी वाँहने गरेको देखिन्छ । अनि अविवाहित महिलाले छगुलो लगाउने गरेको हुन्छ । विभिन्न जातिका आफ्नै भाषा भाषि छन् एक गाउँका मानिसको भाषा अर्को गाउँमा वोल्ने गरेको पाइदैन । माध्यमको रुपमा नेपाली नै देख्न सकिन्छ । विवाहा वर्तवन्ध जस्ता कार्यमा पनि आफ्नै किसमको वसेको देखिन्छ । छोरीलाई कन्यादान गरेर विवाहा गरी दिने चलन कसै कसैले मात्र गरेको देखिन्छ भने प्रायः जस्तो आफै रोजेर केटा केटीले पारीवारीक शुत्रमा वाँधिने गरेको पाइन्छ । कैमुन छोरीहरुले माईतीघरमा नै जीवन गुर्जान विवस भएका देखिन्छन् । आर्थिक स्रोतको वाहको रुपमा काँडा गा.वि.स रहे पनि कोहि असाध्य धनी छन् भने कोहि आध्य गरिवीको रेखामुनी जीवन विताउन वाध्य छन् । जाँड, रक्सी , चुरोट तमाखु सुर्ती मुख्य रुपमा प्रयोजन गरेको पाइन्छ । काँडा गा.वि.स.मा विकासका पूर्वाधार भने केहि देखिदैन शिक्षाको उज्यालोवाट पनि वन्चीत नै देखिन्छन् । सामाजिक आर्थिक शैक्षिक र राजनितिक पक्षमा पनि वेग्लै विवेचना सारसंक्षेप गर्नु पर्ने देखिए वेग्ला वेग्लै पाटोमा दर्शाइउको छ ।

## ४.१ सामाजिक अवस्थाः

काँडा गा.वि.स. को सामाजिक अवस्थाको छिनोफानो गर्दा प्राचिनतालाई मै आधार वनाई चाँडपर्व मनाउने गरेको पाइन्छ । विवाहा वर्तवन्ध, छुवा छुत जस्ता विषयमा झन्नै फरक किसमले हेर्ने गरेको पाइन्छ रुढिवाढी अन्घ विश्वासमा वढि विश्वास राख्छन् । एक जतिले अर्को जाति धर्म प्रति पनि समानता राखेको पाईन्छ । वन्द व्यापारमा पनि सहकार्यको भावना राखेर नै ओहोर दोहोर गर्ने गर्छन । चाल चलन रहन सहन फरक किसाको दिखिए पनि आपसमा आदर सत्तकार पनि गरेको पाईन्छ । औंसी, पूर्णिमा संकान्ती कुरामा विशेष ध्यान दिन्छन्

## ४.२ शिक्षाः

शिक्षा मानिसको जीवन प्रत्यन अनबरक्त रुपले ग्रहण गर्नु पर्ने विषय हो काँडा गाउँ विकास समितिका मानिसमा कस्तो किसमको जनचेतना अभिवृद्धि भएको छ वर्तमान समयमा जम्मा दुईवटा प्रस्तावित निम्न माध्यामिक विद्यालय कक्षा ६ र ७

संचालन भएका छन् भने दुईवटा प्राथमिक विद्यालय कक्षा ३ सम्मको पूर्ण स्वीकृति पाईसकेका छन् । हाल सम्म एस.एल.सी. पास गर्नेको संख्या ११ रहेको छ भने I. A. पास गर्नेमा १ जना रहेका छन् । जागिरको प्रजेश द्वारामा एकजना गोरख वोहरा अस्थायी प्रा.वि. तहमा कार्यरत छन् रामवहादुर वोहरा स्वास्थ्य चौकिमा परिचर र हरिचन्द्रवोहरा नेपाली सेनामा कार्यरत छन् अन्य आठजना हुलाकिमा कार्यरत छन् । साङ्गोपाङ्गो काँडा गा.वि.स. को शैक्षिक अवस्था साक्षार सम्म हुन नसक्नु कहाली लाग्दो अवस्था नै देखिन्छ ।

**४.३ आर्थिक:**

आर्थिक स्रोत साधनको अवस्थालाई प्राकृतिक स्वरुप वाट नै सम्पन्न भएको देखिन्छ । स्वच्छ हिमालको उर्पना वोकेको हिमाल पहाड र समथर भूमि आफैमा सम्पन्न देखिनुले वस्पती आय स्रोतमा र जंगली जनावरको छयापछयाप्तीको कारण दैनिक व्यवसायको रुपको लागि उपयुक्त नै मान सकिन्छ । कुतिर उद्योग डोका, डाला, नाप्ला राडि पाखी गलैचा, यारचागुम्वा कटुकि जस्ता प्रमुख वस्तु आर्थिक संकलनका मुख्य पाटा हुन अन्य अवैध व्यापारमा पनि त्यतिकै महत्व वोकेको देखिन्छ । वझाङ्ग जिल्लाको सवैभन्दा आर्थिक आय स्रोत भएको गा.वि.स. पनि काँडा गा.वि.स. नै हो कसै कसैको भेडाबाखा द्वारा चामल गहु जस्ता खाद्यवस्तु ओसार पसार गरेर पनि आर्थिक संकलन गर्ने गरेको पाईन्छ ।

**४.४ प्राकृतिक स्वरुप :**

यस गा.वि.स. को प्राकृतिक स्वरुपलाई पनि संक्षेपमा प्रस्तुत गर्नु पर्ने देखिन्छ । प्राकृतिक सम्पदा रमाइलो फाँट नदी नाला झरी झरर्ना अगला चुच्चा पाहाड अनि हिमाल, ताल आदिको शोभायमान दृश्य देखिन्छ । अनुसन्धानको वियालाई सहज रुपमा वुझन सक्ने दृष्टि खानी, जडिवुटी आदिको धरातलिय स्वरुपको वनौट खाईलाग्दो नै देखिन्छ । एउटै हिमालमा घाम, पानी, सिमसिमे तुसारो पत छायामा देखा पर्नु । प्राकृतिक भण्डार स्थान विशेषले फरक देखिनु झरना लगभग ५ किलोमिटर लम्वाई ३ किलोमिटर चौडाईको माझ ताल साइपाल कालङ्गाका समथर मैदानी भाग । नेपालको धन हरियो वनले असंख्या वनस्पती जगतको उत्पादन क्षेत्र बनेको छ । लेकसल्लो लालिगुराँउस धुवीसल्लो, दल्लो, लौठ् जस्ता प्राकृतिक स्रोत साधनमा सम्पन्न छ । हिमाल पहाड, सेती नदीको तिरै तिरसम्मको मान समुदाय र वातावरण अनुसार रमायका जिव जन्तु भौगोलिक वातावरण अलौकिक देखिन्छ । विभिन्न क्षेत्रमा स्थापित दोभान, त्रिविणी, तपोवन, वासुधारा पवित्र तिर्थस्थल नै वनेका छन् वन जंगलको हरियाली, घनघोर फाँटका कारण यहाँका मानिसको पशुव्यवसायको काम पनि उन्नत किसमले भएको देखिन्छ । कैयुन नेपालवाट नै लोप हुनलागेका जीवजन्तुको प्रवेश पनि भएको पाउन सकिन्छ । नेपाल सरकारको यस गा.वि.स.मा दुर दृष्टि राखेमा तराईको चारकोसे झाडि भन्दा कम मुल्यावान नहोला भन्न सकिने ठाँउ नै छैन काँडा गा.वि.स. को

प्राकृकि स्वरुपलाई एक उदगम स्थलको रुपमा पनि लिन सकिन्छ । जन्मस्थल मात्र नभै कर्मथलोको रुपमा नै वुझ्ने प्रयत्न गरेमा यहाँको प्राकृतिक स्वारुपले सुनमा सुगन्ध पाउने नै छ ।

**४.५ राजनीतिक अवस्था :**

राजनीतिक परिवेशको पाटोमा नेपालको ऐतिहाँसिक पृष्ठभूमि गाउँ, वेसी, तराई, पहाड र हिमाल सम्मको नागरिक समाजको परिवर्तन वाध्यता नभै अनिवार्य हो परिवर्तन न चाहाने समाज नै भेटाउन सकिदैन् नास्तीक र आस्तीक विचार गालेवन्द वन्दैछन् राष्ट्र राष्ट्रियतालाई घरौटी राखेर विचारको संवादमा अग्रसर देखिन्छन् । शोधपत्रको प्रयोजनको माध्यमले काँडा गा.वि.स. मा पुनः पुग्ने अवसर पाए यहाँको जनस्तरमा राजनीतिक विचार र परिवर्तनको खाका कोंनेकामको नभै आपस आपसमा असान्ति कलहको आधार वनाई विभिन्न दल उपदलमा जुटेको देखियो । निरङकुश राणाशासन, निर्दलिय पंचायती व्यवस्था २००७ साल देखि २०६४ साल सम्मको परिवर्तनमा पनि सचेत भएको पाउनु नसक्नु दुःखद विषय नै वन्न भएको छ । २०६४ सालको देशको परिवर्तन पछि पनि केवल काँग्रेस, ऐमाले र राष्ट्रिय प्रजातन्त्र पार्टीको मात्र त्रिपक्षिय समिकरण रहेको देखियो । पुनः नेपालमा नेपाली जनताको संविधान वनाउने लोकतान्त्रीक गणतन्त्रको संविधान सभाको चुनाव २०६४ /१२/२८ गतेपनि यस भेगका मानिसमा रुपान्तरण भएको पाउन सकियन । गाउँ विकास समितिको सदस्य अध्यक्ष वाहेक इलाका स्तर सम्म पनि राजनीतिक गतिविधीमा एक कदम अगाडी वढ्न सकेका देखिदैन राजनितीक शास्त्रका विद्यार्थीका लागि राजनैतिक प्रसंग अवश्य आक्रोस र पुनः पिठास शैलीमा प्रतिउत्तरशैली दर्शाउनु पर्ने चेष्टा हुदा हुदै पनि अड्को पड्को तेलको धुप जस्तै झुम्न परेर राजनितिक आवरण तर्फ जुट्नु परेकोले केहि असजिलो त भयो तैपनि समयको पाउवन्दी भित्रै खट्नु पर्ने ठानेर कलम मात्र चलाउने काम गरियो तर कुनै पनि समयमा कायापलट हुने तृष्णा वाकी नै रहन गएको प्रसंग नकोटयाई रहन सक्दीन् ।

**अन्तमाः**

राजनीतीक शास्त्रको विद्यार्थीको हैसियतले आफ्नो शोधपत्रको विषयलाई मात्र आधार नमानी विषय वस्तुको पाटोलाई समय सापेक्ष रुपमा अवगत गराउन सकेमा सफलताको चुल्लीमा पुग्न सकियोस र राष्ट्रले देशका कुना कन्दराका समस्याको पहिचान गर्न सकौंस भन्ने प्रसंगमा गुहये कुराको आधारमा नै खोल्न प्रवेश गरेको छ । नेपाल एक पर्यटक स्थलिय आधार क्षेत्र पनि हो जसमध्ये काँडा गा.वि.स. को अवस्थालाई मध्यनजर गर्दा राष्ट्रिय निकुञ्ज प्राकृतिक सम्पदा, अनवरत वर्ग रहने झरना घनघोर जंगल सदावहार स्वच्छ हिमालको उपर्ना, जस्ता वस्तुको रुपमा स्थापित छ काँडा गा.वि.स. चोरी निकासी र पैठारी नेपाल सरकारको उदासिनताले उजाड नै वनाएको देखिनुले केहि अन्तर द्वन्द्ध रहदा रहदै पनि आफ्नो राजनीतिक चिनारी प्रति

जुट्ने प्रयत्न गरेको हु । राष्ट्रिय स्तरवाट नै समयमा निर्गरानी राख्न नसक्नु उल्टो विनास र विकृतीको वाटोमा दुर्भाव न भै दुरभाग्य हुने देखिन्छ । पौराणिक गाथा, साँककृतिक र नेपालीको सजिवतलाई दर्शाउन सक्नु देशको लागि भलो हुने देखिन्छ । नेपाली जनजीवनको रुपान्तरण आर्थिक आय व्ययको अवस्था तरलता तर्फ भ्कार्न सकिने रहदा रहदै, कुनै छलङ्ग मार्न नसक्नु विवेकको कमि नै ठान्नु पर्छ काँडा गा.वि.स.को समग्रतालाई अनुसारण गर्दा कुण्ड कुण्ड पानी मुण्ड मुण्ड विचारैवाट नै स्रोत साधन परिचालन गरी समाजिक राजनीतिक आर्थिक शैक्षिक र धार्मिक विषय वस्तुको अवलोकन गर्नु पर्ने देखिन्छ ।

### ४.६. राजनीतिक सम्वाद

काँडा गा.वि.स.को राजनीतिको परिवेश वारे गा.वि.स. अध्यक्ष तथा अन्य केहि मानिसको साथमा सोधनी गर्दा तप्सील अनुसार सारको प्रतिउत्तर पाईयको थियो । साथै गा.वि.स. अध्यक्ष गोपाल वोहराको प्रतिक्रिया थियो ।

१) कांडा गा.वि.स. को राजनितिक परिवेशलाई वर्तमान देशको शासन पद्धतीलाई कसरी विश्लेषण गर्नु हुन्छ प्रष्ट पारिदनु हुन्छ कि ?

**उतर:** राज्यको अस्त व्यस्त परिस्थितीमा राज्य संचालनको एक कसी वनेको छ । नागरिकको स्वातन्त्ररुपले बाँच्न पाउने अधिकार नै खोसिएको छ । जनता आफु प्रद्धत अधिकारवाट पनि वस्न सकेका छैनन् कानुन विहिन राज्यमा कसरी जनमुखि प्रशासनमा अग्रसर हुन सक्छ मलाई त असम्भ जस्तो नै लाग्छ ।

२) के तपाई नेपालको वर्तमान व्यवस्था प्रति सहमत हुनु हुन्छ ?

उतर : क गरिव परिवारमा जन्मेको दुर्गम जिल्ला विकट स्थानको नागरिक हु । देश प्रति माया मोह धेरै भन्न त सक्दैन केवल हत्या हिसाको राजनिती अनि २०६४/१२/२८ गतेको संविधान सभाको निर्वाचनको प्रक्रिया आफै वुझ्न सक्नु हुन्छ जनताको आकाँक्षालाई कुल्चेर १ जनाले २५ मत सम्म खसाल्न सफल भए ।

३) तपाईको भित्र आश्य के हो ? स्पष्ट पारि दिनु हुन्छ कि ?

उतर : मानिस आफैमा त केही होइन तर राज्यको शासन व्यवस्था मा समानताको आधारमा हुनु पर्छ गास वास कपास जस्ता विषयको व्यवस्था हुनु पर्छ जुन वेशका जनता नै दासको रुपले रहेका छन् भने त्यो देशको स्थिती कसरी सुधार हुन सक्छ ।

४) तपाई हेर्दा यस गा.वि.स को राजनीज्ञ व्याक्तित्व जस्तै हुनु हुन्छ फेरी अन्य मानिस भन्दा सवल नेत्तत्व गर्ने क्षेमता पनि तपाईमा स्पष्ट देखिन्छ । अव नेपालको शासन व्यवस्थाको वारे के भन्न सक्नु हुन्छ कि ?

उतर: सर्वप्रथम राजको शासन व्यवस्था नै राम्रो लाग्दथ्यो तर राज्यमा पटक पटक परिवर्तनको शासन व्यवस्था २००७, २०१७, १०४६, निर्दलिय पञ्चायतकालिन र हिजो आजको राज्यको विग्रदो समयको लगाम विनाको धोडा जस्तै रहेको

राज्य के आर्दश राज्य वन्छ खोइ मलाई नपत्याउने खोलाले वगाउन्छ जस्तै लाग्छ ।

५) त्यसो भए के तपाई काँग्रेस प्रति आस्थावन त हुनु हुन्छ कि के हो ?

उतर : मैले आफै भन्नु भन्दा पूर्व तपाईलाई नै थाहा भएको कुरा हो २०४६ सालको स्थानिय निकायमा ने.क.पा. एमाले पार्टीवाट उम्देवारी दिएर गा.वि.स. अध्यक्षमा जितेको हु साँचो अर्थमा भन्ने हो भने सच्चा कम्युनिष्ट नै हु तर सत्यलाई नविराए भन्नु पर्दा के वी.पि. को समाजवादमा को अटाएका छैनन् ।

६) माओवादी नेपालको २०६४ को संविधानमा ठूलो दलको रुपमा देखा परेको छ यसमा तपाईको राए कस्तो रहेको छ ?

उतरः मेरो छोरा सुरेन्द्र वहादुर वोहरा कक्षा ८ मा अध्यान गर्दा गर्दै ८ वर्ष सम्म माओवादी पार्टीमा भूमिगत जीवन विताउन सफल भयो अहिले माओवादी पार्टी भित्र सांस्कृतिक टोलीमा छ तर माओवादी ठूलो दलको रुपमा पुग्नु भनेको जनताको मन जितेर नभै हत्या, हिसा। आतङ्क, दमन, डर त्रासको कारणले नेपाली जनताले स्वतन्त्र पूर्ण तवरले मतदान गर्न नपाउनु नै प्रमुख कारण हो माओवादी पार्टीको "प्रचण्ड पथ" सफल होला भन्न सक्ने कुनै आधार नै देख्दैन ।

७) माओवादीको सरकार पक्कै वन्छ होला के नेपालको शासन पद्धती परिवर्तन गरेर राज्य संचालनको अवस्था कस्तो रहला केहि भन्न सक्नु हुन्द्ध कि ?

उतरः हुन त कुनै पनि विषय बस्तु छिटो छरितो भन्न पनि सकिदैन त्यसमा पनि नेपालको शासन व्यवस्था लगभग ३०० वर्ष सम्म रहेको शाह वंशिय राज्य परम्पराको अन्त प्रचण्ड पथको शासन व्यवस्था राम राज्यको रुपमा रहला भन्ने कारा त "पानी माथिको ओवानु वन्नु" सिवाय अन्य केहि देखेन ।

**थप प्रसंगः** रोकाय जातिको वस्ती तर्फ प्रवेश गरेर केहि विटमार्ने काम पनि गरेको थिए । समय अनुकुल प्रस्तुती साँर्न्दभिक हुन न सके पनि छोटो प्रतिउत्तर तपसिल अनुसार पेश गरेको छु जुन ९० वर्ष ढल्केका वृद्ध वीरभान रोकाया

१) तपाईलाई केहि कुरा सोधने जर्मको गरेको छु सहमत हुनु हुन्छ कि ?

उतरः तपाई पढलेख गरेको शिक्षक फेरी तपाई संग बुढो मानिस के प्रतिउत्तर दिन सक्छु तैपनि भन्नुहोस ।

२) तपाईको उमेर कति वर्ष भयो होला केहि वताउन सक्नु हुन्छ कि ?

उतरः हरे ! शिव  नवताउने त कुरै भएन मेरो उमेर ४ विसी १० वर्ष भयो तेसमा पनि १ महिना ढल्की सके जस्तो लाग्छ ।

३) अलि के गर्दै हुनु हुन्छ ?

उतरः हजुरले देखि सक्नु भएको छ बुढो मानिसको के काम हुन्छ र खान्छु सुत्छु कतै ओहोर दोहोर गर्न सक्दैन ।

४) आज काल पहिले भन्दा निन्द्रा त वढी लाग्छ कि के हो ?

उतरः आफु आफै देखि दिक्दारी वनी सकेको छु , लामो समय सम्म बाँचेर वस्नु भन्दा त मर्नु नै जाति ठानेको छु । निठुर दैव पनि भुल्दो रहेछ । के निन्द्रा लाग्थ्यो केवल शरिर मात्र दुःखेर आउन्छ ।

५) चारवीसी १० वर्ष गुजारी सक्नु भयो आफ्ना बंशजको वारेमा केहि वताउनु हुन्छ कि ?

उतरः हाम्रा पुर्खाको वावुः धेरै लामो इतिहास छ । जुन आज भोलिका मानिस पत्याउदा पनि पत्याउदैनन् होला । तैपनि छोटो रुपमा प्रष्टयाउन प्रयत्न गर्ने छु । तिव्वतको युद्धमा नेपालका राजा वहादुर शाहका समय साथमा सैनिक कमाण्डर “पहलमान सिंह थापा मगर” आएका थिए त्यसै वेला आफु कमाण्डर वनेर पनि नेपालको विपक्षमा सहयोग गरेकोले तिनलाई नेपाल फेर्ता हुन रोक लगाईएको थियो । धेरै समय सम्म हाम्रा पुर्खा ताग्लाकोटमा नै वसे जव वी.पि. कोइरालाको चीन भमर्ण पछि पुनः नेपाल फेर्ता भइयो, हाम्रा धेरै परिवार चीनको ताग्लाकोटमा नै अहिले सम्म वसोवास गरेका छन् यहाँवाट ताग्लाकोट जान पैदल यात्रा गर्दा २ दिन पुग्न सकिन्छ ।

५) नेपाली नै हु भनेर चिनाउने तपाई संग केहि सामग्रि छन कि ?

उतर : हुन त अस्थायी रुपमा त हाम्रो नेपालको यस घुलीमा पहिले देखिनैवसोवास थियो । स्थायी रुपले नेपाली नागरीकता पछि मात्र पाइयो । हुन त युद्धमा लडेका ढाल, तरवार, अन्य केहि हतियार अलि सम्म पनि हाम्रा पुर्खाको चिनो राखेका छौ ।

६) त्यसो भए तपाई थापामगरवाट रोकाया कसरी हुनु भयो केहि वताई दिनु हुन्छ कि ?

उतरः धेरै त म जाँन्दीन वहादुर शाहको पालामा नेपाल आउन रोक लगाइएको थिया, पछि सवैले उपनाम जस्तै रोक रोक भनेर वोलाउन थाले यस धुलीमा वसोवास गरे पछि रोकको सट्टा रोकाया भनेर लेख्न थालिएको हो ।

७) आफ्ना दुर्खा नेपाली हुन भन्नु हुन्छ फेरी वोल्ने भाषा नेपाली जस्तो पनि छैन भोटे भाषामा पनि मेल खादैन यसमा तपाईको के रहेको छ ।

उतरः हामीले वोल्ने भाषा नेपाली नै हो । यस भाषालाई गोरखाली भाषा पनि भन्दछन् । हामीले वोल्ने भाषा गोरर्खाली र भोट भाषाको सयुक्त रुप हो । तपाई आफै वुझ्नु होसन् आजकाल कस्ले गाउँको भाषा वोल्छन् ।

८) तपाईले बुढो अवस्थामा पनि मैले सोधेका कुराको वयान गर्न पछि पर्नु भएन जुर मुराउदै वयान गर्न सफल हुन भयो तपाई मेरो साथमा भन्नु केहि छ कि ?

उतरः बुढो मानिस हु वाकुसाहेव जमाना ठीक छैनन् । तपाईले यस्तो विकट गाउँमा आएर हाम्रो वंशावलीमा रुचि राखेर लेख्ने प्रयास गर्नु भयो “ म त डाडा को वेल छु” सक्नु हुन्छ भने धुलेली भाषाको स्वरुपलाई नेपाली भाषामा रुपान्तरण गरेर लेखि दिनुहोला ।

**महिलाको अभिनयः** महिलाको भूमिका वारेमा पनि पुरानो पुस्ताको ७० वर्षिय खुड्कि रोकायाको प्रतिक्रिया यस्तो रहेको थियो ।

१. आमा तपाई मेरा साथमा परिचय गर्न चाहानु हुन्छ कि ?

उतरः वावुसाहेव तपाईलाई म राम्ररी चिन्दछु । सानो छदा तपाईको वुवाको साथमा आउन हुन्थयो फेरि तपाईको वुवा हाम्रो राम्रो सहयोगी हुनु हुन्थयो ।

२) आमा चिनजान हुदा हुदै पनि तपाईको साथमा केहि कुरा सोधन खोजेको छु यसमा सहमत हुनु हुन्छ कि ?

उतरः नौला विषयमा कुरा वारे त थाहा छैन : आज भोलिका मानिस वुझि नसक्ने किसमका हुन्छन । पुराना कुरा भन्नु हुन्छ भने सकेसम्म भनि दिउला ।

३) अहिलेको र पहिलेको समयमा कस्तो अन्तर पाउनु हुन्छ ?

उतरः मलाई लाग्छ दिन रात उनै हुनः महिना पनि उस्तै हुन तर आज भोलिका मानिसको वोली वचन ज्यादै खराव छ पहिले एक आपसमा वसेर कुरा गर्थ्ये एकले अर्काको सहयोग गर्न जुट्थ्ये तर आजकालको चलन कसैले कसैलाई चिन्दैनन् ।

४) किन आज कालको समय मन परेन वताउन सक्नु हुन्छ कि ?

उतरः आज कालको समय यो दल उ दल भन्छन् । एक पछि अर्को कसैको साथमा हिड्दैन जाँड रक्सी, चरेस खान्छन् झकडा गर्छन वल्लो घर पल्लो घरको सम्वन्ध पनि हुदैन के राम्रो भने कुरा गरे कि त टाउको मात्र दःखछ ।

५) पहिले यस्तो थिएन धेरै राम्रो थिया भन्नु हुन्छ भन्ने कुरालाई कसरी वुझाउन सक्नु हुन्छ ?

उतरः मानिसको सम्वन्ध मानिस संग नै हुन्छ । आज कालका मानिस को चलन कस्तो छ । मानिस मानिस देखि नै डराउन थाली सके हिजो आज मानिसको भेटघाट भए मार काट वाहेक केहि छैन चोरी, डकैती झुट्टो वाहेक अन्य केहि जानेका छैनन् तर पहिलेका मानिस चुरोट तमाखु सुर्ती खान्थ्ये एक आपसमा वसेर राम्रो नराम्रो कुरा गर्थ्ये नयाँ कुराको सुरुवात गर्थ्ये कोहि कसैको दुस्मन थिएन नियम थियो । कानुन थियो त्यसैले आजभोलिको भाँडभैलो गर्ने समाज मलाई केहि मन पर्दैन ।

६) वाल्य कालको सम्झना आउने कुनै विषय वस्तु छ कि ?

उतरः बावुसाहेव वालकाल वडो आनन्दको जीवन थियो । गाई चराउन भेडा बाखा चराउन, दाउरा घाँस काट्नु, साथी साथी मिलेर दोहोरी गित गाउन पनि सिपालु थिए । तिनै वाल्यकालका दिन सम्झदा धुरु धुरु रुन मन लाग्छ ।

७) त्यसो भउ केहि गित सुनाई दिनु हुन्छ कि ?

उतरः वावुसाहेव गाउन स्वर रोक्की सकेको छ तै पनि एउटा गित भन्छु लेख्नु होस ।

क) कतुवा कात्याको धागो फिरकाको फिरकाई छ ।
धेइ कठै हजारी फूल म तेरो सोराई छ ।

ख)    गेडो राम्रो दाणिमको वाद राम्रो चिउराको ।
 मरयो मानिस गयो जीवन काँहोला पुरयाको ॥

८) आमा त्यसो भए तपाईको गुनासो मेरो साथमा केहि छ कि त ,

उतरः तिम्रो पढाई राम्रो वनौस वुढेस कालमा आएर धेरै कुरा सोधनी गर्नु भयो वावुसाहेव तमरो जय होस ।

राजनीतिशास्त्रको विद्यार्थीको हैसियतले कष्टप्रद्ध दौडनमा शीघपत्र को खपलाई तैयार पार्न बझाङ्ग जिल्लाको काँडा गा.वि.स. वाट ५ दिनको पैदल यातामा जुटे । संविधान सभाको चुनाव अगाडी र पछाडि पनि म पटक पटक दुःख पूर्ण अवस्था विताउन प्रयत्नशिल थिए अर्को तर्फ काम गरी रहेको श्री दुर्गा भवानी उच्च मा.वि.मा पनि माओवादी र एमाले विनाकारण जुलुस प्रदर्शन गर्न सफल हुनु र जिल्ला शिक्षा अधिकारीको राजनीतिको कारण श्री महादेव उच्च मा.वि. स्माडीमा सरुवा गर्दा जुन विषय वस्तु जुन अकारमा प्रष्ट पार्नु पर्ने हो त्यसमा केहि कम्जोरीपनि रहन सक्छन् । तैपनि अनुयायी वर्गको लागि समाजको दर्पण वुझ्न अति आवश्यक हुन्छ । एकले अर्कोको सिको गरेर कुनै पनि विषयको वस्तुको विश्लेषणमा पुग्नु राम्रो होइन आफैमा त्यस्ता नयाँ विषय वस्तुको सृर्जना र लोप भएका कुराको अवलोकन गर्नु पर्छ । राजनीति शास्त्रका विद्यार्थीका लागि शोधपत्रको चयन छनौछ आर्दश नयाँ मार्गको चुनौती पनि हो । जुन तार्कि, सजिपता, र अमूल्य सम्पादनको विषय वनेको हुनु पर्छ भन्ने हो हुन त देशको कहाली लाग्दो वातावरण रहदा रहदै यसै समयमा शेधपत्र तैयारीमा आरोहो अवरोह दोहोरीदै दोहोरीएन भन्ने सवाल त पक्कै पनि रहेन काँडा ग.वि.स. को हिडाई भोक र तिर्खाका वावजुद सम्झना आन्थ्यो शोत्रपत्र लेख्नु भन्दा परिक्षा दिनु नै उपयुक्त थियो किन यस असहज वातावरण तर्फ अभिप्रेरित तर्फ जुटे हुला जस्तो लाग्दथ्यो तैपनि आफै लेखको प्रयोजनको सवालमा आफै जुटन सके पुनः नयाँ अवसर ४५ औ वसन्तमा फडको मार्न सक्षमताको लागि अगाडी बढ्ने कोसिस गर्नुले सफल प्रतिकको रुपमा लिन सकिने र अन्य सामाजिक संञ्चालनका विषयमा पनि कलमा चलाउने जर्मको गरेकोले शेत्रपत्र प्रतिको आफ्नो दायित्व वोध सम्झना गर्ने गरेको हु ।

श्रदय गुरु वर्गको पटक पटकको सहयोग असजिला पाटालाई सहज किसमले पछयाउन र कमि कम्जोरीको अवस्थालाई सुधार गर्दै काडाँ गा.वि.स.को परिचयको परिवेश लाई अनवरत तवरले कलमको अन्त तर्फ जान नचाहादा नचाहादै अन्त गर्छु ।

# परिच्छेद - ५

## निष्कर्ष र सुझाव

### ५.१ निष्कर्ष

नेपालमा वसोवास गर्ने आदिवासीहरु मध्ये मगर एक प्रमुख समुदाय हो । यस समुदायिको उत्पत्ति विकास तथा नामाकरण संम्वन्धमा विद्घानहरुका विचमा पत मतान्तर पाइन्छ । तथापी मगरहरु सर्वप्रथम चीनको "सीम" भन्ने ठाउँमा देखा परे त्यसपछि यिनीहरु त्यस ठाउँवाट सिङ । चित मगरको नेतृत्व नेपालमा प्रवेश गरे । तिनीहरुलाई ताङसाङ थापा भन्ने गरिन्थ्यो । ताङसाङको अर्थ "उत्तर र मा हुन्छ अर्थात उतरवाट आएको मानिसलाई ताङसाङ भनिन्छ ।

अर्को अर्थमा मगर भारतको चितौलिगडवाट आएका हुन चितौरग्राडमा ऋषिराम रानाको लामो समय राज्य शासनको प्रभाव नेपालको पाल्पा भिरकोटमा आइवसेका हुन भनिन्छ ।

शाह वंशिय राजाहरुको राष्ट देवता स्याङजा लाङथा गाँउको तामामत्रमा भू.पू. पुजारीको भनाई अनुसार सिमौगड हुदै पश्चिम रिडीकोटवाट आएको भन्ने वुझिन्छ ।

विभिन्न समयमा विभिभिन्न वस्तीमा वसेका मगर जाति र मगर वंशिय कृतिहरुवाट विभिन्न अवस्थालाई अनुसरण गरेर मगर जातिको विशलेषण गरेको पाइन्छ । तर काँडा गा.वि.स. का रोकाय, जातिको जातिय पहिचानलाई वुझ्ने जर्मको गर्दा मगर जातिकै वंशज हुन यीनीहरुको पूर्खा पनि गोरखा जिल्लावाट तिव्वत हुदै काडाँ गा.वि.स. को धुलीमा आई वसमोवास गरेको स्थानिय जनस्रोत र रोकाय जातिको पुर्खाको वंशावली क्रम अनुसार वुझ्न सकिन्छ । विभिन्न जात जातिमा आफ्नै किसमका जातिय अस्तीत्वका सवाल पनि छन् जसको विस्तार विभिन्न परिस्थितीमा फेरवदल भएको देखिन भगएको छ भने कतिपय जातिको आफ्नै इतिहास छ जसको जातिय अस्तीत्वको उत्खलन गर्ने पहुच पुग्दैन । पराना दिस्का समथर हुदै सतहमा परिवर्तन हुने सवालको जनकारी पाउन पनि गाहो पर्दछ । काँडा गा.वि.स. का रोकाया जातिको जातिय स्रोतले पनि समाजमा चिसो वातावरण सृर्जना गराएको पाउन सकिन्छ । राष्ट्रले नयाँ युगको पंक्तीमा प्रस्तुत हुने समय जंगलको वसोवास गर्ने राउटे जातिको पनि खोजको विषय वन्न गएको देखिन्छ तर काडाँ गा.वि.स. का मगर जातिका सन्तती जसले राष्ट्रको निम्ती युद्धकालिन समयमा आफ्नो वहादुरपनलाई हद्रयगम गरेर गम्भीर अवस्थामा वीरता जनाए । मातृभुमी प्राण भन्दा प्यारो ठानेर विरोधपूर्ण सहासका खम्वा पतन गराउन सफल वने आज तिनकै यस युगमा युग कालिन निति पतन मार्गमा गास, वास र कपासवाट पनि पछि धकेलिदै जानु भनेको ज्युदा सहिदको रगतको यस धर्तीलाई तिरस्कार गर्ने पक्षमा पक्कै सजिवता अप्रत्यक्ष तवरले दिदै छ ।

विभिन्न जात जातिका दुक्रियको राज्य २२/२४ को शासन साम्रज्यवाद र विस्तारवादको निरन्तार नीति अर्को तर्फ साम्यवादी विचारको शुभचिन्तक चीन जस्ता प्रवल राज्य शक्तिवाट सिङ्गो नेपाल राज्यको चारजात छतिस वर्णको फूलवारी लाई स्थापित शाहवंशीय राजाको राज्य समाप्तीको श्रगारमा उभिएको नेपाली जनसमुदाय ऐतिहासीक जनजातिको विषयमा अनुसन्धनाको विषयलाई बुझ्रेर नेपाली समाजको चित्रण गर्नु त कता हो कता हत्या हिसामा उन्मुक्त छ। राजनैतिक विशलेषकहरुले राम्रो साथमा माथि उठ्नु सकेन भने जुन धरातलमा काँडा गा.वि.स. का रोकाया जाति देखा परेको छ त्यो भन्दा पनि टुक्रियको प्राचिन नेपाल संघिय लोकतान्त्रीक गणराज्यवाट झन्नै निम्न स्तरमा राजनैतिक सहभागिताले खसकनु पर्ने वातावरण ताजानै देखिन सकिन्छ भन्नेमा कुनै फरक नपर्ला।

राजनीतिक सहभागिताका आफ्नै मूल्य र मान्यता छन्। जंगली समुदायिवाट मानव समुदायमा प्रवेश गरेको समुदायि चेतनाको विकासवाट नै बैज्ञानीक युग सम्म पुग्न सफल वनको छ। आफ्ना निनु दिन आवश्यकिय आवश्यकताको प्रतिफलको अपज मान्नुपर्छ। काडाँ गा.वि.स.का रोकाया जातिको जातिय अर्थ वोहरको कुञ्जुस्याईले मात्र हैनकि नेपालको राजनैतिक प्रणाली अनुरुप "राजनीतिक सहभागिता भनेको सरकारको निति निर्माण प्रक्रियामा भाग लिन सहभागि हुनालाई नै राजनीतिक सहभागिता भनिन्छ भने सरकारको नीति निमार्ण प्रक्रियामा निर्णायक भूमिका खेल्नामा राजनीतिक प्रतिनिधित्व भनिन्छ। सहभागिता सुविधाको कुरा हो भने प्रतिनिधित्व भनिन्छ। सहभागिता सुविधाको कुरा हो भने प्रतिनिधित्व अधिकारको कुरा हो यहाँका रोकाय जातिको सहभागिता होइन कि प्रतिनिधित्व कायम हुनु पर्छ भन्ने हो।

२०४६ सालको जन आन्दोलनवाट आएको परिवर्तनले रोकाया जातिमा मतदान गर्न र स्थानिय निवार्चनमा उम्मेदवारी जुनसुकै पार्टीवाट दिएहोलान र दिएका पनि छन् तर त्यो राजनैतिक सहभागिताको स्पष्टता भिन्न छ भनेर ठोकुवाको साथमा भन्न सकिने अवस्था नै छैन विहान वेलुका हातमुख जार्न छौ धोको अवस्थामा आकुल व्याकुलको समय गुर्जान वाध्य छन् रोकाय जाति नेपाली हुन नेपाली नागरिकतो संकेत पनि छैन शैक्षिक साजिक, आर्थिक अवस्थावाट विचलित छन्। नेपाली हुन नेपाली भाषा छैन विकासका स्रोत साधनवाट वन्चीत छन् वहु संख्याक पिछडिएका समुदाय मध्ये रोकाया जाति नै एक हुन भन्नामा फरक नपर्ला। देशमा दिनानु दिन नयाँ नारा वोकेका "बोके दाडी" गुञ्जायमान नारा दिदैछन् नयाँ जनादेशको शंक ध्वनी फुकि रहेका छन्। नेपाली वन्धु नेपाल भित्रै कुवाका भ्यागुता वनी सकेका छन्। गरिवीले जडा गाडी सकेको छ तराईवाट मानिस पहाड पर्वत गुम्वा वनार्य जीवन धार्न वाध्य छन् सरकार मौन छ जसको अगुवाई गर्न सकिरहेको छैन। नारा र कागजका पनामा वनेका कानुनका अक्षर अक्षरमा नै सिमित रहने छन्। जस सम्म रोकाया जाति जस्तै पिछडिएको समुदायको अध्यान हुन सक्दैन तव सम्म राष्ट्रको प्रतिफल दिन प्रतिदिन खस्कदै जाने छ भने राजनैतिक सहभागिता वढाउने जुन चेष्टा सरकारको रहेको छ त्यो

महान सपना सपनामा नै सिमित रहने त्यति मात्र हैन देशको साँस्कृतिक पनि दिन प्रतिदिन पतन हुदै जाने छ ।

अन्तमा राजनीतिक सहभागिताको पक्षमा राजनैतिक शास्त्रमा अध्यायनरत विद्यार्थीको पनि चुनौति पूर्ण चौतारी देखा पर्ने छ । राष्ट्रले भित्र शक्ति देशको सामुमा शिर झुकाउन वाध्य हुने छ सरगमाथाको नवीन नेपाल आफ्नो अस्तीत्व र गौरवलाई पछटाउनु पर्ने छ ।

## ५.२ सुझाव

१. राजनितिक सहभागिता वढाउन रोकाया जातिको वसोवास स्थान काडा गा.वि.स. शैक्षिक अवस्था दयानिय देखिन्छ । जातिको रुपमा पछि परेको पाइन्छ, पातलो रुपमा फैलिएको रहेको वस्तीको माझमा कक्षा (१-३) सम्मको पठन पाठन गराउने प्राथमिक विद्यालयको संख्या एक मात्र रहेको र ६, ७, र ८ (तिन) वर्डामा प्राथमिक कक्षा सम्मको शिक्षावाट पनि सरकारले निशुल्क घोषणा गरे पनि विद्यावारिधी प्राप्त गर्नु सरह वनेको छ । यसरी रोकाया जातिको र त्यहाँका स्थानिय अन्य जातिका मानिसको लागि पनि निशुल्क शिक्षा मात्र लागुगरेर हुदैन प्राथमिक कक्षा देखि माध्यामिक तह सम्मको शिक्षामा अनिवार्य र कुनै संघ संस्थाद्वारा परियोजना नै छुट्टै किसमको लागु गर्न सकेमा अवको आउदो १० वर्ष पछि मात्र S.L.C. पास गर्नेको संख्या १०/१५ हुन सक्छ । हिमाली भेगको रेखाङ्कनमा परेको क्षेत्र भएकोले वेग्लै स्थानिय भाषाको नै प्राथमिक स्तरको शिक्षा दिइनु पर्छ ।

२. रोकाया जातिको आर्थिक स्थितीको जगलाई वलियो पार्न नेपालको संविधानमा नै वन्य जन्तु, जडिवुट्टी, वाखापालन भेडा पालन चीनमा पढाइने सामाग्री जस्ताको आरक्ष र भन्सारको व्यवस्था गर्न लगाईं काँडा गा.वि.स. का रोकाया जातिलाई मात्र हैन सम्पूर्ण समुदायिमा नै सुधार आउने र आर्थिक पक्षवाट राजनैतिक सहभागिता वढ्ने देखिन्छ ।

३. राजनैतिक पार्टीका घोषणा पत्रको स्वतः उलङघन हुने काम पार्टीले आफ्नै गर्ने गरेकाले घोषणा पत्र अनुसार राज्यको कुनै पनि पक्षलाई समानता तवरले हेर्नु पर्ने देखिन्छ उक्त प्रक्रिया अवलम्वन गर्न सकेमा रोकाया जातिको राजनैतिक सहभागितामा परिवर्तन आउन सक्छ ।

४. स्थानिय तथा राष्ट्रिय निर्वाचनको धाधली पूर्ण वदनियता लाई रोक्न सकेमा राजनीतिक सहभागितामा पक्कै राम्रो परिवर्तन हुन सक्छ ।

५. नीति निर्माणमा पुग्न नसकेपनि नीति निमार्ण तर्जुमा समितिवाट अनुगमन गरी सुरक्षित कोटा उपलब्ध गराउन सकेमा राजनीतिक सहभागिता र समुदायिमा नयाँ जन चेतनाको प्रभाव पर्ने थियो ।

६. रोकाया जातिको समस्यालाई समस्याकै रुपमा न राखी दुर्गम भेगको दुर्गम स्थानिय समिति गठन गरी कार्य संचालन गर्न सकेमा राजनैतिक सहभागितामा टेवा पुग्न सक्छ ।

७. राजनैतिक सहभागिता भनेको मुल आधार हो त्यसैले रोकाया जातिमा देखा परेका समस्यालाई रोजगार युक्त पार्न एस.एल.सी. पास नगरको एक जना नभए पनि जसले जुन किसमको कार्य संचालनको सिप मुलक शिक्षा प्रदान गरी रोजगारी पनि असैलाई दिएमा राजनैतिक सहभागिता मा राजनैतिक शैक्षक वढ्न सक्ने देखिन्छ ।

८. रोकाया जातिको मनो वैज्ञानिकतालाई माथि उठाउन सिमिनार, गोष्ठी, सभा, सम्मेलनमा वढी उपस्थित गराई प्ररस्कृत गर्न सके राजनैतिक सहभागिताको क्षेमतामा क्रमवद्ध विकास हुन सक्छ ।

९. यस क्षेत्रमा स्थापित सम्पूर्ण समुदायको सभा कार्यक्रममा खुला किसमले चेतना अभिवृद्धि गरी गतिशिल वनाउन सकेको खण्डमा राजनैतिक क्षेत्र सहभागिताको ढोका खुला हुन सक्छ ।

१०. विकास निर्माण कार्यमा सहभागि बनाएर आफ्नो काम हो भन्ने कुराको वोध गाराई क्रियाशिल गराउन सकेमा सहभागितामा बृद्धि हुन्छ ।

११. यी समदायमा विकास गराउनको लागि “नागरीक जनचेतना” सम्वन्धी तालिम दिलार्य विद्यालयमा पठन पाठन गराउने अभिभावक त्यस क्षेत्रमा कार्यरत शिक्षकलाई उचित किसमको तलव भता वाह्यक गास, वास, कपास ओषधी उपचार र पदोउन्नतीको व्यवस्था गरिनुपर्छ ।

# सन्दर्भ ग्रन्थ सूची


1. भरत राज उप्रेती कनक विक्रम थापा नेपाल सैवधानिक कानुन अनुसन्धान तथा विकास फोरम फिडिल काठमाण्डौं रामहाह पथ वि.स. २०४९ पृष्ठ ३१
2. विष्ट डोर वहादुर सर्वजातका फुलवारी
3. वि.के. रानामगर गोरखा मागरहरु विगत देखि वर्तमान सम्मको ऐतिहासिक पृष्ठमूमी एक विश्लेषक काठमाण्डौं ।
4. ऐ.ऐ. सवैजातको फूलवारी विष्ट डोरवहादुर
5. B.H. Hodron Earrvs on Language Listerature and Religion at Nepal of Tibet 2nd Part li Banatra si inadia 1971 P. 146
6. वि.के रानामगर विगत देखि वर्तमान सम्मको ऐतिहाँसीक पृष्ठभूमिमा एक विशलेषण २०५४ पृ.२०-७०
7. बभाङ्ग जिल्लाको निर्वाचन २०६४ को मतदातानामावली अनुसार
8. चामजङ्ग इमानसिङ्ग History and cultare of kirat people 3rd part Kathmandu perspective Sagar 1967 P.70
9. Doglas VV An Analvsis of political system London Rutldge and cagein poul 1951 P.10
10. जिल्ला शिक्षा कार्यालयको अभिलेख अनुसार
11. ECS Wade and AW Brody Constitutional Vow London 1965 P.60
12. निर्वाचन आयोग कान्तीपथ काठमाण्डौं स्थानिय निकाय निर्वाचन २०४९ र २०५४ को काँडा गा.वि.स.को परिणाम
13. Gorial Alomonal and G.B. Pawal. Comparatives politics A development approach New Delhi oxford and I.B.H publication company 1996 P. 314
14. G.B Adoms Constitutional History of England London 1835 P. 137-139
15. हर्वट मेकवलोस्की पोटिटिक्स पार्टी सिपेन्ट इन्टसेशनल इरनसाईक्लोपोडिया अप सोसल साइन्स म्याफमिलन १९६८ पृ. २५३-२६४
16. मानवतावादी राजा सिंह जयपृथ्वी वहादुर को बभाङ्गको चिनारी
17. भा ताराकान्त आधुनिक राजनैतिक विवेचना जलेश्वर जनकपुर अञ्चल शिक्ष सामिती २०६३ पृ.४१
18. Lucian pai of political development new Delhi Amorist Publication 1972 P. 39
19. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान नेपाल वृहत शव्द कोष कमलादी काठमाण्डौं २०४० पृ.१३२४
20. नेपाली (शर्मा) मोदनी प्रसाद आधुनिक विश्वको ऐतिहासिक द्रोस्रो संस्करण जानुका पुस्तक भण्डार विराटनगर नेपाल वि.स. २०४७ पृ. ५४
21. पौडयाल सुर्यकान्त आधुनिक राजनितिक विश्लेषण काठमाण्डौं पव्लिकेसन १९८० पृष्ठ २२१
22. पूर्ववत पृ. ३९
23. Philoshoper Aristotle on the constitutional of Althorns Appendix Worker the potical of theoretical oxford University 1948 P.378-383
24. पौडेल सूर्यकान्त आधुनिक राजनितिक विशलेषण काठमाण्डौं पव्लिकेसन १९८० पृ.१२६

25. पौडेल सूर्यकान्त पूर्ववत १२६-१२७
26. पौडेल सूर्यकान्त आधुनिक राजनितिक विश्लेषण काठमाण्डौं पव्लिकेशन १९८० पृ. १२७-१२८
27. पौडेल सूर्यकान्त ऐ.ऐ.
28. राय हरिद्वारा र सिंह भोला प्रसादा आधुनिक राजनैतिक विशलेषण पटना भरति भवन १९४७ पृष्ट २२१-२३२
29. Richard A Watson Promise and performance of American Democracy New York 1978 p159
30. Robert A Dahal Modern Political Anamneses New Delhi 1978 P. 101
31. राए हरिद्वारा एव सिंह भोलाप्रसाद आधुनिक राजनीतिक विश्लेषण घटना भारती भवन १९४७ पृ. २४९-२५०
32. Robert A Dahal Modrn Potilical Analivsis New Delhi 1972 P. 79
33. रोकाया जातिको वंशावली अनुसार
34. रोकाया जातिको आफ्नो जेष्ठ घरमा राखिएको तामापत्रमा लेखिएको पुर्खाको नामावली वाट
35. S.E. Piner comparative Golarrnment (Penguine Books 1970 P.41
36. सि.पि. गेना तुलनात्मक राजनिति एक दिल्ली विकास पव्लिकेसन हावस प्रा.लि. १९९३ पृष्ठ ४२१
37. श्रीस धर्मप्रसाद मगरराती संस्कृतिक विराटनगर श्री मति दुर्गा देवी श्रीस २०३८ पृ ७
38. श्रीमति रोकाया कन्थु र रोकाया अशभान
39. टि.वि. वटोमोरे इलाइट एण्ड सोसाइटी पोलिफन वुक पृ.९

# परिशिष्ट (क)
# प्रश्नावली

१. तपाईको नाम ठेगाना

२. तपाईको राजनितिक सहभागिता भनेको के बुझ्नु हुन्छ ?
(क) राजनिति सभामा भाग लिने (ख) पार्टीको सक्रिय सदस्य बन्ने
(ग) राजनीतिक कुरा गर्ने (घ) थाहा छैन (ङ) माथिका सबै

३. तपाई आम सभा बैठक, गोष्ठीमा भाग लिन हुन्छ ?
(क) धेरै जसो भाग लिन्छु (ख) कहिले काही भाग लिन्छु
(ग) कहिले पनि लिदैन (घ) कामको फुर्सदले लिदैन
(ङ) थाहा छैन ।

४. तपाई आफुले आफ्नो पार्टीको उम्मेदवार जिताउन प्रचार प्रसार गर्नु हुन्छ ?
(क) चुनाव भरि गर्छु (ख) गर्दैन
(ग) झै झगडा हुन्छ भनेर जाँदैन (घ) थाहा छैन ।
(ङ) कहिले काँही गर्छु (च) कामको फुर्सद नभएर गर्दैन ।

५. तपाईले प्रजातन्त्र आए पछि कति पटक मतदान गर्नु भयो ?
(क) एक पटक (ख) दुई पटक (ग) तीन पटक
(घ) चार पटक (ङ) जान्दैन

६. तपाई राजनितिमा किन भाग लिनु हुन्छ ?
(क) समाजमा सेवागर्न (ख) शक्ति प्रदान गर्न
(ग) शक्ति र पैसा कमाउन (घ) पैसा कमाउन

७. गा. वि. स. नेता चुन्दा के आधारमा चुन्नु हुन्छ ?
(क) पार्टीको आधारमा (ख) जातिको आधारमा
(ग) नाताको आधारमा

८. तपाईको गा.वि.स. को चुनावमा धाँधली हुन्छ ?
(क) हुदैन (ख) हुन्छ
(ग) थाहा छैन (घ) अलि अलि हुन्छ

९. तपाई नेता संग भेट घाट गर्नु हुन्छ ?
(क) धेरै जसो भेट्ने गर्छु (ख) काम परेमा मात्र भेट्छु
(ग) भेट्दैन (घ) कहिले काँही भेट्छु

१०. तपाईको गाँउलेहरु मिलेर विकासको निम्ति गाँउ विकासमा जानु हुन्छ ?
(क) धेरै जान्छौं (ख) जादैनौं
(ग) कहिले काँही जान्छौं (घ) थाहा छैन

११. तपाईहरु राजनितिक कुरा घरमा गर्नु हुन्छ ?

(क) गर्छौं (ख) गर्दैनौ

(ग) कहिले काँही गर्छु (घं) थाहा छैन

१२. तपाईहरु भोटहाल्न सल्लाह गर्नु हुन्छ ?

(क) गर्छौं (ख) गर्दनौ

(ग) कहिले काँही गर्छु (घ) थाहा छैन

१३. तपाई कुन पार्टीलाई मन पराउनु हुन्छ ?

(क) नेपाली काग्रेस (ख) ने.क.पा. एमाले

(ग) माओवादी (घ) राष्ट्रिय प्रंजातन्त्र

(ङ) तराई मधेश लोकतान्त्रीक पार्टी (चं) कुनै पनि मन पराउदैन ।

१४. तपाई पार्टीको आमसभामा भाषण गर्नु हुन्छ ?

(क) धेरै जसो गर्छौं (ख) गर्दैनौ

(ग) कहिले काँही गर्छु (घ) थाहा छैन

१५. तपाई पार्टीको काम कति गर्नु हुन्छ ?

(क) गर्दैनौ (ख) अलिकति गर्छु

(ग) गर्छु (घ) फुर्सद भएको समयमा मात्र गर्छु

# परिशिष्ट (ख)

## तालिकाहरु

१. तपाई राजनितिक सहभागिता भन्नाले के बुझ्नु हुन्छ ?

| क.स. | उत्तर | संख्या | प्रतिशत |
|---|---|---|---|
| क. | राजनिति सभामा भाग लिने | २० | २० |
| ख. | पर्टीको सक्रिय सदस्य बन्ने | २४ | २४ |
| ग | राजनितिक कुरा गर्ने | १८ | १८ |
| घ | थाहा छैन | २३ | २३ |
| ङ | मथिका सबै | १५ | १५ |
| जम्मा | | १०० | १०० |

२. तपाई आम सभा, बैठक, गोष्ठिमा भाग लिनु हुन्छ ?

| क.स. | उत्तर | संख्या | प्रतिशत |
|---|---|---|---|
| क. | धरै जसो भाग लिन्छु | १८ | १८ |
| ख. | कहिले काँही भाग लिन्छु | ३० | ३० |
| ग | कहिले पनि लिदैन | १४ | १४ |
| घ | कामको फुर्सदले लिदैन | १० | १० |
| ङ | थाहा छैन | २८ | २८ |
| जम्मा | | १०० | १०० |

३. तपाईले आफ्नो पार्टीको उम्मेदवार मिलाउन प्रचार प्रसार गर्नु भएको छ ?

| क.स. | उत्तर | संख्या | प्रतिशत |
|---|---|---|---|
| क. | चुनाव भरि गर्छु | ५ | ५ |
| ख. | गर्दैन | ३५ | ३५ |
| ग | झै झगडा हुन्छ भनेर जाँदैन | १० | १० |
| घ | थाहा छैन | २० | २० |
| ङ | कहिले काँही गर्छु | २० | २० |
| च | कामको फुर्सद नभएर गर्दैन | १० | १० |
| जम्मा | | १०० | १०० |

४. तपाईले प्रजातन्त्र आए पछि कति पटक मतदान गर्नु भयो ?

| क.स. | उत्तर | संख्या | प्रतिशत |
|---|---|---|---|
| क. | एक पटक | ३० | ३० |
| ख. | दुई पटक | २२ | २२ |
| ग | तीन पटक | १५ | १५ |
| घ | चर पटक | १७ | १७ |
| ङ | जाँदैन | १६ | १६ |
| जम्मा | | १०० | १०० |

५. तपाई राजनीतमा किन भाग लिनु हुन्छ ?

| क.स. | उत्तर | संख्या | प्रतिशत |
|---|---|---|---|
| क. | समाजको सेवा गर्न | ४५ | ४५ |
| ख. | शक्ति प्रदान गर्न | ८ | ८ |
| ग | शक्ति र पैसा कमाउन | ५ | ५ |
| घ | पैसा कमाउन | १८ | १८ |
| ङ | थाह छैन | २४ | २४ |
| **जम्मा** | | १०० | १०० |

६. गा.वि.स. का नेता चुन्दा के आधारमा चुन्नु हुन्छ ?

| क.स. | उत्तर | संख्या | प्रतिशत |
|---|---|---|---|
| क. | पार्टीको आधारमा | ३० | ३० |
| ख. | जातिको आधारमा | ७ | ७ |
| ग | नाताको आधारमा | ११ | ११ |
| घ | गाउँको आधारमा | १५ | १५ |
| ङ | गाउँका मुख्य मानिसका भनाईको आधारमा | १० | १० |
| च | बुद्धिजिविको आधारमा | १५ | १५ |
| छ | थाहा छैन | २२ | २२ |
| **जम्मा** | | १०० | १०० |

७. तपाईको गा.वि.स. मा चुनावमा धादलि हुन्छ ?

| क.स. | उत्तर | संख्या | प्रतिशत |
|---|---|---|---|
| क. | हुन्छ | २७ | २७ |
| ख. | हुदैन | १८ | १८ |
| ग | अलि अलि हुन्छ | २० | २० |
| घ | थाहा छैन | ३५ | ३५ |
| **जम्मा** | | १०० | १०० |

८. तपाई नेतासंग भेटघाट गर्नु हुन्छ ?

| क.स. | उत्तर | संख्या | प्रतिशत |
|---|---|---|---|
| क. | धेरै जसो भेट गर्ने गर्छौं | १५ | १५ |
| ख. | काम परेमात्र भेट गर्छौं | ४० | ४० |
| ग | भेटिदैन | २० | २० |
| घ | कहिले काहि भेटछु | २५ | २५ |
| **जम्मा** | | १०० | १०० |

९. तपाई राजनिति कुरा धर्म गर्नु हुन्छ ?

| क.स. | उत्तर | संख्या | प्रतिशत |
|---|---|---|---|
| क. | गर्छौ | १५ | १५ |
| ख. | गर्दनौं | २५ | २५ |
| ग | कहिले काहि गर्छौ | ३५ | ३५ |
| घ | थाहा छैन | २५ | २५ |
| जम्मा | | १०० | १०० |

१०. तपाई भोट हाल्न सल्लाहा गर्नु हुन्छ ?

| क.स. | उत्तर | संख्या | प्रतिशत |
|---|---|---|---|
| क. | गर्दैन | १२ | १२ |
| ख. | गर्छौं | १८ | १८ |
| ग | थाहा छैन | १० | १० |
| घ | कुनै वेला मात्र गर्छौं | ५० | ५० |
| जम्मा | | १०० | १०० |

११. तपाई कुन पार्टिलाई मन पराउनु हुन्छ ?

| क.स. | उत्तर | संख्या | प्रतिशत |
|---|---|---|---|
| क. | नेपाली काग्रेस | ४० | ४० |
| ख. | नेकपा एमाले | ३० | ३० |
| ग | माओवादी | १० | १० |
| घ | राष्ट्रिय प्रजातन्त्र पाटि | १५ | १५ |
| ङ | कुनै पनि मन पराउदैन | ५ | ५ |
| जम्मा | | १०० | १०० |

१२. तपाई पार्टिको आम शभामा भाषण गर्नु हुन्छ ?

| क.स. | उत्तर | संख्या | प्रतिशत |
|---|---|---|---|
| क. | धेरै जसो गर्छु | १० | १० |
| ख. | कहिले काहि गर्छु | २० | २० |
| ग | गर्दैन | ४० | ४० |
| घ | थाहा छैन | ३० | ३० |
| जम्मा | | १०० | १०० |

१३  तपाई पाटिमा कति काम गर्नु हुन्छ ?

| क.स. | उत्तर | संख्या | प्रतिशत |
|---|---|---|---|
| क. | गर्दैन | १० | १० |
| ख. | अलिकति गर्छु | १५ | १५ |
| ग | गर्छु | ३५ | ३५ |
| घ | फुर्सद भएको समयमा गर्छु | ४० | ४० |
| जम्मा | | १०० | १०० |

१४. तपाईको गाँउलेहरु मिलेर गाँउ विकासको लागि जानु हुन्छ ?

| क.स. | उत्तर | संख्या | प्रतिशत |
|---|---|---|---|
| क. | धेरै जान्छु | २० | २० |
| ख. | जादैनौं | १५ | १५ |
| ग | कहिले काहि जान्छु | ३५ | ३५ |
| घ | थाहा छैन | ३० | ३० |
| जम्मा | | १०० | १०० |

१५. पन्चायतकालको राजनिति र अहिलेको राजनितिमा के फरक पाउनु हुन्छ ?

| क.स. | उत्तर | संख्या | प्रतिशत |
|---|---|---|---|
| क. | केहि फरक छैन | ५० | ५० |
| ख. | अलिकति फरक छ | २० | २० |
| ग | धेरै फरक छ | १० | १० |
| घ | थाहा छैन | २० | २० |
| जम्मा | | १०० | १०० |

# परिशिष्ट (ग)

काँडा गा.वि.स. अन्तरगत २०४९ सालको स्थानिय निर्वाचन निर्वाचित
पदाधिकारीको नामावली

| क्र.सं. | नम | पद | वर्ड नं. |
|---|---|---|---|
| १. | गोपाल वोहरा | अध्यक्ष | - |
| २. | रन वोहरा | उपाध्यक्ष | - |
| ३ | मंगल धामी | सदस्य | १ |
| ४ | रंगवहादुर वोहरा | सदस्य | २ |
| ५ | प्यारु कामी | सदस्य | ३ |
| ६ | मातविर कामी | सदस्य | ४ |
| ७ | बज्वीर वोहरा | सदस्य | ५ |
| ८ | चन्द्रमल रोकाया | सदस्य | ६ |
| ९ | चन्द्रमान रोकाया | सदस्य | ७ |
| १० | वृजीत वोहरा | सदस्य | ८ |
| ११ | असमान रोकाया | सदस्य | ९ |

निर्वाचन आयोग कान्तीपथ काठमाण्डौं स्थानिय निकाय २०४९ को परिणम वझाङ्ग जिल्ला काँडा गा.वि.स.

# परिशिष्ट (घ)

काँडा गा.वि.स. अन्तरगत २०५४ सालको स्थानिय निर्वाचन निर्वाचित पदाधिकारीको नामावली

| क्र.सं. | पद | राजनैतिक निर्वाचित | वर्ड नं. |
|---|---|---|---|
| १. | अध्यक्ष | ने.क.पा. एमाले | - |
| २. | उपाध्यक्ष | ने.क.पा. एमाले | - |
| ३ | वडा अध्यक्ष/सदस्य/म.स. | ४ ने.क.पा. एमाले १ ने.का. | १ |
| ४ | वडा अध्यक्ष/सदस्य/म.स. | ४ ने.क.पा. एमाले १ ने.का. | २ |
| ५ | वडा अध्यक्ष/सदस्य/म.स. | ४ ने.क.पा. एमाले १ ने.का. | ३ |
| ६ | वडा अध्यक्ष/सदस्य/म.स. | ५ ने. का. | ४ |
| ७ | वडा अध्यक्ष/सदस्य/म.स. | ५ ने. का. | ५ |
| ८ | वडा अध्यक्ष/सदस्य/म.स. | ४ ने. का. महिला सदस्य रिक्त | ६ |
| ९ | वडा अध्यक्ष/सदस्य/म.स. | ४ ने. का. महिला सदस्य रिक्त | ७ |
| १० | वडा अध्यक्ष/सदस्य/म.स. | ४ ने. का. महिला सदस्य रिक्त | ८ |
| ११ | वडा अध्यक्ष/सदस्य/म.स. | ४ ने. क. पा. एमाले महिला सदस्य रिक्त | ९ |

निर्वाचन आयोग कान्तीपथ काठमाण्डौं स्थानिय निकाय २०५४ को परिणम वझाङ्ग जिल्ला काँडा गा.वि.स.



काँडा गा.वि.स. को धुली वस्ती



माझ ताल



साईपाल